


# १० वर्षे सियारी शैक्षिक योजना

## (२०७८/७९-२०८७/८८)




## सियारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हर्नैया, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

# शैक्षिक योजना विकास गतिविधिका केही झलकहरू









# शैक्षिक योजना विकास गतिविधिका केही झलकहरू









# १० वर्षे सियारी शैक्षिक योजना

(२०७८/७९-२०८७/८८)

सियारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हर्नैया, रूपन्देही

लुम्बिनी प्रदेश, नेपाल

प्रकाशकः सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

इमेल : siyarimun@gmail.com,
siyari.shikshya@gmail.com

प्रकाशन वर्षः २०७८ पौष
सर्वाधिकारः सियारी गाउँपालिका

मुद्रण प्रतिः ५०० थान

सियारी गाउँपालिका
Siyari Rural Municipality
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office of Rural Municipal Executive**
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Ref No.:
च.नं./Dispatch No.:
मिति/Date:

## शुभकामना मन्तव्य

शिक्षा देश विकासको मूल आधार हो । शिक्षा विना ब्यक्ति, परिवार, समाज र राष्ट्रको सर्वाङ्गिण विकास सम्भव छैन । बालबालिकामा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्ने गराउने वातावरण घर परिवार र विद्यालयमा सृजना गर्न सक्नु हामी सबैको कर्तव्य हो । जीवन निर्वाह गर्न शिक्षाले सहयोग गर्न सक्नुपर्छ । आदर्श, नैतिकवान, चारित्रिक र सृजनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । यस १० वर्षे दीर्घकालिन शिक्षा योजनाको कार्यान्वयनवाट शैक्षिक समस्याहरुलाई समाधानमा कोसे ढुङ्गा हुने अपेक्षा छ । यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक तथा सूचना प्रविधिको पक्षमा पूर्णता, अभिभावकहरुमा उत्प्रेरणा तथा शिक्षकहरुको तालीमको व्यवस्थापन, शिक्षकहरुमा उत्प्रेरणा र आत्मवल विकास, शैक्षणिक सामग्री उपलब्धता, विद्यालय प्रशासन तथा ब्यवस्थापन सुधार, अभिभावक क्षमता विकास र समुदाय परिचालन जस्ता शैक्षिक क्षेत्रको विकासमा पनि सहयोग पुग्ने आशा लिएको छु ।

गुणस्तरिय शिक्षाका लागि सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा लिएर, उनीहरुलाई नियमित गराउँदै विद्यालय तहहरु पार गराउनु पर्ने चुनौती पनि हाम्रो सामु रहेको छ । यी चुनौतीहरुलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुर्‍याउने छ । शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरुलाई एकिकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु । योजनाको सफल कार्यान्वयनका लागि शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षाप्रेमी बुद्धिजिवी व्यक्तित्वहरु, समाजसेवीहरु, राजनैतिक दलका पदाधिकारीहरु, सामाजिक संघ संस्थाका पदाधिकारीहरु र शिक्षाका राष्ट्रसेवक कर्मचारीहरुको एकाकार अथक परिश्रम र लगनशिलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ । हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु ।

अन्तमा यस्तो दश वर्षे (२०७८/७९-२०८७/८८) दीर्घकालीन शिक्षा योजना तयार गर्नु आफैमा चुनौतिपूर्ण कार्य हो । स्रोत पहिचानको काम समेत चुनौतिपूर्ण रहेको छ । तथापि सरोकारवालाको अपनत्वको हुने किसिमबाट योजनाको विकास भएको हुँदा कार्यान्वयनमा सहजता हुने अपेक्षा गर्दछु । शिक्षा योजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

**अयोध्या थारु**
अध्यक्ष तथा
योजना विकास प्राविधिक समितिका संयोजक

२०७८ पौष

सियारी गाउँपालिका
Siyari Rural Municipality

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office of Rural Municipal Executive** लुम्बिनी प्रदेश, नेपाल

हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi

Lumbini Province, Nepal

प.सं./Ref No.:

च.नं./Dispatch No.:

मिति/Date:

## शुभकामना मन्तव्य

मानवीय सर्वाङ्गिण विकासका लागि शिक्षा अपरिहार्य हो । बालबालिकामा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्ने गराउने वातावरण घर, परिवार र विद्यालयमा सृजना गर्न सक्नु हामी सबैको कर्तव्य हो । जीवन निर्वाह गर्न शिक्षाले सहयोग गर्न सक्नुपर्छ, त्यसको निम्ति नैतिक शिक्षा, आदर्श, चारित्रिक र सृजनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । यस दश वर्षे दीर्घकालीन शिक्षा योजनाको कार्यान्वयनबाट शैक्षिक समस्याहरु समाधानमा कोसे ढुङ्गा हुने अपेक्षा गर्दछु । यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक तथा सूचना प्रविधिको पक्षमा पूर्णता, अभिभावकहरुमा उत्प्रेरणा तथा शिक्षकहरुको तालीमको व्यवस्थापन र कार्यान्वयन, शिक्षकहरुमा उत्प्रेरणा र आत्मवल विकास, शैक्षणिक सामग्रीको उपलब्धता, विद्यालय प्रशासन तथा व्यवस्थापन सुधार, अभिभावक क्षमता विकास र समुदाय परिचालन जस्ता शैक्षिक क्षेत्रको विकासमा पनि सहयोग पुग्ने आशा लिएको छु ।

गुणस्तरिय शिक्षाका लागि सबै बालबालिकाहरुलाई बिद्यालयको पहुँचमा लिएर, उनीहरुलाई नियमित गराउँदै बिद्यालय तहहरु पार गराउनुपर्ने चुनौती पनि हाम्रो सामु रहेको छ । यी चुनौतीहरुलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुऱ्याउने छ । योजनाको सफल कार्यान्वयनका लागि शिक्षक बर्ग, बिद्यालय ब्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षाप्रेमी बुद्धिजिवी ब्यक्तित्वहरु, समाजसेवीहरु, राजनैतिक दलका पदाधिकारीहरु, सामाजिक संघ संस्थाका पदाधिकारीहरु र शिक्षा एकाईका राष्ट्रसेवक कर्मचारीहरुको एकाकार अथक परिश्रम र लगनशिलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ । हाम्रो शैक्षिक बिकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक आर्थिक बिकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु ।

अन्तमा यस दश वर्षे (२०७८/७९ -२०८७/८८) दीर्घकालीन शिक्षा योजना निर्माणमा खटिनु हुने शिक्षा शाखा प्रमुख तथा प्राविधिक समितिका सबैमा आभार व्यक्त गर्दै १० वर्षे शिक्षा योजना पूर्ण सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

अमृता गुरुङ
उपाध्यक्ष

२०७८ पौष

सियारी गाउँपालिका
Siyari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Ref No.:
च.नं./Dispatch No.:
मिति/Date:

## शुभकामना

देश विकासको मूल आधार शिक्षा हो । आदर्श, नैतिकता, चारित्रिक र सृजनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । शिक्षाका नीति नियम, शैक्षिक क्रियाकलाप र मूल्याङ्कन प्रणाली, विद्यालय प्रशासन, अनुगमन तथा निरीक्षण जस्ता पक्षहरुले शिक्षण सिकाईमा ब्यापक प्रभाव पर्दछ । यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक तथा सूचना प्रविधिको पक्षमा पूर्णता, अभिभावकहरुमा सचेतना तथा शिक्षकहरुको लागि तालीम, उत्प्रेरणा र आत्मवल विकास, शैक्षणिक सामाग्रीको उपलब्धता, विद्यालय प्रशासन तथा व्यवस्थापनमा सुधार, अभिभावकहरुमा क्षमता विकास र समुदाय परिचालन जस्ता विविध क्षेत्रको समुचित परिचालन र विकासमा पनि सहयोग पुग्ने आशा लिएको छु ।

गुणस्तरिय शिक्षाका लागि सबै बालबालिकाहरुलाई विद्यालयको पहुँच, नियमितता, टिकाउ गराउँदै विद्यालय तहहरु पार गराउनु पर्ने चुनौतीहरु पनि हाम्रो सामु रहेको छ । यी चुनौतीहरुलाई चिर्नका लागि यो १० वर्षे सियारीको शैक्षिक योजना सफल हुनेछ । हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक, आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्ने नै छ ।

अन्तमा, दश वर्षे (२०७८/७९ -२०८७/८८) दीर्घकालीन शिक्षा योजना तयार गर्नु आफैमा गहन र कठिन कार्य हो । योजना निर्माणमा सरोकारवालाहरुको सहभागिता रहेकाले कार्यान्वयनमा सहजता हुने अपेक्षा गर्दछु । योजना निर्माणका लागि महत्वपूर्ण सल्लाह सुझाव दिन हुने सबै महानुभावहरुमा कृतज्ञता प्रकट गर्दछु । सियारीको १० वर्षे शिक्षा योजनाको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

मीनप्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

२०७८ पौष

सियारी गाउँपालिका
Siyari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Ref No.:
च.नं./Dispatch No.:
मिति/Date:

# कृतज्ञता ज्ञापन

शिक्षा देश विकास र समृद्धिको मूल आधार हो भने मानव जीवनको अपरिहार्य आवश्यकता हो । यसर्थ न्यूनतम आधारभूत तहको शिक्षा पाउनु मानव अधिकारको रुपमा लिइएको छ भने नेपालको संविधान २०७२ मा पनि मौलिक हकको रुपमा समावेश गरिएको छ । योजना निर्माण प्राविधिक समितिको अथक प्रयास स्वरुप नयाँ शिक्षा योजना यहाँहरु समक्ष प्रस्तुत गरेका छौं । योजना निर्माणको क्रममा प्राप्त अमूल्य सुझाव र सल्लाहलाई पनि योजनामा समेट्ने प्रयास गरिएको छ । यस १० वर्षे नयाँ शिक्षा योजनाले सियारी गाउँपालिका, लुम्बिनी प्रदेश र समग्रमा देश निर्माणको लागि आवश्यक मानव पूँजी निर्माणका लागि शसक्त भूमिका खेल्ने अपेक्षा गर्नुका साथै शिक्षालाई पूर्णरुपमा डिजिटलाइज गर्ने तर्फ योजनालाई केन्द्रित गर्ने प्रयास गरिएको छ । यो योजना हाम्रो अवस्था र आवश्यकताको विश्लेषण मात्र होइन, यसले हाम्रा नीति कार्यक्रम र लगानीले कसरी कुन मात्रामा अपेक्षित दिशामा र विन्दुमा पुग्न सहयोग गर्छन् भन्ने पनि प्रष्ट पार्ने हुनाले हाम्रो अवस्था र आकाङ्क्षालाई सम्बोधन गर्न र गुणस्तरिय शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चितता प्रदान गर्नका लागि हामीले निर्माण गरेको १० वर्षे नयाँ शिक्षा योजनाले शिक्षाका नीति निर्माता, शिक्षक, अभिभावक र सम्बद्ध सरोकारवालाहरुलाई उपयोगी हुने गरी शिक्षा सम्बद्ध सरोकारवालाहरुको सहभागिता र सहयोगमा यो शिक्षा योजनाको विकास गरिएको छ ।

यो १० वर्षे नयाँ शिक्षा योजनाको विकास गर्ने सन्दर्भमा योजना निर्माण प्राविधिक समितिमा रही सहकार्य गर्नुहुने योजना विकास प्राविधिक समितिका सदस्यहरु प्र.अ. श्री ऋषिराम घिमिरे, प्र.अ. श्री डिलाराम खनाल र प्र.अ. श्री सन्तोष कुमार राना प्रति आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी योजनाको पहिलो मस्यौदा अध्ययन गरि आफ्ना अमूल्य सुझावहरु सहित हामीलाई मार्गदर्शन गर्नुहुने श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव तथा शैक्षिक व्यक्तित्व डा. श्री मुकुन्दमणी खनालज्यू विशेष धन्यवादका पात्र हुनुहुन्छ । त्यसैगरी सियारी गाउँपालिकाले योजना विकास गर्न सक्छ भनेर हामीलाई जिम्मेवारी दिनु हुने, योजना विकासको लागि हौसला, सल्लाह, सुझाव दिनु हुने श्री शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेशका उपसचिव शैक्षिक व्यक्तित्व श्री थानेश्वर ज्ञवालीज्यू प्रति पनि आभारी छु । रुपन्देही जिल्ला इ.जि.आर.पी. जिल्ला संयोजक हरिशचन्द्र चौधरीलाई पनि योजना निर्माणमा सहयोगी भूमिका खेल्नु भएकोमा हार्दिक आभार प्रकट गर्दछु । यो योजना निर्माण गर्ने क्रममा अनौपचारीक शिक्षाका सन्दर्भमा आफ्ना सुझावहरु प्रदान गर्नुहुने गौतम बुद्ध सामुदायिक सिकाई केन्द्र, सियारी -२ का अध्यक्ष तथा शैक्षिक व्यक्तित्व श्री प्रेम नारायण चौधरी ज्यूप्रति पनि आभारी छु । त्यसैगरी सियारी गाउँपालिकाका सातै वडाका वडा अध्यक्ष ज्यू, उपसमितिका सदस्य-सचिव ज्यूहरु लगायत योजना निर्माण प्राविधिक उपसमितिका पदाधिकारीज्यूहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु । मलाई मेरो शाखामा रहेर हरपल हरदम सहयोग गर्नुहुने श्री शीला पन्थीज्यू प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यसैगरी दश वर्षे नयाँ शिक्षा योजना निर्माणका क्रममा हामीलाई प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने सियारी गाउँपालिकाका सम्पूर्ण प्र.अ. तथा शिक्षक वर्ग र अभिभावकहरु प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु र अन्तमा यस योजनाको सफल कार्यान्वयन गरी योजनाको दीर्घकालीन लक्ष्य पुरा गर्ने कार्यमा सबैको सहयोग र सहकार्यको अपेक्षा गरेको छु ।

धन्यवाद !

**सुधीर पौडेल**
शाखा अधिकृत, शिक्षा, युवा तथा खेलकूद शाखा
तथा
सदस्य-सचिव योजना विकास प्राविधिक समिति

२०७८ पौष

## सियारी गाउँपालिकामा शैक्षिक योजना विकास प्राविधिक समितिका पदाधिकारीहरु:

| | |
|---|---|
| शैक्षिक योजना विकास प्राविधिक समितिका संयोजक<br>– अयोध्या थारु |  |
| प्र. अ. जनता मा. वि. अमवा तथा प्राविधिक समितिका सदस्य<br>– ऋषिराम घिमिरे | |
| प्र. अ. पब्लिक नमूना मा. वि. तथा विकास प्राविधिक समितिका सदस्य<br>– डिलाराम खनाल |  |
| प्र. अ. सिद्धार्थ मा. वि. तथा प्राविधिक समितिका सदस्य<br>– सन्तोष कुमार राना |  |
| शाखा अधिकृत आठौं तह तथा प्राविधिक समितिका सदस्य-सचिव<br>– सुधीर पौडेल |  |

# संक्षिप्त रुजु सूची

| | | |
|---|---|---|
| आ.व. | — | आर्थिक वर्ष |
| आ.वि. | — | आधारभूत विद्यालय |
| आइ.सि.टी. | — | इन्फरमेशन कम्यूनिकेशन टेक्नोलोजी |
| इ.मि.स. | — | इन्टग्रेटेड एजुकेशनल म्यानेजमेन्ट इन्फरमेशन सिस्टम |
| इ.जि.आर. | — | अर्लि ग्रेड रिडिङ्ग |
| इ.मे.ल. | — | इलेक्ट्रोनिक मेल |
| उ.मा.वि. | — | उच्च माध्यमिक विद्यालय |
| एल.के.जी. | — | लोअर किन्डर गार्टेन |
| का.स.मू. | — | कार्य सम्पादन मूल्याङ्कन |
| कि.मि. | — | किलोमिटर |
| के.जी. | — | किन्डर गार्टेन |
| गा.वि.स. | — | गाउँ विकास समिति |
| गा.पा. | — | गाउँपालिका |
| टि.भि. | — | टेलिभिजन |
| नि.मा. | — | निम्न माध्यमिक |
| प्र.अ. | — | प्रधान अध्यापक |
| प्रा.वि. | — | प्राथमिक विद्यालय |
| वा.वि.के. | — | वाल विकास केन्द्र |
| वि.व्य.स. | — | विद्यालय व्यवस्थापन समिति |
| मा.वि. | — | माध्यमिक विद्यालय |
| यु.के.जी. | — | अपर किन्डर गार्टेन |
| सि.उ. | — | सिकाइ उपलव्धी |
| स्टि.म. | — | साइन्स, टेक्नोलोजी, इन्जिनियरिङ्ग र म्याथ |

# कार्यकारी सारांश

## १. परिचय

लुम्विनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाका १६ स्थानीय निकायहरु मध्ये सियारी गाँउपालिका पनि एक हो । यो गाउँपालिका ग्रामिण क्षेत्रमा रहेको छ । साविकको चिल्हिया गाउँ विकास समिति, मैनहिया गाउँ विकास समिति, हर्नैया गाउँ विकास समिति, दयानगर गाउँ विकास समिति र पश्चिम अमवा गाउँ विकास समितिलाई एकिकृत एवम् पुनर्संरचना गरी गाउँपालिकाको वडा नं. २, ३, ४, ५, ६ र ७ वडा छोएर बग्ने सियारी खोला जसले वडा नं. २ देखि ७ सम्म सिंचाई सुविधा प्रदान गर्दै आएको छ यसैको नामवाट सियारी गाउँपालिका नामाकरण गरिएको हो । यो गाउँपालिकामा सातवटा वडाहरु रहेका छन् । सियारी गाउँपालिकाको क्षेत्रफल ६६.१७ वर्ग कि.मी. रहेको छ । रुपन्देही जिल्लाको क्षेत्रफल १३६० वर्ग कि.मि. छ । यससँग भौगोलिक अवस्थाको तुलना गर्दा ४.८ प्रतिशत भू-भाग रहन जान्छ भने नेपालको क्षेत्रफलसँग तुलना गर्दा ०.०५ प्रतिशत भू-भाग रहेको छ । २०७७ सालको सियारी शैक्षिक सर्वेक्षणका अनुसार यहाँको जनसङ्ख्या करीव वयालिस हजार ४२००० जनसङ्ख्या र ८००२ घरधुरी रहेको छ । २०६८ को जनगणना अनुसार महिलाको जनसङ्ख्या करीव ५२ प्रतिशत र पुरुषको जनसङ्ख्या ४८ प्रतिशत रहेको छ । प्रति परिवार औसत परिवार सङ्ख्या करीव ६ जना छ, जुन अत्यन्त वढी हो । सूचना तथा सञ्चार प्रविधिको विकासको अवस्था सियारी गाउँपालिकाको कमजोर नै छ । यहाँका जनतामा इन्टरनेटको पहुँच वढाउनु पर्ने अवस्था छ । करीव ५० प्रतिशत भन्दा कम जनतामा इन्टरनेटको पहुँच भएको अवस्था छ । २५ सामुदायिक विद्यालयहरु मध्ये २४ विद्यालयमा विद्युतीकरण गरिएको छ भने १ विद्यालयमा २०७८ सालमा विद्युतीकरण गरिसक्ने तयारी भएको छ । सवै विद्यालयहरुमा विद्युतीकरण गर्ने र नेट इन्टरनेटको पहुँच शतप्रतिशत गराउने प्रयासमा लागिएको छ । पठनपाठनमा पनि सूचना र प्रविधिको पहुँच वढाउने प्रयास भैरहेको छ । यस गाउँपालिकामा सामुदायिक विद्यालयहरु २५, संस्थागत विद्यालय १४ र मदरसा ४ गरी जम्मा ४३ विद्यालय रहेका छन् भने ४ सामुदायिक सिकाइ केन्द्र र १ सामुदायिक कलेज रहेको छ । कुनै सिकाइ केन्द्रको भवन हालसम्म वनाउन सकिएको छैन । सामुदायिक कलेज निभ्न खोजेको वत्ती जसरी चलेको छ तर भौतिक संरचना राम्रो छ । यसलाई प्राविधिक कलेज वनाउनु पर्ने आवश्यकता छ । त्यसैगरी दृष्टिविहिन वालवालिकाहरुको पठनपाठनको लागि विशेष शिक्षा स्रोत कक्षा पनि रहेको छ । रुपन्देही जिल्ला सुगम भएर पनि यो सियारी गाँउपालिका शैक्षिक हिसावले दुर्गम जस्तो लाग्छ । नेपाल सरकारले प्रा.वि., नि.मा.वि. र मा.वि. तीनै तहको दरवन्दी

थप हुने र कुनै पनि दरवन्दी पुलमा नरहेको गाउँपालिकाहरु मध्ये सियारी पनि एक हो । शैक्षिक संस्थाहरुको संख्यात्मक हिसावले पनि रुपन्देही जिल्लासँग तुलना गर्दा यसको स्थान जिल्लामा करिव ५ प्रतिशत हुन आउँछ । २०६८ को जनगणना अनुसार ६९.६४ प्रतिशत साक्षर रहेको यो सियारी गाउँपालिकामा रहेका विद्यालय विवरण, दरवन्दी विवरण, वालवालिकाको सङ्ख्या र कक्षा कोठा विवरण, सिकाइ उपलव्धि २०७५ र २०७६ को तुलना, कक्षा छाड्ने, दोहोर्याउने र उत्तीर्ण दरलाई क्रमशः तालिका नं. १ देखि ६ सम्म देखाइएको छ ।

## २. विगतका प्रयास

सियारी गाँउपालिकाले वीस वर्षे दिर्घकालीन योजना निर्माणको आ.व. २०७६/७७ मा काम शुरु गरि शिक्षालाई पहिलो प्राथमिकतामा राखिएको छ । सामुदायिक विद्यालयहरुले २०७६/७७ मा ५ वर्षे विद्यालय सुधार योजना निर्माण गरि कार्यान्वयनमा रहेको र यसमा समावेश भएका कार्यक्रमलाई क्रमशः कार्यान्वयनमा लैजाने प्रयास गरिएको छ ।

## ३. समस्या र मुध्दाहरु

**सियारी गाउँपालिकाको शिक्षा क्षेत्रमा भएका मुख्यमुख्य समस्याहरु र चुनौतीहरु यस प्रकार रहेका छन् -**

**समस्याहरु**

१ अझै पनि विद्यालयको वातावरण, कक्षा कोठा र सरसफाइका क्षेत्रमा सफा चट्ट आकर्षक गराउन नसकिएको ।

२ विद्यालयहरुमा अझै पनि भौतिक समस्याहरु रहेको ।

३ सवै विद्यालयहरुमा छात्रा मैत्री शौचालय वास सुविधा सहित व्यवस्थापन गर्न नसकिएको ।

४ प्राविधिक शिक्षामा विद्यार्थी र विषय विज्ञलाई टिकाइ राख्ने समस्या ।

५ विद्यालय गएका विपन्न वालवालिकाहरुलाई विद्यालयमा टिकाइ राख्ने समस्या ।

६ सियारी शैक्षिक महोत्सवको महत्व, आवश्यकता र औचित्य जनप्रतिनिधिलाई वुझाउन नसक्नु ।

७ प्राविधिक शिक्षालयको कमीको कारण प्राविधिक शिक्षाको पहुँच कम रहेको ।

८ समूदायमा शैक्षिक सचेतनाको क्षेत्रमा धेरै काम गर्न वाँकी रहेको ।

९ अभिभावकहरु र विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको गुणस्तर वढाउने प्रयासको लागि सहजीकरण गर्न नसकिएको ।

## चुनौतीहरु

१ दरवन्दी न्यून भएको कारण शिक्षकको तलव भत्तामा ठूलो रकम लगानी गर्नु पर्ने र उपलव्धी न्यून ।

२ शैक्षिक नीतिका कारण प्राथमिक तहका गणित र विज्ञान विषयका शिक्षकहरुको अभाव हुँदै गइरहेकोले गणित र विज्ञान विषयको उपलव्धि अत्यन्त कमजोर र ह्रासोन्मूख हुने हो कि भन्ने ।

३ सामुदायिक विद्यालयमा सूचना प्रविधिका सामग्रीहरुमा लगानी र सङ्कलन वढ्दै जाँदा ती सामग्रीहरुको पठनपाठनमा प्रयोग र प्रदर्शन गर्ने शिक्षकहरुमा सीपको अभाव ।

४ प्रारम्भिक कक्षाहरु १, २ र ३ मा कक्षा छाड्ने र दोहोर्याउने दर वढ्दै जाँदा प्रमोसन दर पनि वढाउनु पर्ने ।

५ शिक्षामा लगानी वढ्दै जाँदा आशातित उपलव्धि हासिल हुनेमा शंका उपशंका ।

६ वाटो र माटोमा गरिने लगानीले एक वर्षमै उपलव्धि देखिने गरेकोमा शिक्षामा त्यस्तो १ वर्षमै देखिने चमत्कारिक काम गर्न नसकिने ।

## ४. नयाँ योजनाका उध्देश्यहरु

सियारी गाउँपालिकाले शिक्षाका उध्देश्यहरु यस प्रकार तय गरेको छ -

१ प्रारम्भिक बालविकासको शिक्षालाई गुणस्तरीय वनाउनु र सूचना तथा प्रविधिमा पहुँच वढाउनु ।

२ आधारभूत तहको शिक्षालाई अनिवार्य र नि:शुल्क गर्नु ।

३ आधारभूत शिक्षालाई सवैको समतामूलक पहुँच, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय वनाउनु ।

४ माध्यमिक शिक्षालाई गुणस्तरीय, सूचना तथा प्रविधिमा पहुँच, सृजनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक सोच भएका प्रतिस्पर्धी, सीपयुक्त र उत्पादनशील जनशक्ति तयार गर्नु ।

५ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सियारी गाउँपालिका, लुम्विनी प्रदेश र सिंगो नेपालको विकासका लागि योग्य,

सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु ।

६ सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन र सवलीकरण गर्नु ।
७ अनौपचारिक शिक्षा, निरन्तर शिक्षा वैकल्पिक, परम्परागत शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ।
८ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु ।
९ शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेशागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु ।

## ५. योजना निर्माण प्रक्रिया

यो योजना निर्माणमा सवै सरोकारवालाहरुलाई सहभागी गराउने प्रयास गरिएको छ । यो गाउँपालिकामा ७ वटा वडा रहेका र ७ वटै वडाका जनप्रतिनिधि भएको वडा कार्यालयहरुमा गई योजना निर्माणको वारेमा सहजीकरण भएको । सवै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सहित पदाधिकारीहरु शिक्षा क्षेत्रमा चासो राख्ने सवै वुध्दिजीवि समाजसेवी सवैको सुझाव सल्लाह लिएर योजना निर्माण गरिएको हुँदा यसमा सवैको अपनत्व रहेको छ ।

## ६. मुख्य रणनीति

माथि उल्लेख गरिएका उद्देश्यहरु प्राप्तीको लागि मुख्य मुख्य रणनीतिहरु यस प्रकार रहेका छन् : -

१. प्राविधिक शिक्षामा पहुँच वृध्दि गरी सिपमूलक जनशक्तिको विकास गर्ने,
२. आधारभूत र माध्यमिक शिक्षामा सूचना तथा प्रविधिको पहुँच र सहभागिता वढाउने,
३. गणित र विज्ञान विषयको नतीजामा सुधार गर्दै गुणस्तरमा सुधार र सान्दर्भिकता मा वृध्दि गर्ने ,
४. सवै विद्यालयहरुमा भौतिक पूर्वाधारको पूर्ण रुपमा विकास गरी भौतिक पूर्वाधार र प्रविधिमैत्री शिक्षालाई एकैसाथ अगाडी वढाइने,

५. शैक्षिक गुणस्तर सुधारको लागि अन्तरक्रिया मोटिभेसन कक्षाहरु शिक्षा दिवस, शैक्षिक महोत्सव र शैक्षिक सामग्री निर्माण र यस्को कक्षा कोठामा प्रयोगलाई जोड दिने ।
६. प्राविधिक शिक्षालयको स्थापना गरी प्राविधिक शिक्षामा पहुँच वृध्दि गरी सिपमूलक जनशक्तिको विकास गर्ने ।
७. कक्षा ५ र ८ गाउँपालिकास्तरीय परीक्षावाट नतिजामा सुधार गरिने ।

## ७ वजेटिङ्ग

प्रारम्भिक वालविकास र शिक्षामा रु २ करोड ७६ लाख ३० हजार, आधारभूत तहमा रु. ५७ करोड ७८ लाख ३० हजार, माध्यमिक शिक्षामा रु ७१ करोड ८६ लाख, उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षा योजना लिजा कलेजमा ३५ करोड १२ लाख ५० हजार, प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम २ करोड १० लाख पाठ्यक्रम र पाठ्य सामग्री ४ करोड ७ लाख १५ हजार, शिक्षक व्यवस्थापन र विकासमा रु ३ करोड ४३ लाख ३० हजार, विद्यालय व्यवस्थापन प्रधानाध्यापक व्यवस्थापन समेत २३ करोड ९७ लाख ३० हजार रुपैयाँ, निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा जीवनपर्यन्त सिकाइ र शिक्षा ५ करोड ३१ लाख ५० हजार, गुणस्तरीय सार्वजनिक शिक्षा ४ करोड २५ लाख, शिक्षामा सूचना प्रविधि ४ करोड ४६ लाख, समावेशी शिक्षाको शैक्षिक कार्यक्रमहरु ३ करोड २५ लाख ५० हजार, संस्थागत संरचना र क्षमता विकास ६ करोड ८ लाख र कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनमा रु ७६ लाख ५० हजार गरी गरी जम्मा १० वर्षे सियारी शैक्षिक योजना कार्यान्वयन गर्दा पहिलो पाँच वर्षमा रु १ अरव ८ करोड ९१ लाख ३५ हजार र १० वर्षे योजनामा २ अरव १९ करोड ८३ लाख ३५ हजार रुपैयाँ खर्च हुने देखिन्छ ।

## ७. अपेक्षित उपलब्धि (Expected Result)

योजनाको अन्त्यमा १५-६० उमेर समूहको साक्षरता दर ९८ प्रतिशत भन्दा माथि हुनेछ । प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुन आउने बालबालिका को संख्या ९० प्रतिशतको हाराहारीमा हुनेछ । यसैगरी कक्षा १-८ को खुद भर्ना दर ९८ प्रतिशत भन्दा माथि पुगेको हुनेछ भने कक्षा ९-१२ को ६० प्रतिशत पुगेको हुनेछ । कक्षा १-५ को सिकाइ उपलब्धि ६० प्रतिशत भन्दा माथि हुनेछ भने कक्षा ६-८ को सिकाइ उपलब्धि ५० प्रतिशत भन्दा माथि पुगेको हुनेछ ।

योजनाको अन्त्यमा सवै शिक्षालयहरु भौतिक पूर्वाधारका हिसावले न्यूनतम मापदण्ड पूरा भएका हुनेछन् । सवै विद्यालयहरुलाई डिजिटलाइज गरिएको हुनेछ । आवश्यकता अनुसारको शिक्षक दरबन्दीको पदपूर्ति भएको हुनेछ । विद्यालयहरु विद्यार्थीको रुचि, क्षमता र मनोविज्ञान प्रति सम्बेदनशील भइ बालमैत्री तथा रमणीय स्थलका रुपमा परिणत भएका हुनेछन् । सिकाइमा इ-लर्निङ्गले प्रश्रय पाएको हुनेछ । शिक्षकहरु आफ्नो पेशाप्रति समर्पित र लगनशील भएका कारण शिक्षण सिकाइका क्रियाकलापहरु स्तरीय र प्रभावकारी भएका हुनेछन् । अभिभावक लगायत शिक्षाका सरोकारवालाहरुमा बालबालिका र समग्र शिक्षाको उन्नति भनेको सवैको उन्नति हो भन्ने कुराको महशुस भई शिक्षामा तदनुरुपको योगदानमा बढोत्तरी भएको हुनेछ । गुणस्तर, सुशासन एवम् पारदर्शिता अभिबृद्धि भई शिक्षामा गरेको लगानीबाट सकारात्मक परिणामहरु प्राप्त भएका हुनेछन् । कानूनी राज्यप्रति इमान्दार, स्वरोजगार उन्मुख, प्रतिस्पर्धी, प्रवर्तनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मूल्यप्रति संवेदनशील र नैतिक एवं चरित्रवान् नागरिकको उत्पादन भएको हुनेछ । अन्ततः राष्ट्रको समग्र विकासमा शिक्षित नागरिकबाट विविध क्षेत्रमा सकारात्मक योगदान दिने अवस्था सिर्जना भई सियारी गाउँपालिका खुशी र सम्बृद्ध नागरिकहरुले बसोबास गर्ने आफ्नो पहिचान बनाउन सफल भएको हुनेछ ।

## परिच्छेद : एक
## परिचय

### १.१ पृष्ठभूमी

नेपालको संविधानमा राज्यले प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक शिक्षा नि:शुल्क पाउने हक सुनिश्चित गरेको छ । गुणस्तरीय शिक्षामा आम नागरिकको सहज पँहुच र जीवनपर्यन्त सिकाइको समान अवसरको सुनिश्चितता नै समतामूलक समाज निर्माणको आधारशिला हो। राज्यले परिकल्पना गरेको २५ वर्षे दीर्घकालिन सोच "सम्वृध्द नेपाल, सुखी नेपाली" पूरा गर्न दिगो शान्ती, सुशासन र विकासमा शिक्षाको अहम् भूमिका रहने भएकाले तीनै तहका सरकारको आपसी समन्वय र सहकारिताका आधारमा सियारी गाउँपालिकाले प्रस्तुत १० वर्षे नयाँ शिक्षा योजना निर्माण गरेको हो।

### १.२ सियारी गाउँपालिकाको परिचय

### १.२.१ भौगोलिक अवस्था

लुम्विनी प्रदेश अन्तरगत रुपन्देही जिल्लाका १६ स्थानीय निकायहरु मध्ये सियारी गाउँपालिका पनि एक हो। साविकको चिल्हिया गाउँ विकास समिति, मैनहिया गाउँ विकास समिति, हर्नैया गाउँ विकास समिति, दयानगर गाउँ विकास समिति र पश्चिम अमवा गाउँ विकास समितिलाई एकिकृत एवम् पुनरसंरचना गरी गाउँपालिकाको वडा नं. २, ३, ४, ५, ६ र ७ वडा छोएर बग्ने सियारी खोला जसले वडा नं. २ देखि ७ सम्म सिंचाई सुविधा प्रदान गर्दै आएको छ, त्यसैको नामवाट सियारी गाउँपालिका नामाकरण गरिएको हो । यो गाउँपालिकामा सातवटा वडाहरु रहेका छन् । सियारी गाउँपालिकाको क्षेत्रफल ६६.१७ वर्ग कि.मी. रहेको छ । रुपन्देही जिल्लाको क्षेत्रफल १३६० वर्ग कि.मि. छ। यससँग भौगोलिक अवस्थाको तुलना गर्दा ४.८ प्रतिशत भूभाग रहन जान्छ भने नेपालको क्षेत्रफलसँग तुलना गर्दा ०.०५ प्रतिशत भूभाग रहन जान्छ । भौगोलिक हिसाबले ८२ डिग्री २० मिनेटदेखि ८२ डिग्री २८ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ३१ मिनेटदेखि २७ डिगी ३७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित रहेको छ। सियारी गाउँपालिकाको भौगोलिक अवस्थालाई निम्न तालिका १ वाट पनि देखाउन सकिन्छ।

**तालिका १ : भौगोलिक अवस्था**

| क्र.सं. | भौगोलिक अवस्था | विवरण |
|---|---|---|
| १ | सियारी गाउँपालिकाको क्षेत्रफल | ६६.१७ वर्ग किमि |
| २ | सिमाना पूर्वमा | तिलोत्तमा नगरपालिका र ओमसतिया गाँउपालिका |
| ३ | सिमाना पश्चिममा | मायादेवी गाउँपालिका |
| ४ | सिमाना  उत्तरमा | शुध्दोधन गाउँपालिका |
| ५ | सिमाना दक्षिणमा | मायादेवी गाउँपालिका |
| ६ | अवस्थिति | ८२ डिग्रि २० मिनेट देखि ८२ डिग्रि २८ मिनेटपूर्व देशान्तर  र २७ डिग्रि ३१ मिनेट देखि २७ डिग्रि ३० मिनेट उत्तरी अक्षाङ्श |
| ७ | हावापानी | उष्ण प्रदेशीय हावापानी |
| ८ | मुख्य नदीहरु | तिनाउ नदी, सियारी खोला, घाँघरा खोला,  दानव नदी |
| ९ | मुख्य पोखरीहरु | नन्दभाउजु पोखरी, परम्परागत भगदरी पोखरी, कालिका मन्दिर पोखरी, समयमाइ  पोखरी |

### १.२.२ सामाजिक तथा साँस्कृतिक अवस्था

२०७७ सालको सियारी शैक्षिक सर्वेक्षणका अनुसार यहाँको जनसङ्ख्या करीव ४२००० र ८००२ घरधुरी रहेको छ । यो गाउँपालिका ग्रामिण क्षेत्रमा रहेको छ । थारु, यादव, केवट, मल्लाह, मुसलमान आदि मधेशवासीको वाहुल्यता रहे पनि खस आर्य जातीहरु व्राम्हण, क्षेत्री, मगर, गुरुङ्गको उपस्थिति पनि वढी नै भएको मिश्रित वस्तीमा सामाजिक तथा विकासमा अगाडी पाइन्छ भने मधेशीहरुको मात्र वस्ती भएका टोलहरु विकासमा केही पछाडी पाइन्छ । थारुको जनसङ्ख्या सवैभन्दा वढी १८ प्रतिशत रहेको छ। हरेक वर्ष माघ १ गते थारु जातीको माघी पर्व विशेष चाडपर्वको रुपमा मनाइन्छ । यो दिन सियारी गाउँपालिकाले सार्वजनिक विदा पनि गर्दै आएको छ । थारू

सङ्ग्राहलय स्थापनाको तयारीमा रहेको छ। प्रमुख जाति अनुसारको जनसङ्ख्या तालिका नं २ मा दिइएको छ।

तालिका २: **प्रमुख जातजाति अनुसारको जनसंख्या विवरणः**

| | | |
|---|---|---|
| थारु | ७९५८ (१८.%) | |
| व्राम्हण | ४७४३ (१२.३२%) | |
| यादव | ३९२१ (१०.९%) | |
| क्षेत्री | ३१५६ (८.२०%) | |
| केवट | २२२० (५.७७%) | |
| मुसलमान | १९२६ (४.९६%) | |
| मगर | १९०६ (४.९६%) | |
| मल्लाह | १५२० (३.९५%) | |
| चमार हरिजन | १४३४ | |
| कामी | १०६० | |
| धोवी | १०३२ | |

२०६८ को जनगणना अनुसार महिलाको जनसङ्ख्या करीव ५२ प्रतिशत र पुरुषको जनसङ्ख्या ४८ प्रतिशत रहेको छ। प्रति परिवार औसत परिवार सङ्ख्या करीव ६ जना छ। जुन अत्यन्त वढी हो। जनसङ्ख्या विवरण तालिका ३ मा रहेको छ।

**तालिका ३: २०६८ को जनगणना अनुसार जनसङ्ख्या**

| क्र.सं. | अवस्था | विवरण | कैफियत |
|---|---|---|---|
| १ | कूल जनसङ्ख्या | ३८४६६ | |
| | पुरुष | १८५४९ | ४८.२२ प्रतिशत |
| | महिला | १९९१७ | ५१.७८ प्रतिशत |
| २ | प्रति परिवार औसत व्यक्ति | ५.६६ | |
| ३ | जनघनत्व प्रति वर्ग किमि | ५८० | |
| ४ | जम्मा घरधुरी | ६७९२ | ८००२, २०७७ को सर्वेक्षण अनुसार |
| ५ | हिन्दु धर्मको जनसङ्ख्या | ३५७०५ | ९२% |
| ६ | वौध्द धर्म | ७६० | |
| ७ | क्रिश्चियन | १९२६ | |

### १.२.३ उद्योग तथा व्यापारको अवस्था

सियारी गाउँपालिकामा सवैभन्दा ठूलो उद्योग अर्घाखाँची सिमेन्ट हो । सियारी गाउँपालिकाको शिक्षा र स्वास्थ्यको क्षेत्रमा यसले सहयोग गर्दै आएको छ । २०७७ सालमा कोभिडका विरामीहरुको उपचारका लागि अर्घाखाँची सिमेन्ट प्रा.लि.ले ७० लाख लगानी गरेर रुपन्देहीको सियारी गाउँपालिका-२, मैनहियामा स्वास्थ्य चौकी निर्माण गरिदिएको छ। उद्योग आफैले ४ महिनामा निर्माण गरेको सो स्वास्थ्य चौकी भवन गाउँपालिकालाई हस्तान्तरण गरिसकिएको छ। अर्घाखाँची सिमेन्ट प्रा.लि.ले सियारी २ भगदरी प्रा.वि. भगदरीमा ४ कोठा र नवदुर्गा प्रा.वि. सेमरामा ६ कोठाको विद्यालय निर्माण गरेको थियो। नवदुर्गा प्रा.वि.लाई रु ११,५०० का दरले एक शिक्षकको व्यवस्था गरि वार्षिक रु १ लाख ५० हजार रुपैया वरावर शिक्षक व्यवस्थापन गरी पठनपाठनमा समेत सहयोग गर्दै आएको छ। आ.व. २०७४/७५ र २०७५/७६ मा भर्ना अभियानलाई सहयोग गर्न सियारी गाउँपालिकाको विद्यालयमा वालवालिकालाई झिकाउ, सिकाउ, टिकाउ र विकाउ अभियानलाई करीव दुइ सालमा करीव ३० लाख वरावरको शैक्षिक सामग्रीहरु सहयोग गरि वालविकास देखि कक्षा ५ सम्मका करीव ३५०० वालवालिकाहरुलाई झोला, कपि, पेन्सिल, कटर वितरण ५ नम्वर प्रदेशका तत्कालिन मुख्यमन्त्री माननीय श्री शङ्कर पोखरेल र सञ्चालक श्री मुरारकाले संयुक्त रुपमा गर्नुभएको थियो। सियारी गाउँपालिकामा रहेका उद्योग कलकारखाना र होटलहरुको विवरण यस प्रकार रहेको छ।

**तालिका ४ : सियारी गाँउपालिकामा रहेका उद्योग कलकारखाना र होटलहरुको विवरण**

| क्रस | उद्योग कलकारखानाको विवरण | ठेगाना | क्षेत्र |
|---|---|---|---|
| १ | अर्घाखाँची सिमेन्ट उद्योग | सियारी २ | सियारीको सवैभन्दा ठूलो सिमेन्ट उत्पादन |
| २ | विशाल सिमेन्ट उद्योग | सियारी २ | सिमेन्ट उत्पादन |
| ३ | न्यू स्टार इटा उद्योग | सियारी ७ | इटा उत्पादन |
| ४ | युनिभर्सल औषधी उद्योग | सियारी १ | औषधी उत्पादन |
| ५ | भुजा फेक्ट्री | सियारी १ | भुजा उत्पादन |
| ६ | लुम्विनी रिसोर्ट | सियारी ५ | सियारीको सवै भन्दा ठूलो रिसोर्ट माछाको परिकार |
| ७ | सियारी फिसभिलेज | सियारी ५ | |
| ८ | संस्कार होटल | सियारी ६ | |
| ९ | छपिया पानी उद्योग | सियारी ३ | पानीका वोतलहरु तयारी गरि पानी विक्रि गर्ने |

### १.२.५ पर्यटन विकासको सम्भावना

सियारी गाउँपालिका आन्तरिक पर्यटन, प्रदेश तहको पर्यटन र राष्ट्रिय स्तरको पर्यटन विकासको प्रचुर सम्भावना भएको गाउँपालिका हो। लुम्बिनी जाने वाटोमा पर्ने स्थान वेथरी र नयाँगाउँ वेलवास जोड्ने सडक पिच भए पश्चात यसको विकासको सम्भावना वढेको हो। यसको सम्भावनाका क्षेत्रहरु यस प्रकार रहेका छन् -

**१. फिसजोन**

साविकको दयानगर गाउँ विकास समिति हालको सियारी वडा न. ४ र ५ माछा उत्पादनको लागि देशभरिमै अगाडी रहेको छ। यो क्षेत्र फीस जोनको रुपमा परिचित छ। यसलाई सियारीका अन्य वडाहरुले पनि अनुशरण गरी माछा पोखरीहरु तयार गरि माछा फारमहरुको विकास भैरहेको छ। विभिन्न परिकारहरु विक्री भैरहेको छ। ठूलठूला होटलहरु वन्ने क्रममा रहेका छन्। यसले पर्यटक आकर्षण गरि विकासका सम्भावनाहरु खोल्न सक्ने देखिन्छ। माछाका परिकारहरु जस्तै माछाको मम, माछाको सुकुटि, माछा फ्राइ आदिको लिफलेट, पम्पलेटहरु र ठाउँठाउँमा व्यानर तथा होडिङ्ग वोर्डहरु तयार गरि प्रचार प्रसारवाट पर्यटकहरुलाई आकर्षण गर्न सकिने देखिन्छ भने यसलाई स्थानीय पाठ्यक्रममा समावेश गरि पठन पाठन गर्न सकिने देखिन्छ।

**२. लुम्विनी रिसोर्ट**

यो सियारीकै सवैभन्दा ठूलो र रुपन्देहीका जनतालाई आकर्षित गर्ने रिसोर्टहरु मध्ये एक हो। यसमा वोटीङ्गको लागि ठूलो तलाउ, माछाका परिकारहरु र आकर्षक होटल भएकाले पनि पर्यटन विकासको लागि यो कोसेढुङ्गा सावित हुन सक्ने देखिन्छ। यो करिव २० विगाहा क्षेत्रमा फैलिएको छ। यसको सहयोगवाट पनि शिक्षाको विकासमा सहयोग लिन सकिने सम्भावना रहेको छ।

**३. अर्घाखाँची सिमेन्ट उद्योग**

उत्पादनको हिसावले यो सवैभन्दा ठूलो सिमेन्ट उद्योग हो। यो अवलोकनको लागि उपयुक्त देखिन्छ। यसले शिक्षा र स्वास्थ्यमा सहयोग गर्दै आएको छ। विकासको लागि यसले सियारी गाउँपालिकासँग सहकार्य गर्दै आएको छ।

**४. भैरहवा स्थित गौतमवुध्द अन्तर्राष्ट्रिय विमानस्थल**

सियारीमा पर्यटन आकर्षण गर्ने अर्को मुख्य सम्भावनाको मार्ग भनेको भैरहवाको गौतमवुध्द अन्तर्राष्ट्रिय विमानस्थल पनि हो। यो सियारी देखि करीव १० किमीको दुरीमा पर्छ। सियारीको राम्रोसँग प्रचार प्रसार गर्न सकियो भने राजश्वको स्रोत वढाउनको लागि यो विमानस्थलबाट निकै सहयोग लिन सकिने अपेक्षा गर्न सकिन्छ।

## ५. लुम्विनी

नेपालको प्रसिध्द पर्यटन क्षेत्र लुम्विनी सियारी गाउँपालिकावाट करिव २० किमीको दुरीमा रहेको छ। लुम्विनीमा आउने पर्यटकलाई आकर्षण गर्न मात्र सकियो भने सियारीको विकासको लागि प्रचुर सम्भावनाहरु रहेका छन्।

## १.२.६ सूचना तथा सञ्चार प्रविधिको अवस्था

सूचना तथा सञ्चार प्रविधिको विकासको अवस्था सियारी गाउँपालिकाको कमजोर नै छ। यहाँका जनतामा इन्टरनेटको पहुँच वढाउनु पर्ने अवस्था छ। करीव ५० प्रतिशत भन्दा कम जनतामा इन्टरनेटको पहुँच भएको अवस्था छ। २५ सामुदायिक विद्यालयहरु मध्ये २४ विद्यालयमा विद्युतिकरण गरिएको छ भने १ विद्यालयमा २०७८ सालमा विद्युतिकरण गरिसक्ने तयारी भएको छ। सवै विद्यालयहरुमा विद्युतिकरण गर्ने र नेट इन्टरनेटको पहुँच शतप्रतिशत गराउने प्रयासमा लागिएको छ। पठनपाठनमा पनि सूचना र प्रविधिको पहुँच वढाउन प्रयास भैरहेको छ।

## १.२.७ शैक्षिक अवस्था

यस गाउँपालिकामा सामुदायिक विद्यालयहरु २५, संस्थागत विद्यालय १४ र मदरसा ४ गरी जम्मा ४३ विद्यालय रहेका छन् भने ४ सामुदायिक सिकाइ केन्द्र र १ सामुदायिक कलेज रहेको छ। कुनै सिकाइ केन्द्रको भवन हालसम्म वनाउन सकिएको छैन। सामुदायिक कलेज निभ्न खोजेको वत्ती जसरी चलेको छ तर भौतिक संरचना राम्रो छ। यसलाई प्राविधिक कलेज वनाउनु पर्ने आवश्यकता छ। त्यस्तै गरि दृष्टिविहिन वालवालिकाहरुको पठनपाठनको लागि विशेष शिक्षा स्रोत कक्षा पनि रहेको छ। रुपन्देही जिल्ला सुगम भएर पनि यो सियारी गाँउपालिका शैक्षिक हिसावले दुर्गम जस्तो लाग्छ। नेपाल सरकारले प्रा.वि., नि.मा.वि. र मा.वि. तीनै तहको दरवन्दी थप हुने र कुनै पनि दरवन्दी पुलमा नरहेको गाउँपालिकाहरु मध्ये सियारी पनि एक हो। शैक्षिक संस्थाहरुको संख्यात्मक हिसावले पनि रुपन्देही जिल्लासँग तुलना गर्दा यसको स्थान जिल्लामा करिव ५ प्रतिशत हुन आउँछ। २०६८ को जनगणना अनुसार ६९.६४ प्रतिशत साक्षर रहेको यो गाउँपालिकामा रहेका विद्यालय विवरण, दरवन्दी विवरण, वालवालिकाको संख्या र कक्षा कोठा विवरण, सिकाइ उपलव्धि २०७५ र २०७६ को तुलना, कक्षा छाड्ने, दोहोर्याउने र उत्तीर्ण दरलाई क्रमशः तालिका नं. १ देखि ६ सम्म देखाइएको छ।

**तालिका १ : विद्यालय विवरण**

| क्र.स. | तह | सामुदायिक | संस्थागत | मदरसा | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. | ७ | २ | ४ | १३ |
| २ | आधारभूत | ८ | ४ | | १२ |
| ३ | माध्यमिक | १० | ८ | | १८ |
| जम्मा | | २५ | १४ | ४ | ४३ |

यसरी सामुदायिक विद्यालय २५ संस्थागत विद्यालय १४ र मदरसा ४ गरी जम्मा ४३ विद्यालय रहेका छन् ।

**तालिका २: तहगत दरवन्दी विवरण**

| क्र.स. | किसिम | प्राथमिक १-५ | नि.मा. ६-८ | मा.वि. ९-१० | उ.मा.वि. ११-१२ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | स्थायी दरवन्दी | ८२ | ११ | ११ | | १०० |
| २ | अस्थायी दरवन्दी | ४ | | ३ | | ७ |
| ३ | राहत दरवन्दी | ३७ | १३ | १० | १० | ६७ |
| | जम्मा | १२३ | २४ | २४ | १० | १८३ |

यसरी प्रा.वि. १२३, नि.मा.वि. २४ र मा.वि. ३३ गरी जम्मा १८० दरवन्दी मात्र रहेको अवस्था छ । सङ्घिय सरकारले दरवन्दी मिलानको क्रममा प्रा.वि. तहमा ८ नि.मा.वि. ५७ र मा.वि. ३६ दरवन्दी गरी १०१ दरवन्दी थपिने भनि श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्र प्राप्त भएको अवस्था छ । दरवन्दी मिलानको काम सम्पन्न गरिसकिएको छ ।

**तालिका ३ : वालवालिका र कक्षा कोठा विवरण २०७७**

| क्र.स. | विद्यालयको किसिम | प्राथमिक कक्षा १- ३ | प्राथमिक ४ -५ | नि.मा. ६ -८ | मा.वि. ९-१० | उ.मा.वि. ११- १२ | जम्मा | कक्षा कोठा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | २३८५ | १४२५ | २१५६ | १६४३ | ७२९ | ९८०६ | ३०६ |
| २ | संस्थागत | १०६१ | ६६७ | ६७० | ३४० | ५० | २७८८ | |
| ३ | धार्मिक | ८४ | ५५ | | | | ११९ | २० |
| | जम्मा | ३५३० | २१२२ | १६४४ | १९८३ | ७७९ | १२७०८ | |

यसरी सामुदायिक विद्यालयमा प्राथमिक तह ३८१० निमा ३६३४ मावि १६४३ र उमाविमा ७२९ वालवालिका अध्ययनरत रहेका छन् । यसरी प्रावि  १२३ निमावि २४ मावि ३३ गरी १८० मौजुदा दरवन्दी मात्र रहेको अवस्था छ ।  प्राथमिक तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात १:३१ रहेको छ भने निमा तह (कक्षा ६-८) मा शिक्षक विद्यार्थी अनुपात १:९१ रहेको छ । त्यस्तै

आधारभूत तहमा (कक्षा १-८) मा शिक्षक विद्यार्थी अनुपात १:५१ रहेको छ भने माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षक विद्यार्थी अनुपात १:५० रहेको अवस्था छ।

## तालिका ४ : सिकाई उपलव्धि विवरण २०७५ र २०७६ तुलना

### क. प्रारम्भिक कक्षा – १ देखि ३

| साल | कक्षा | नेपाली | अग्रेजी | सामाजिक | गणित | विज्ञान |
|---|---|---|---|---|---|---|
| २०७६ | १ | ६१ | ६१ | ५७ | ५९ | ५९ |
| २०७५ | १ | ५८ | ५६ | ५५ | ५७ | ५५ |
| २०७६ | २ | ६० | ५९ | ५५ | ५६ | ५५ |
| २०७५ | २ | ५८ | ५७ | ५४ | ५५ | ५४ |
| २०७६ | ३ | ५६ | ५८ | ५५ | ५२ | ५३ |
| २०७५ | ३ | ५५ | ५४ | ५३ | ५२ | ५२ |

प्रारम्भिक कक्षामा २०७५ र ७६ को सिकाई उपलव्धि विश्लेषण गर्दा सामाजिक, गणित र विज्ञान विषयमा विद्यार्थीको अवस्था कमजोर रहेको पाइयो।

### ख. प्राथमिक कक्षा ४ र ५

| साल | कक्षा | नेपाली | अग्रेजी | सामाजिक | गणित | विज्ञान |
|---|---|---|---|---|---|---|
| २०७६ | ४ | ५३ | ५३ | ५३ | ५१ | ५२ |
| २०७५ | ४ | ५१ | ५० | ४९ | ४९ | ४९ |
| २०७६ | ५ | ४३ | ५४ | ५० | ३६ | ३८ |
| २०७५ | ५ | ४१ | ५२ | ४९ | ३५ | ३७ |

कक्षा ४ र ५ को २०७५ र २०७६ को सिकाई उपलव्धि तुलना गर्दा गणित र विज्ञान विषयको अवस्था सवै भन्दा कम रहेको पाइएको छ भने नेपालीको अवस्था पनि कमजोर नै रहेको छ। त्यसैले गणित, विज्ञान र नेपाली विषयमा योजनाले हिट गर्नु पर्ने देखिन्छ। गणित र विज्ञान विषय अध्ययन गरेका शिक्षकहरुको प्राथमिक तहमा कम हुने र यो विषय पढाउन सामुदायिक विद्यालयमा निकै समस्या हुने गरेको छ। फलतः गणित र विज्ञान विषयको नतिजा कमजोर देखिएको छ। त्यसैले शिक्षक व्यवस्थापन गर्दा यी विषयमा पनि ध्यान दिनु पर्ने देखिन्छ।

### ग. आधारभूत कक्षा ६ देखि ८ सम्म

| साल | कक्षा | नेपाली | अग्रेजी | सामाजिक | गणित | विज्ञान |
|---|---|---|---|---|---|---|
| २०७६ | ६ | ५४ | ५३ | ५२ | ५१ | ५५ |
| २०७५ | ६ | ५६ | ५४ | ५२ | ४९ | ५२ |
| २०७६ | ७ | ५४ | ५६ | ५४ | ४८ | ५५ |
| २०७५ | ७ | ५४ | ५२ | ५१ | ४६ | ५१ |
| २०७६ | ८ | ४२ | ४६ | ४४ | २८ | ३५ |
| २०७५ | ८ | ४१ | ४५ | ४० | ३० | ३६ |

सियारी गाउँपालिकाले शैक्षिक सत्र २०७४ साल देखि नै कक्षा ५ र ८ को गाउँपालिका स्तरिय परीक्षा गर्दै आएको छ र नतिजा सुधारको लागि अभियान नै सञ्चालन गरिएको छ । गणित र विज्ञान विषयको सिकाई उपलब्धि ४० भन्दा कम र निकै कमजोर रहेको अवस्था हो । सुधारको लागि प्रअ वैठकमा प्रतिवध्दता गराउने गरिएको अवस्था हो । गणित र विज्ञान अध्यापन गर्ने प्राथमिक र आधारभूत शिक्षकहरुको लागि तालिम र शैक्षिक सामग्री निर्माण कार्यक्रम कार्यशाला सञ्चालनको अवश्यकता रहेको छ । यो विषयका शिक्षकहरुको लागि थप तालिम र प्रोत्साहनको आवश्यकता छ नै तर नीतिगत त्रुटीका कारण यो समस्या आएको हो । विज्ञान र गणित विषयलाई साधारण विषय जसरी हेरिनु र यी विषयको लागि प्राथमिक तहमा प्रयाप्त शिक्षकको कमी नै हो । अर्को तर्फ कक्षा ६, ७ र ८ पढाउने शिक्षकको गणना गर्दा प्राविकै दर्जामा राखेर आधारभूत तहको शिक्षक विद्यार्थीको अनुपातमा लिई यी विषयलाई हेरिनु । यी दुई विषय प्राविधिक विषय हुन  त्यही अनुसार हेरिनु र कार्यान्वयन गरिनु पर्छ । यी विषयहरु सच्याउने प्रयासमा रहेका छौं । माध्यमिक तहमा मात्र विज्ञान प्रयोगशालाको प्रयोग आएको छ । यसलाई नि.मा.वि. तहसम्ममा लैजान आवश्यक देखिन्छ । गणित विषयको प्रयोगशालाको स्थापना गर्नुपर्ने आवश्यकता कमजोर नतिजाले बताउँछ ।

**तालिका ५  : उत्तिर्ण दर, कक्षा छाड्ने दर  र  दोहोऱ्याउने  दरको अवस्था**

| उत्तिर्ण दर, कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने कक्षा १, ५ र ८ को तुलनात्मक अध्ययन २०७५ र २०७६ साल | | | |
|---|---|---|---|
| विवरण | कक्षा | २०७५ | २०७६ |
| उत्तिर्ण दर | १ | ६९.६ | ७२.८९ |
| उत्तिर्ण दर | ५ | ७९.१ | ८८.७४ |
| उत्तिर्ण दर | ८ | ७२.५ | ८०.१७ |
| कक्षा छाड्ने दर | १ | १६.७ | १८.२२ |
| कक्षा छाड्ने दर | ५ | १०.१ | ५.३८ |
| कक्षा छाड्ने दर | ८ | १४.४ | ९.२२ |
| कक्षा दोहोर्याउने दर | १ | १३.७ | ८.८९ |
| कक्षा दोहोर्याउने दर | ५ | १०.६ | ५.८८ |
| कक्षा दोहोर्याउने दर | ८ | १२.९ | १०.६१ |

## १.२ विगतका योजनाको प्रगति समीक्षा (विगतमा तयार भएको छ भने)

सियारी गाँउपालिकाले वीस वर्षे दीर्घकालिन योजना निर्माणको आ.व. २०७६/७७ मा काम शुरु गरि शिक्षालाई पहिलो प्राथमिकतामा राखेको छ । सामुदायिक विद्यालयहरुले

२०७६/७७ मा ५ वर्षे विद्यालय सुधार योजना निर्माण गरि कार्यान्वयनमा रहेको र यसमा समावेश भएका कार्यक्रमलाई क्रमशः कार्यान्वयनमा लैजाने प्रयास गरिएको छ।

## १.३ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्थाको विश्लेषण

नेपालको सम्विधान २०७२ ले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरि सियारी गाउँपालिकाले शिक्षालाई पहिलो प्राथमिकता दिई आन्तरिक पूँजीगत स्रोत र नेपाल सरकारले दिएको वजेटवाट विभिन्न शैक्षिक कार्यक्रमहरु तय गरी आपसी समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा गरिएका असल अभ्यासहरु, विद्यालय सूचकको अधारमा गा.पा. को भौतिक अवस्था, समस्या र चुनौतीहरुको विश्लेषण यस प्रकार रहेको छ।

### १.३.१ शिक्षा क्षेत्रको असल अभ्यासको विश्लेषण

#### क. सुशासन कायम गर्न गरिएका प्रयासहरु

सियारी शिक्षा ऐन २०७४ र नियमावली २०७४ वमोजिम गाउँ शिक्षा समिति, परीक्षा समिति, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ गठन भई सामाजिक लेखापरीक्षण तथा लेखापरीक्षण जस्ता विषयहरु कार्यान्वयनमा आएकोले शैक्षिक गतिविधिमा सुशासन कायम गर्ने प्रयास गरिएको छ। यसमा भएका प्रयासहरु यस प्रकार रहेका छन् -

१ शिक्षा अनुदान वितरण निर्देशिका २०७५ जारी भई सियारी गाउँपालिकावाट विद्यालयहरुमा निकासा हुने आन्तरिक पूँजीगत अनुदान रकमलाई व्यवस्थित गरिएको छ।

२ विद्यालयहरुको वार्षिकोत्सवमा हुने खर्चको पारदर्शिता।

३ प्रअ र विषयगत शिक्षकहरुलाई जिम्मेवार गराउने प्रयास गरिएको।

४ सवै विद्यालयमा इ हाजिरीको व्यवस्था।

#### ख. शैक्षिक सुधारको पक्षमा गरिएका प्रयासहरु

१ वालवालिकाहरुको सिकाई उपलब्धि एकिन गर्न कक्षा ५ र ८ को गाउँपालिका स्तरीय परीक्षा प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको छ। यसवाट परीक्षाको नतिजा प्रकाशनमा एकरुपता, विश्लेषण गर्न र विद्यालयको स्तर थाहा पाउन सहज भएको छ।

२ खास कक्षा ५ र ८ को गणित विषय र विज्ञान विषयको नतिजा सुधारको लागि कक्षा ५ देखि ८ सम्म अध्यापन गर्ने गणित र विज्ञानको विषयतग क्षमता विकासका लागि विषयगत तालिम सञ्चालन गरिंदै आएको छ।

३ हरेक महिनामा प्रधानाध्यापकहरुको वैठकको आयोजना गरि वैठकमा नतिजा विश्लेषण गर्दै सुधार गर्ने प्रतिवध्दता गर्दै गराउदै अगाडी वढिरहेको अवस्था छ।

४ विषयगत शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि मोटिभेसन कक्षाहरु सञ्चालन हुँदै आएको छ ।

५ शैक्षिक अन्तरक्रियावाट गुणस्तर सुधारको प्रयास शिक्षामा विद्यालय शिक्षाको स्तर सुधारको लागि जनप्रतिनिधिहरु, प्रअहरु, विषयगत शिक्षकहरु, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र गाउँपालिकाका पदाधिकारी सहितको अन्तरक्रिया हुने गरेको छ ।

६ सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वढाउन विद्यार्थीहरूले पानी पिउनको लागि वालवालिकाहरुलाई हेण्डपाइपमा झुम्मिनु पर्ने अवस्था रहेको छ । विद्यालयमा रहेका एक वा दुई ह्याण्डपाइपबाट मात्र सवै वालवालिकाले पानी पिउने गरेका र कक्षा कोठा शौचालयमा सरसफाइका सामान समेत अभाव रहेको अवस्थामा सवै सामुदायिक, धार्मिक विद्यालयहरुको लागि खानेपानी फिल्टर, जार, वाल्टि, ठूलो-सानो फोहोर उठाउने वेल्चा, कुचो, फिनेल, ट्वाइलेट व्रस आदि शैक्षिक तथा सरसफाई सामग्रीहरु वितरण गरिदै आएको र वितरणले निरन्तरता पाउँदै आएको छ । अझै यी सामग्रीहरुको अभाव नै रहेको अवस्था छ । यसले गर्दा स्वास्थ्य र सरसफाइमा ध्यान दिन पनि जोड दिइएको छ ।

७ सियारी गाउँपालिकाको शैक्षिक कार्यक्रममा एकरुपताको लागि वार्षिक शैक्षिक कार्ययोजना निर्माण गरी सवै सामुदायिक र धार्मिक विद्यालयमा वितरण गरिदै आएको र सो कार्ययोजना अनुसार कार्यान्वयन गरिदै आएको अवस्था छ । साथै कोर्स विभाजन तय गरि वितरण गर्ने गरिएको छ । जसले गर्दा पठनपाठनमा एकरुपता आइ एकै दिन परीक्षा सञ्चालन, एकै दिन नतिजा प्रकाशन र विश्लेषणमा सहजता भएको छ । जसले नतिजा सुधारमा र विद्यालयहरु वीचमा तुलनात्मक अध्ययन गर्न समेत सहयोग पुगेको अवस्था छ ।

८ सियारीमा शिक्षा दिवस मार्फत शैक्षिक गुणस्तर वृध्दि गर्ने प्रयास गरिएको छ । यो २०७५ साल देखि नियमित गरिएको छ । यस कार्यक्रममा सियारी गाउँपालिका भित्रका एस.इ.इ. परीक्षा, कक्षा ८ र ५ को गाउँपालिकास्तरका परीक्षा, गाउँपालिकास्तरमा प्रथम र द्वितीय स्थान हासिल गर्ने विद्यार्थीलाई नगद पुरस्कार र प्रमाण पत्रवाट सम्मान गर्ने गरिएको छ भने उत्कृष्ट शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई नगद पुरस्कार र सम्मान गर्ने गरिएको छ । कार्यक्रमले नियमितता पाइरहेको अवस्था छ । यसरी यस्ता प्रोत्साहन र सम्मानको कार्यक्रमले पठनपाठनमा प्रोत्साहन हुन गइ यसले सिकाइ उपलब्धिमा वृद्धि भई पठनपाठनको गुणस्तर अभिवृद्धिमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

९ पहिलो सियारी शैक्षिक महोत्सव २०७४ साल पौष महिना देखि सञ्चालन गरिदै आएकोले शिक्षक, विद्यार्थी र विद्यालयहरु वीचमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास भई शिक्षक र विद्यार्थीहरुको क्षमता विकासमा सहयोग गरेको छ।

**ग. भौतिक सुधारको पक्षमा गरिएका प्रयासहरु**

विद्यालयको आवश्यकताहरुको मूल्याङ्कनलाई हेर्दै ५ वर्षे विद्यालय सुधार योजनाको आधारमा गाउँपालिकाले भौतिक पूर्वाधार विकासको लागि नेपाल सरकार वाहेक आन्तरिक स्रोत २०७६/७७ मा रु. ६५ लाख विनियोजन गरी सवै रकमको कार्यान्वयन भएको अवस्था ।

१ २०७७/७८ मा रु ५५ लाख विभाजन गरी कम्पाउण्डवाल, साइकल स्ट्याण्ड, विद्यालयको गेट निर्माण, भवन निर्माण, मर्मत सम्भारमा नियमित रुपमा रकम विनियोजन भइ कार्यान्वयन भैरहेको छ र भौतिक रुपमा सुधार हुँदै गइरहेको छ।

२ नमूना फूलवारीको विकास गरिएको छ।

**घ. पहुँच र नियमितता वढाउनको लागि गरिएका प्रयासहरु**

१ झिकाउँ, सिकाऔं र टिकाऔं अभियान सञ्चालन गरि सियारी गाउँपालिका भित्रका सवै वालवालिकाहरुलाई विद्यालयमा झिकाउँ, सिकाऔं र टिकाऔं भन्ने आदर्श वाक्यका साथ २०७५ सालमा दोस्रो चरणको भर्ना अभियान सञ्चालन गरि करीव ३३०० वालवालिकाहरुलाई पेन्सिल, कटर, इरेजर, कापी र व्याग वितरण गरिएको थियो र सो कामले निरन्तरता पाउँदै आएको अवस्था छ। यसवाट विद्यालय छाड्ने, कक्षा दोहोर्याउने दर क्रमशः कम हुँदैछ भने उत्तीर्ण दर सुधारको क्रममा रहेको अवस्था छ। यसलाई आर्थिक सहयोग अर्घाखाँची सिमेन्ट उद्योगले गर्दै आएको छ।

२ नियमितता वढाउनको लागि हरेक वर्ष कक्षा ३, ५ र ८ का वालवालिकाहरु मध्ये सवैभन्दा उत्कृष्ट, जेहेन्दार र उपस्थिति वढि भएका वालवालिकाहरुको लागि पुरस्कृत गर्ने गरिएको छ। २०७६/७७ मा रु ५० हजार नगदै वितरण गरिएकोमा २०७७/७८ मा रु ६६ हजार विनियोजन भएको छ।

३ जनप्रतिनिधि, व्यवस्थापन समिति, शिक्षक र विद्यार्थी सम्मिलित अन्तरक्रिया हुँदै आएको छ।

४ समुदायमा रहेका ११ वालविकास केन्द्रको वसाई व्यवस्थापन र ११ वटा टेलिभिजन वितरणवाट वालविकास केन्द्रहरुलाई सुदृढ वनाउदै लगिएको छ।

५ आधारभूत तहका प्राथमिक शिक्षा प्रदान गर्ने ९ वटा विद्यालयहरुलाई टेलिभिजन वितरण कार्यक्रमले वालवालिकाहरुलाई विद्यालयमा आकर्षण वढाएको छ।

६ अङ्ग्रेजी माध्यम र नेपाली दुवै माध्यममा प्राथमिकता जोड दिइएको छ।

७ सवै विद्यालयहरुलाई सरसफाइका सामग्री वितरण गरिएको छ।

**ङ. नमूना विद्यालयहरु पठनपाठनको आकर्षणको केन्द्र**

१ सियारी गाउँपालिका र नेपाल सरकारले सियारी ४ दयानगर कृष्णपुरमा वाल विकास कक्षा १० देखि १२ सम्म सञ्चालित (कक्षा ११– १२ मा शिक्षा, वाणिज्य र विज्ञान स्ट्रिम) पव्लिक माध्यमिक विद्यालयलाई आ.व. २०७६/७७ देखि नमूना विद्यालयको रुपमा सार्वजनिकरण गरि गुरुयोजना अनुसार भौतिक निर्माणका कार्यक्रमहरु सञ्चालन भैरहेको छ। नेपाली र अङ्ग्रेजी माध्यमवाट सञ्चालित यो विद्यालय शैक्षिक सहक्रियाकलापमा समेत उत्कष्ट रुपमा प्रस्तुतीहरु हुँदै आएको छ।

२ अरु विद्यालयहरु जस्तै जनता मावि अमवा, सिध्दार्थ मावि, मैनहिया मावि, दुर्गादेवी मावि, त्रिवेणी आवि आदि विद्यालयहरुलाई पनि नमूनाको रुपमा अगाडी वढाउने प्रयास विद्यालय व्यवस्थापन समिति र गाउँपालिकावाट भइरहेको अवस्था छ।

३ जनता मावि अमवा सियारी ४ , पव्लिक मावि दयानगर सियारी ४, मैनहिया मावि सियारी २ गरी ३ वटा विद्यालयहरुमा सि.टि.इ.भि.टि.का कक्षा सञ्चालन भैरहेका छन्। प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको तालिमका कक्षाहरु सञ्चालनमा छन् जुन आकर्षणको रुपमा रहेको अवस्था छ।

**च. प्रविधिको पँहुच विस्तारमा जोड**

१ सियारीको सिध्दार्थ मावि मिलनचौक सियारी-६ यस्तो विद्यालय हो जहाँ सवै शिक्षकहरुलाई कम्प्यूटर चलाउने सिप विकास भएको छ। प्र.अ. सँगको सिप र सवै प्राथमिक तहका शिक्षक युवा भएको कारण यस्तो सम्भव भएको हो। यस्तै सवै सामुदायिक विद्यालयमा सञ्चालनको प्रयास भैरहेको छ।

२ सवै विद्यालयमा इ-हाजिरी र कम्प्यूटरको व्यवस्था गरि हरेक शिक्षकको र विद्यालयको अनिवार्य इमेल र कम्प्यूटरको सिप विकास गर्ने प्रयास गरिएको छ।

३ सवै विद्यालयमा शतप्रतिशत विद्युत जडानको प्रयास गरिएको छ।

४ सवै शिक्षकहरुको का.स.मू. र विद्यालयवाट आउने डकुमेन्ट टाइप भएर आउनु पर्ने अनिवार्य गरिएको छ।

५ शिक्षकहरुको क्षमता विकासको लागि आधारभूत कम्प्यूटर प्रशिक्षण लागु गरिएको छ।

६ पठनपाठनलाई सूचना प्रविधि मैत्री वनाउने प्रयास भएको छ।

## १.३. इमिस कोड, विद्यालयको नाम, सञ्चालित कक्षा र भौतिक अवस्था

| सियारी गाउँपालिकाका सामुदायिक विद्यालय र मदरसा विद्यालयमा भौतिक अवस्था विवरण २०७७ | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सिन | इमिस कोडन | विद्यालयको नाम ठेगाना | सञ्चालित कक्षा | भवन | कक्षा कोठा सख्या | खानेपानी को प्रयाप्तता | वास सुविधा सहित को शौचालय कोठा सङ्ख्या | कम्पाउण्ड वाल घेरावार | फर्निचर | पार्किङ्ग | प्राथमिक उपचार कक्ष | खेल सामग्री सङ्कलन कक्ष | सरस्वती को मन्दिर | सवारी साधन |
| | | | | पक्की | थप्नु पर्ने | छ | थप्नु पर्ने सख्या | छ | थप्नु पर्ने छ | छैन | छैन | छैन | छैन | छैन |
| १ | 490030004 | दुर्गादेवी आवि | ०-१० | 5 | ५ | √ | 1 | √ | √ | √ | √ | √ | √ | वस |
| २ | 490030003 | समइमाइ मावि | ०-१० | 3 | 4 | √ | 4 | √ | √ | √ | √ | √ | √ | √ |
| ३ | 490180005 | वीरेन्द्र मावि | ०-१० | 4 | 3 | √ | 2 | √ | √ | √ | √ | √ | √ | √ |
| ४ | 490280001 | जंगहत्था मावि | ०-१० | 3 | 4 | नपुग | 1 | नपुग | √ | √ | √ | √ | √ | √ |
| ५ | 490410004 | गणसारी मावि | ०-१० | 4 | 5 | नपुग | 1 | √ | √ | √ | √ | √ | √ | √ |
| ६ | 490030005 | जनता मावि | ०-१२ | 6 | 6 | √ | 15 | नपुग | √ | √ | √ | √ | √ | √ |
| ७ | 490030002 | सिद्धार्थ मावि | ०-१२ | 4 | 4 | √ | | √ | √ | √ | √ | √ | √ | √ |
| ८ | 490170001 | चिल्हीया मावि | ०-१२ | 4 | 6 | √ | 6 | नपुग | √ | √ | √ | √ | √ | √ |
| ९ | 490180007 | पव्लिकनमूनामावि | ०-१२ | 7 | 20 | नपुग | 4 | नपुग | √ | छ | √ | √ | छ | वस |
| १० | 490410001 | मैनहिया मावि | ०-१२ | 6 | | √ | | √ | √ | √ | √ | √ | √ | √ |
| ११ | 490410005 | मदरसा मैनहिया | ०-३ | 1 | 3 | √ | 2 | √ | √ | √ | √ | √ | √ | √ |
| १२ | 490030015 | ऋाकाश रवी प्रावि | ०-५ | 2 | 2 | √ | | √ | √ | √ | √ | √ | √ | √ |
| १३ | 490030001 | रामजानकी प्रावि | ०-५ | 3 | 4 | √ | | √ | √ | √ | √ | √ | √ | √ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | 490170004 | जनज्योती प्रावि | ०-५ | 1 | 1 | √ | | √ | √ | √ | √ | √ | √ | √ |
| १५ | 490180001 | बाल कल्याण प्रावि | ०-५ | 3 | 1 | √ | | √ | √ | √ | √ | √ | √ | √ |
| १६ | 490180002 | सिद्ध प्रावि | ०-५ | 2 | | √ | | √ | √ | √ | √ | √ | √ | इरेक्सा |
| १७ | 490410006 | भगदरी प्रावि | ०-५ | 3 | | नपुग | 2 | √ | √ | √ | √ | √ | √ | √ |
| १८ | 490410002 | नवदूर्गा प्रावि | ०-५ | 3 | 2 | √ | 2 | √ | √ | √ | √ | √ | √ | √ |
| १९ | 490280004 | मदरसा वोरहवा | ०-५ | 3 | | √ | 2 | | √ | √ | √ | √ | √ | √ |
| २० | 490180006 | मदरसा परसौनी | ०-५ | 3 | 2 | √ | | | √ | √ | √ | √ | √ | √ |
| २१ | 490280006 | सरस्वती आवि | ०-६ | 2 | 2 | √ | 2 | √ | √ | √ | √ | √ | √ | इरेक्सा |
| २२ | 490280003 | ज्ञानोदय आवि | ०-६ | 2 | 4 | √ | 2 | | √ | √ | √ | √ | √ | √ |
| २३ | 490030010 | विवेकशील आवि | ०-८ | 3 | 2 | √ | 2 | √ | √ | √ | √ | √ | √ | √ |
| २४ | 490030011 | त्रिवेणी आवि | ०-८ | 3 | ३ | √ | २ | नपुग | √ | √ | √ | √ | √ | वस |
| २५ | 490170002 | जनता आवि | ०-८ | 3 | 4 | नपुग | 4 | नपुग | √ | √ | √ | √ | √ | √ |
| २६ | 490180004 | छपिया आ.वि. | ०-८ | 4 | | √ | | √ | √ | √ | √ | √ | √ | √ |
| २७ | 490280002 | जनज्योती आवि | ०-८ | 3 | 2 | नपुग | | | √ | √ | √ | √ | √ | √ |
| २८ | 490410003 | कोटही आवि | ०-८ | 4 | | √ | | √ | √ | √ | √ | √ | √ | √ |
| | | | | 94 | 89 | 0 | 54 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

## १.३.३ सूचकको आधारमा सियारी गाउँपालिकाको शैक्षिक अवस्था

| **सियारी गाउँपालिका रुपन्देहीको अवस्था आधारवर्ष २०७७** | | | |
|---|---|---|---|
| सिन | सूचक | एकाइ | स्थिति |
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | |
| १।१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | % | ८०।६ |
| १।२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | % | ५२।९ |
| २ | **आधारभूत शिक्षा** | | |

| | | | |
|---|---|---|---|
| २।१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर | % | ९८.७ |
| २।२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | % | ११७.२ |
| २।३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर | % | ९७.७ |
| २।४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर | % | १३१.१ |
| २।५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर | % | ९८.१ |
| २।६ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर | % | ८७.६ |
| २।७ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर | % | |
| २।८ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका | % | ३१.१ |
| २।९ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | % | १।०५ |
| २।१० | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर | % | |
| २।११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर | % | 91.5 |
| २।१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर | % | 121.6 |
| २।१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | % | 82.9 |
| २।१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर | % | 80.1 |
| २।१५ | आधारभूत तह (कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | % | 1.03 |
| २।१६ | कक्षा ५ सिकाइ उपलब्धि | | |
| | नेपाली भाषा | % | ४३ |
| | गणित | % | २८ |
| | अङ्ग्रेजी | % | ५४ |
| | विज्ञान | % | ३१ |
| २।१७ | कक्षा ८ सिकाई उपलब्धि | | |
| | नेपाली भाषा | % | ४२ |
| | गणित | % | २८ |
| | अङ्ग्रेजी | % | ४६ |
| | विज्ञान | % | ३० |
| २।१८ | विद्यालय वाहिर रहेका वालवालिका ( प्राथमिक कक्षा १–५ ) | % | २।३ |
| २।१९ | विद्यालय वाहिर रहेका वालवालिका ( आधारभूत कक्षा १–८ ) | % | ८।५ |
| २।२० | आधारभूत तह (कक्षा १-८) मा अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या | % | ४५.५ |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | % | |
| | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर | % | 50.8 |
| | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर | % | 86.8 |

| | | | |
|---|---|---|---|
| | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | % | 1.19 |
| | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | % | 91.3 |
| | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | % | 51.3 |
| | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | % | |
| | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या | % | 18.4 |
| ४ | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | |
| | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | % | ६९.४ |
| | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | % | ७५ |
| | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | % | ७८ |
| | लैङ्गिक विकास सूचाङ्क (६ वर्ष भन्दा माथिको साक्षरता दरमा) | % | |
| ६ | **सुशासनर व्यवस्थापन** | | |
| | वालविकास शिक्षा तह (कक्षा ० ) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | अनुपात | २४: १ |
| | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | अनुपात | ३१: १ |
| | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | अनुपात | ९०:१ |
| | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | अनुपात | ४१:१ |
| | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | अनुपात | ६८:१ |
| | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीः शिक्षक अनुपात | अनुपात | ६१:१ |

समग्रमा सियारी गाउँपालिकामा थारु तथा मधेसवासीहरुको वसाइको वाहुल्यता भएको हुँदा आफ्नै खालको भाषा, सँस्कृति रहनसहन भएता पनि शैक्षिक हिसावले सुधारोन्मुख ग्रामिण परिवेशको गाउँपालिका हो। शैक्षिक सुधारको वाटोमा लम्की रहेको छ। विद्यालय तथा कक्षा छाड्ने दर उच्च, विज्ञान र गणित विषयको सिकाइ स्तर कमजोर र अन्य विषयमा पनि गुणस्तर कमजोर भएपनि शिक्षकहरुमा उत्प्रेरणा र प्रोत्साहन गर्ने हिसावले सियारी शिक्षा दिवस मार्फत पुरस्कार र सम्मानित गर्ने अभ्यास तथा सियारी शैक्षिक महोत्सव मार्फत शिक्षक तथा विद्यार्थीहरुले निर्माण गरेको शैक्षिक सामग्रीहरुको प्रदर्शन, साहित्यिक, वौध्दिक र खेलकूदका कार्यक्रम आदि प्रयासले सवैमा सकारात्मक सङ्केतहरु दिएको छ। शिक्षकहरुको पेशागत विकास अत्यन्त कमजोर रहेकोले यसलाई वढोत्तरी गराउनु पर्ने अवस्था छ । सियारी गाउँपालिकामा शिक्षक दरवन्दी कम भएका कारण

शिक्षकको तलवमा, करीव १ करोड वार्षिक खर्च भैरहेको अवस्थामा केन्द्रवाट सियारीमा थप हुने १०१ दरवन्दी प्राप्त हुन सक्यो भने यो रकम शिक्षाका अन्य पूर्वाधार विकासमा र पेशागत विकासमा लगानी गर्न सकियो भने निकै फलदायी हुने सम्भावना पनि रहेको छ। सियारी शिक्षा ऐन २०७४ र नियमावली २०७४ स्वीकृत गरि कार्यान्वयन गरेको यो गाउँपालिकामा वडा अनुसार सामुदायिक पुस्तकालय स्थापना गरि शिक्षाको ज्योति समूदायमा छर्न सकेको खण्डमा निकै फलदायी हुने अपेक्षा गर्न सकिन्छ । माछा उत्पादनको उर्वरभूमी रहेको यो गाउँपालिका फिस जोनको रुपमा परिचित भएकोले स्थानिय पाठ्यक्रममा समावेश गर्न सकियो भने रोजगार सृजनामा निकै सहयोग हुने देखिन्छ र यसलाइ लुम्बिनीसँग जोडेर शिक्षा दिदा पर्यटकलाई आकर्षित गर्नसक्ने देखिन्छ।

### १.३.५. सियारी गाउँपालिकामा शिक्षा सम्वन्धी समस्या र चुनौतीहरु

**समस्याहरु**

१ अझै पनि विद्यालयका कक्षा कोठा सफा चट्ट राम्रो गराउन नसकिएको।

२ विद्यालयमा भौतिक समस्याहरु अझै रहेको ।

३ शौचालय भए पनि पानी सहितको नभएको।

४ प्राविधिक शिक्षामा विद्यार्थी र विषय विज्ञलाई टिकाई राख्न गाह्रो।

५ विद्यालय गएका वालवालिकाहरुलाई विद्यालयमा टिकाई राख्न गाह्रो।

६ महोत्सवको महत्व, आवश्यकता र औचित्य जनप्रतिनिधिले वुझाउन नसक्नु।

७ शिक्षा दिवस र सियारी शैक्षिक महोत्सवको खर्च वढ्दै जानु।

८ प्राविधिक शिक्षालयको कमीको कारण प्राविधिक शिक्षाको पहुँच कम रहेको।

९ समुदायमा शैक्षिक सचेतनाको लागि कुनै काम गर्न नसकिएको।

१० अभिभावकहरु र विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको गुणस्तर वढाउने प्रयासको लागि सहजिकरण गर्न नसकिएको।

११ समुदायमा शिक्षाको कमी रहेको।

**चुनौतीहरु**

१ दरवन्दी न्युन भएको कारण शिक्षकको तलव भत्तामा ठूलो रकम लगानी गर्नुपर्ने र उपलव्धी न्यून।

२ शैक्षिक नीतिका कारण प्राथमिक तहका गणित र विज्ञान विषयका शिक्षकहरुको अभाव हुँदै गइरहेको र गणित तथा विज्ञान विषयको उपलब्धि अत्यन्त कमजोर र ह्रासोन्मूख हुने हो कि भन्ने चिन्ता।

३ सामुदायिक विद्यालयमा सूचना प्रविधिका सामग्रीहरुमा लगानी र सङ्कलन वढ्दै जाँदा ती सामग्रीहरुको पठन पाठनमा प्रयोग र प्रदर्शन गर्ने शिक्षकहरु सीपको अभाव ।

४ प्रारम्भिक कक्षाहरु १,२ र ३ मा कक्षा छाड्ने र दोहोर्याउने दर वढ्दै जाँदा प्रमोशन दर पनि वढाउनु पर्ने।

५ शिक्षामा लगानी वढ्दै जाँदा आशातित उपलब्धि हासिल हुनेमा शंका उपशंका।

६ वाटो र माटोमा गरिने लगानीले एक वर्षमै उपलब्धि देखिने गरेकोमा शिक्षामा गरेको खर्च लगानीको रुपमा बुझाउने चुनौती रहेको।

# परिच्छेदः दुई

## नयाँ शिक्षा क्षेत्र योजना

### २.१ सन्दर्भ र औचित्य

हरेक कुरा परिवर्तनशील छ । शिक्षामा पनि समयसापेक्ष परिवर्तन आइरहेको छ । शिक्षाका नयाँ नयाँ विधिहरु र प्रविधिमा आइरहेको नविनतम विकासले विश्वमै शिक्षाले फड्को मारिरहेको छ । नेपालमा पनि शिक्षामा परिवर्तन आएको हो । शैक्षिक सुधारका लागि विभिन्न प्रयासहरु हुँदै आइरहेको छ । शैक्षिक गुणस्तर वृद्धि गर्न सफल अस्त्रको रुपमा राम्रो योजनालाई लिन सकिन्छ र त्यसको प्रभावकारी कार्यान्वयनबाट मात्र शैक्षिक सुधार र गुणस्तरीय शिक्षा हासिल गर्न सकिन्छ । शिक्षामा सुधारात्मक प्रयासका लागि वि.सं. २००७ सालपछि विभिन्न आयोगहरु गठन भए । ती आयोगहरुबाट विभिन्न प्रतिवेदन बन्यो तर ती प्रतिवेदनबाट सुझाइएका कदमहरु कार्यान्वयन हुन सकेनन् । वि.सं. २०१० को नेपालमा शिक्षा नामक योजना कार्यान्वयन भएसँगै शिक्षामा आम नागरिकको चासो बढेको र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्यिवन हुँदै आएका छन् । प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सबैका लागि शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहस्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए ।

हालमा विद्यालय क्षेत्र सुधार कार्यक्रम सन् २००९ मा शुरु भएर २०१६ मा अन्त्य भयो भने नेपालको संविधान र संघीय संरचनामा शिक्षाका योजना तथा कार्यक्रमहरु सुरुवात गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (एस.एस. डि.पी.) को ५ वर्षे कार्यक्रमको समयावधि वि.सं. २०७८ असार मसान्तमा समाप्त हुने । यसै सन्दर्भमा शैक्षिक सुधारका लागि अर्को महत्वपूर्ण कार्यक्रमको रुपमा शिक्षा क्षेत्र विकास योजना (२०७८–२०८८) विकास गरी कार्यान्वयन गर्ने कार्यक्रम स्वरुप यो योजना विकास गर्न लागिएको हो । लुम्बिनी प्रदेशका ३ ओटा स्थानीय तहलाई यो शिक्षा क्षेत्र विकास योजना तयार पार्ने जिम्मेवारी दिइएकोमा सियारी गाँउपालिकाले पनि यस्तो विशेष योजना तयार पार्ने मौका पाएको हो । वर्तमान नेपालको संविधान २०७२ अनुसार संघियताको कार्यान्वयन पश्चात आधारभूत र माध्यमिक विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई दिएपछि अधिकारसँगै जिम्मेवारी पनि थपिएको छ । रुपन्देही जिल्लामा शिक्षा क्षेत्रमा धेरै योजना र कार्यक्रम लागु गर्ने देखि शिक्षा क्षेत्रमा ठूलो बजेट विनियोजन गर्दै आएको सियारी गाँउपालिकाले सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशले छनौट गरेपश्चात सियारी गाँउपालिकाको १० वर्षे शिक्षा  योजना विकास गरिएको हो ।

## नयाँ शिक्षा क्षेत्र योजनाको औचित्य

शिक्षा सबैको सरोकार र अधिकारको विषय पनि हो। सबैले गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनु पर्छ। त्यसैका लागि नयाँ शिक्षा क्षेत्र विकास योजना बनाइएको हो। योजना निर्माण कार्यमा सबैको संलग्नता हुनुपर्दछ। विदेशबाट आयातित योजनाहरु माटो सुहाँउदो नभएकाले प्रभावकारी नभएको विज्ञहरु बताउँछन्। हालको नयाँ शिक्षा क्षेत्र विकास योजनाका लागि प्रत्यक्ष सरोकार राख्ने समूहहरुसँग छलफल गरी स्थानीय तहले निर्माण गर्न लागेको हुनाले यसको कार्यान्वयन, मूल्यांकन र परिणाम प्रभावकारी हुने आशा लिन सकिन्छ। योजनाका लागि राष्ट्रिय मापदण्ड र नीतिलाई मात्र आधार नलिएर सियारी गाँउपालिकाकै यथार्थ विवरणबाट शिक्षाका विभिन्न उपक्षेत्रहरुको वर्तमान अवस्था, उपलब्धि, प्रमुख समस्या तथा चुनौतीको विश्लेषण गर्दै आगामी दशकका निमित्त शिक्षा विकासका अवसर र प्राथमिकता पहिचान गरी योजनामा सम्बोधन गरिएको छ। साथै योजना बनाउँदा आवश्यकतामा आधारित रही सबैको सहभागीता र समावेशीपनलाई समेटिएकोले योजना यथार्थपरक र उद्देश्यमूलक पनि हुनेछ।

कुनै पनि योजनाको अर्को प्रमुख तत्व भनेको दीर्घकालीन रणनीति हो। यस योजनामा पनि शिक्षा क्षेत्र सुधारका लागि स्थानीय तहको दीर्घकालीन रणनीति राखिएको छ। विना रणनीति लक्ष्य हासिल गर्न कठिनाई उत्पन्न हुन्छ। आगामी १० वर्षका लागि सियारी गाँउपालिकाको शिक्षा कस्तो बनाउने, कस्ता जनशक्ति तयार पार्ने भन्ने जस्ता रणनीतिहरु यस योजनामा रहेका छन्। समस्या पहिचान र प्राथमिकीकरण गरी समाधानका विकल्पहरु पहिल्याइ समाधान गर्नमा यस योजनाले महत्वपूर्ण कार्य गर्नेछ। त्यसैगरि सियारी गाँउपालिकालाई पनि आफ्ना बार्षिक कार्यक्रमहरु बनाउन सहयोग गर्नेछ। यसले स्पष्ट खाका बनाउन मद्दत गर्नेछ भने आगामी वर्षहरुमा शिक्षा क्षेत्रमा विभिन्न कार्यक्रमहरुका लागि स्थानीय तहलाई बजेट विनियोजन गर्न धेरै हदसम्म सहयोगी हुनेछ। आगामी दशकसम्म शिक्षा क्षेत्रका कार्यक्रमहरु यसै योजना बमोजिम हुने हुँदा बजेट विनियोजन गर्न सहजता हुने देखिन्छ।

शैक्षिक सुधार र गुणस्तरीय शिक्षा हासिल गर्न यस योजनाले सम्पूर्ण सरोकारवालाहरुलाई संलग्न गर्नेछ। सबैभन्दा पहिले शिक्षकको व्यवस्थापन र विकासमा जोड दिनेछ। शिक्षक विद्यार्थीको अनुपात र शिक्षक दरबन्दी वितरणको अवस्था आदिको विश्लेषण गर्ने, शिक्षकलाई प्रविधिमैत्री बनाउने, तालिम सञ्चालन गर्ने जस्ता विषयवस्तु समेटिएको छ। त्यसैगरी अर्को महत्वपूर्ण पाटो अभिभावक हुन्। अभिभावकहरु जबसम्म सचेत हुँदैनन् तबसम्म सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि गर्न सम्भव छैन। यसका लागि अभिभावक शिक्षाको पनि व्यवस्था गर्ने योजना रहेको छ। शैक्षिक सुधारवाट मात्र शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गर्न सकिन्छ। यसको लागि शैक्षिक योजना आवश्यक हुन्छ। सियारी गाउँपालिकामा कुनै पनि योजना वन्न नसकेको अवस्थामा यो योजना कोसेढुङ्गा सावित हुनसक्छ। योजना तल्लो तहमा वनेर माथिल्लो तहमा जानु पर्ने सिध्दान्त अनुरूप यसलाई

आत्मसात गर्ने प्रयास गरिएको छ भने आफ्नो योजना आफै बनाउने र आफै कार्यान्वयन गर्ने अवसर पनि हो। त्यसैले यो सान्दर्भिक र औचित्यपूर्ण छ।

### २.१.१ सियारी गाउँपालिकाले शिक्षा क्षेत्रमा गर्ने कामहरु

नेपालको सम्विधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन अनुसार सियारी गाउँपालिकाले गर्ने काम यस प्रकार रहेको छ।

१ प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ , सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनगुमन, मूल्याङ्कन र नियमन,

२ सामदुायिक संस्थागत गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

३ प्राविधिक शिक्षा, व्यवसायिक योजनाको तर्जुमा, सञ्चालन, अनुमति, अनगुमन, मूल्याङ्कन र नियमन,

४ मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनगुमन तथा नियमन,

५ गाउँ शिक्षा समिति गठन तथा व्यवस्थापन,

६ विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

७ विद्यालयको नामाकरण व्यवस्था ,

८ सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

९ विद्यालयको गणुस्तर अभिवृध्दि को वितरणतथा पाठ्यसामग्री

१० सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,

११ विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृती, समायोजन तथा नियमन,

१२ सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

१३ आधारभतू तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

१४ विद्यार्थी सिकाई उपलब्धीको परिक्षण र व्यवस्थापन,

१५ निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तीको व्यवस्थापन,

१६ ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुगमन तथा नियमन,

१७ स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

१८ स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

१९ माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

२० सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय

व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

२१ शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

२२ अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

## २.२ शिक्षाको दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमवाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई सम्वृध्द र सुखी नेपाली वनाउने।

## २.३ सियारी गाँउपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य

### दीर्घकालीन सोच

शिक्षित, सभ्य, स्वस्थ्य र सक्षम जनशक्ति, सामाजिक न्याय, रुपान्तरण र सम्वृध्द सियारी गाउँपालिका निर्माण।

### गन्तव्य

सवै तहको शिक्षालाई प्रतिस्पर्धि, रोजगारमूलक, प्रविधिमैत्री र उत्पादनमुखी वनाइ सियारी गाउँपालिकाले आफ्नो पालिका, प्रदेश र राष्ट्रको आवश्यकता अनुरुपको मानव सम्साधनको विकास गर्ने।

## २.४ प्रमुख उद्देश्यहरू

सियारी गाउँपालिकाले शिक्षाका उद्देश्यहरू यस प्रकार तय गरेको छ।

२.४.१. प्रारम्भिक बालविकासको शिक्षालाई गुणस्तरीय र सूचना तथा प्रविधिमा पहुँच वढाउनु।

२.४.२. आधारभूत तहको शिक्षालाई अनिवार्य र नि:शुल्क गर्नु।

२.४.३. आधारभूत शिक्षालाई समतामूलक पहुँच, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय वनाउनु।

२.४.४. माध्यमिक शिक्षालाई गुणस्तरीय, सुचना तथा प्रविधिमा पहुँच, सृजनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक सोच भएका प्रतिस्पर्धी, सीपयुक्त र उत्पादनशील जनशक्ति तयार गर्नु ,

२.४.५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सियारी गाउँपालिका, लुम्विनी प्रदेश र सिंगो नेपालको विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु।

२.४.६. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सहजीकरण गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन र सवलीकरण गर्नु ।

२.४.७. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा वैकल्पिक, परम्परागत शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ।

२.४.८. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु ।

२.४.९. शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न, उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु ।

२.४.१०. नैतिक शिक्षामा जोड दिनु ।

## २.५ सियारी गाउँपालिकाको दीर्घकालीन रणनीति

माथि उल्लेख गरिएका उद्देश्यहरु प्राप्तीको लागि निम्न रणनीतिहरुलाई प्राथमिकतामा राखिएको छ ।

१. प्राविधिक शिक्षामा पहुँच वृध्दि गरी सिपमूलक जनशक्तिको विकास गर्ने ,
२. आधारभूत र माध्यमिक शिक्षामा सूचना तथा प्रविधिको पहुँच र सहभागिता वढाउने ,
३. गणित र विज्ञान विषयको नतिजामा सुधार गर्दै गुणस्तरमा सुधार र सान्दर्भिकतामा वृध्दि गर्ने ,
४. सवै विद्यालयहरुमा भौतिक पूर्वाधारको पूर्ण रुपमा विकास गरी भौतिक पूर्वाधार र प्रविधिमैत्री शिक्षालाई एकै साथ अगाडी वढाइने,
५. शैक्षिक गुणस्तर सुधारको लागि अन्तरक्रिया, मोटिभेसन कक्षा, शिक्षा दिवस, शैक्षिक महोत्सव र शैक्षिक सामग्री निर्माण प्रयोग आदिमा जोडदिनु ।
६. प्राविधिक शिक्षालयको स्थापना गरी प्राविधिक शिक्षामा पहुँच वृध्दि गरी सिपमूलक जनशक्तिको विकास गर्ने ।
७. कक्षा ५ र ८ को परीक्षा गाउँपालिका स्तरीय सञ्चालन गरी समग्र कक्षाको नतिजामा सुधार गर्ने ।

यी प्राथमिकताहरुमा आधारित भइ योजनाको कार्यान्वयनमा निम्न रणनितिहरु तय गरिएको छ ।

१. योग्य तथा तालिम प्राप्त वालविकास शिक्षकहरूको संख्या बृद्धि गरिनेछ ।
२. प्रत्येक वालवालिकाको लागि सुरक्षित सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ ।
३. उपयुक्त स्वास्थ्य स्याहारका कारणबाट बालबालिकाको पोषण स्वास्थ्यमा सुधार गरिनेछ ।

४. बालविकास केन्द्रको अनुभव लिएका शत प्रतिशत बालवालिका कक्षा १ मा भर्ना हुनेछन्।
५. सबै वालविकास केन्द्रहरुमा सिकाई सामग्री विकास गरिनेछ।
६. आधारभूत तहका शिक्षकहरुमा सूचना तथा संचार प्रविधि सम्बन्धी सिप र क्षमताको विकास भइ उक्त सिप र क्षमता कक्षा शिक्षणमा प्रयोग गरिनेछ।
७. सूचना संचार प्रविधि सिकाइको अभिन्न अंगका रुपमा विकसित गरिनेछ।
८. भर्ना दर, उपस्थिति दर, अध्ययन क्षमता र सिकाई उपलब्धिमा सुधार गरिनेछ।
९. कक्षा १ मा भर्ना भएका शत प्रतिशत बालबालिका कक्षा ८ मा भर्ना गरिनेछ।
१०. आधारभूत तहमा वालमैत्री भौतिक पूर्वाधारको विकास गरिनेछ।
११. लैंगिक तथा जातिय विभेदमा कमी आई वालवालिकालाई सम्मानजनक सिकाई वातावरण को विकास भएको हुनेछ।
१२. आधारभूत शिक्षामा समतामूलक पहुँच वृध्दि तथा गुणस्तरमा सुधार गरिनेछ।
१३. माध्यमिक उमेर समूहका सबै बालबालिकाको लागि निःशुल्क गुणस्तरीय र जिवनोपयोगी शिक्षाको प्रत्याभूत गरिनेछ।
१४. माध्यमिक विद्यालयलाई भौतिक पूर्वाधार सम्पन्न गरिनेछ।
१५. शिक्षण प्रविधिमैत्री तथा सहभागितामूलक गरिनेछ।
१६. सार्वजनिक शिक्षाको गुणस्तरमा बृद्धि गरिनेछ।
१७. महामारीजन्य रोग तथा प्राकृतिक प्रकोपका कारणले शिक्षण सिकाइलाई बाधा नपारी अनलाइनका विविध माध्यमहरुबाट शिक्षण सिकाई प्रकृयाले सबै विद्यालयमा सूचना तथा संचार प्रविधिको पहुँच वढाइनेछ ।
१८. गाउँपालिकामा कम्तिमा एउटा साधन सम्पन्न प्राविधिक शिक्षालय स्थापना गरिनेछ।
१९. एउटा मात्र सामुदायिक कलेज, जसको भौतिक पूर्वाधार विकास गरिनेछ।
२०. सामुदायिक कलेजलाई प्राविधिक तथा व्यावसायिक तालीम केन्द्रको रुपमा विकास गरिनेछ।
२१. विद्यालय शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित शिक्षामा (STEM) विद्यार्थीको पहुँच बृद्धि गरिनेछ।
२२. निरन्तर शिक्षा, वैकल्पिक सिकाई, अनौपचारिक शिक्षा, जिवनपर्यन्त सिकाई र शिक्षालाई सामुदायिक सिकाई केन्द्र मार्फत सञ्चालन गर्न केन्द्रको र सहजकर्ताको क्षमता विकास गरि शैक्षिक सूचना केन्द्रको रुपमा विकास गरिनेछ ।
२३. सिकाई केन्द्रका माध्यमद्वारा साक्षरता शिक्षाका लघु कक्षाहरु, अभिभावक शिक्षा तथा चेलिबेटी शिक्षा कार्यक्रम संचालन गरिनेछ।
२४. साक्षरता शिक्षा, निरन्तर शिक्षा तथा सिप विकास तालिमका माध्यमबाट जनचेतना अभिवृद्धि गर्दै स्वरोजगार तर्फ उन्मुख जनशक्ति निर्माण गरिनेछ।

२५. सिकाई केन्द्रका माध्यमद्वारा सीपमूलक तालिम तथा आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ।

२६. नमूना सामुदायिक सिकाई केन्द्र स्थापना गरिनेछ।

२७. सबै सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत वालवालिकाको शारिरिक, मानसिक, बौद्धिक, सामाजिक लगायत सर्वाङ्गिण विकासमा सहयोग पुगेको हुनेछ।

२८. सियारी शैक्षिक महोत्सव, शिक्षा दिवस, खेलकूद विकास कार्यक्रम आदि क्रियाकलाप मार्फत वालवालिकामा अन्तरनिहित प्रतिभाको प्रष्फुटन जिल्ला, प्रदेश हुँदै केन्द्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति विकास गरिनेछ।

२९. सियारी शैक्षिक महोत्सव मार्फत विद्यालय-विद्यालय, विद्यार्थी-विद्यार्थी र शिक्षक-शिक्षक विचमा स्वस्थ्य प्रतिस्पर्धाको भावनाको विकास गरिनेछ।

## २.६ शिक्षाको दूरदृष्टी

नेपालको शिक्षाको दूरदृष्टी यस प्रकार रहेको छ :

"सामाजिक न्यायसहित स्वस्थ, सभ्य र सक्षम जनशक्ति उत्पादन राष्ट्र निर्माणको दिशा ! व्यक्तिको सर्वाङ्गीण विकास र सामाजिक आर्थिक रूपान्तरणका लागि गुणस्तरीय शिक्षा !!"

## २.७ प्रमुख उपलब्धि सूचकहरू

यो सन २०३० सम्म प्रारम्भिक वालविकासमा खुद भर्ना दर शतप्रतिशत पुगेको हुनेछ । कक्षा ५ सम्मको टिकाउदर ९०% भन्दा वढी हुनेछ । त्यस्तै कक्षा १ मा भर्ना हुने वालविकासको अनुभव भएका वालवालिका शतप्रतिशत हुनेछ । १५ वर्ष माथिको साक्षर दर र युवा साक्षरको दर पनि शतप्रतिशत हुनेछ । प्राथमिक तह र आधारभूत तहको खुद भर्ना दर शतप्रतिशत हुनेछ । सबै विद्यालयहरु भौतिक पूर्वाधारले सम्पन्न हुनेछन्। सबै शिक्षकहरुलाई ५०% अनुदानमा एक ल्यापटप वितरण गरी सबै विद्यालयलाई डिजिटलाइज गरिने छ। माध्यमिक तहमा मात्र विज्ञान प्रयोगशालाको अवधारणालाई आधारभूत तहसम्म स्थापना गरिने छ । विद्यालयहरुमा गणित प्रयोगशाला र विद्यालयले निर्माण गरेको शैक्षिक सामग्रीहरु अवलोकन गर्न पाइने छ। मा.वि. र कक्षा (६–८) का आधारभूत विद्यालयहरुमा खेलकूद शिक्षक तयारी गरी आधारभूत खेलकूद तालीम सञ्चालन गरी शिक्षक परिचालन गरिएको हुनेछ। डिजिटलाइज माध्यमवाट पठन–पाठन भएको हुनेछ। कक्षा ५ र ८ को सबै विषयको सिकाई उपलब्धि ५०% भन्दा बढी हुनेछ । आधारभूत तह कक्षा (१–८) मा विद्यालय वाहिर रहेका वालवालिका १% मा सिमित हुनेछन्।

# परिच्छेद: तीन
# शिक्षाका क्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

" जग वलियो भयो भने घर वलियो हुन्छ " भने जस्तै पूर्व प्राथमिक तथा वालविकास केन्द्र र यो तहका वालवालिकाको स्तर राम्रो भयो भने माथिल्ला कक्षाहरु स्वतः सुधार हुँदै जान्छन् नै । त्यसैले वालविकास केन्द्रको अनुभव लिएर कक्षा १ मा प्रवेश गराउने प्रतिशत वढाउन सकियो भने सार्वजनिक शिक्षाको स्तर स्वतः वढ्छ। शारिरिक, मानसिक, संवेगात्मक तथा सामाजिक एवम नैतिक पक्षको पूर्ण रुपमा विकास गराउन सकियो भने पनि वालवालिकाहरुको पठनपाठनको स्तर वढाउन सकिन्छ । यसलाई सर्वशुलभ र स्तरोन्नति गरिनु पर्छ। ४ वर्ष उमेर समूहका वालवालिका पढ्ने यो तहमा शिक्षकको योग्यता भने दश जोड दुई रहेको छ।

### ३.१.२ वर्तमान अवस्था

सियारी गाउँपालिकामा समुदाय र विद्यालयमा गरी ३९ वटा भवनमा वालविकास केन्द्र सञ्चालन भएका छन्। समुदायमा आधारित ११ वालविकास केन्द्र भवनमा ११ वटा टिभि जडान र कक्षा कोठा फर्निसिङ्ग गरि रमाइलो वातावरण र वसाइ व्यवस्थापन मिलाइएको छ । सियारी गाउँपालिकामा ११ वटा भवनमा १२ वटा समुदायमा आधारित, ३७ वटा सामुदायिक विद्यालयमा आधारित अनि ५ वटा मदरसामा र १३ वटा निजिक्षेत्रका संस्थागत विद्यालयमा गरी हाल ६५ वटा प्रारम्भिक वालविकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयहरु रहेका छन् । समुदायमा आधारित र सामुदायिक विद्यालयमा केन्द्रित वालवालिकाको संख्या र मदरसामा आधारित वालविकास केन्द्रमा गरी वालवालिकाहरुको संख्या १३६५ रहेकोमा सही उमेर समूह ३ र ४ वर्षका वालवालिकाको संख्या ७०४ रहेको छ भने कम उमेर समूह १०७ र वढि उमेर समूहका ६५४ वालवालिकाको संख्या रहेको छ। यसमा सियारी गाउँपालिकामा सामुदायिक वालविकास शिक्षकको संख्या ५५ रहेको छ। वालविकास मा वालवालिका र शिक्षक अनुपातको तुलना गर्दा एक जना शिक्षकलाई २४ जना वालवालिका परेको देखिन्छ । सामुदायिक विद्यालय र वालविकास शिक्षकको अनुपात एक विद्यालय वरावर १:१.४ रहेको छ । चारवटा मदरसाहरु मध्ये ३ वटा मदरसामा सरकारी कोषवाट तलब भत्ता खाने वालविकास शिक्षकको संख्या ५ रहेको छ । दश जोड दुइ पास भएका वालविकास शिक्षकहरुको संख्या उल्लेख्य भएपनि कम योग्यता भएका शिक्षकको संख्या १५ रहेको छ।

यसको विवरण निम्न टेवलवाट देखाउन सकिन्छः-

सरकारी वालवालिका उमेरगत वालवालिका विवरण  टेवल न ३.१ मा दिइएको छ।

| टेवल न ३.१ | | | | |
|---|---|---|---|---|
| **सामुदायिक विद्यालय र समुदायमा आधारित सामुदायिक वालविकास केन्द्रका वालवालिका विवरण २०७७** | | | | |
| **उमेर समूह** | **छात्र** | **छात्रा** | **जम्मा** | **कैफियत** |
| **३ वर्ष भन्दा कम** | ५२ | ५५ | १०७ | |
| **३ वर्ष** | १५८ | १८८ | ३४६ | |
| **४ वर्ष** | १७० | १८८ | ३५८ | |
| **५ वर्ष** | १४१ | १३० | २७१ | |
| **६ वर्ष** | ८२ | ७० | १५२ | |
| **६ वर्ष भन्दा वढी** | ६९ | ६२ | १३१ | |
| **जम्मा** | ६७२ | ६९३ | १३६५ | |
| | | स्रोत : IEMIS 2077 online system | | |

सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा पनि कम उमेर समूहको संख्या न्यून र वढी उमेर समूहका वालवालिकाहरुको संख्या वढी देखिएको र सही उमेर समूहका वालवालिकाहरु को संख्या तुलनात्मक रुपमा र संख्यात्मक प्रतिशतको आधारमा वढी देखिएको छ। यसमा संस्थागत विद्यालयमा जम्मा ७७० वालवालिका प्रवेश गरेको देखियो तर वालविकास उमेर समूह ३ र ४ वर्षका वालवालिकाको संख्या भने अत्यन्त न्यून १२३ मात्र देखियो भने वढी उमेर समूहका वालवालिकाको संख्या ६४० देखियो। संस्थागत विद्यालयमा नर्सरी, एल केजी, केजी र युकेजी भएको कारण पनि वढी उमेर समूहका वालवालिका वढी देखिएको हो। पूर्व प्राथमिक तहमा वढी समय खर्चिएको देखिन्छ। संस्थागत विद्यालमा पूर्व प्राथमिक तहका पढाउने शिक्षकको संख्या ३३ मध्ये ३१ महिला र २ पुरुष रहेको छ। संस्थागत विद्यालयमा शिक्षक र वालवालिकाको अनुपात हेर्दा एक शिक्षक वरावर १:२३ वालवालिका  देखिन्छ। तालिका नं. ३.२ वाट यो प्रष्ट हुन्छ।

| तालिका न ३.२ संस्थागत विद्यालयमा अध्ययनरत पूर्वप्राथमिक शिक्षाका वालवालिका विवरण २०७७ | | | | |
|---|---|---|---|---|
| उमेर समूह | छात्र | छात्रा | जम्मा | कैफियत |
| ३ वर्ष भन्दा कम | ३ | ४ | ७ | |
| ३ वर्ष | ७ | ३ | १० | |
| ४ वर्ष | ५३ | ६० | ११३ | |
| ५ वर्ष | ९३ | ११६ | २०९ | |
| ६ वर्ष | ७९ | १३४ | २१३ | |
| ६ वर्ष भन्दा वढी | ७४ | १४४ | २१८ | |
| जम्मा | ३०९ | ४६१ | ७७० | |
| | | स्रोत : IEMIS 2077 online system | | |

यसरी सियारी गाउँपालिकामा वालविकास तथा पूर्व प्राथमिक उमेर समूह वर्ष ३ र ४ को उमेर जनसंख्या..........रहेकोमा यो उमेर समूहका वालवालिका सामुदायिक तर्फ ७०४ र सामुदायिक विद्यालय तर्फ १२३ गरी जम्मा ६२७ वालवालिका मात्र विद्यालयमा प्रवेश गरेको देखिन्छ। यसवाट के देखिन्छ भने जनसंख्या भन्दा वढी वालवालिका विद्यालयमा प्रवेश हुनुले छिमेकी पालिकाहरु तिलोत्तमा नगरपालिका, शुध्दोधन गाउँपालिका, मायादेवी गाउँपालिकावाट पनि वालवालिका अध्ययनको लागि आउने गरेको देखिन्छ। वढी उमेर र कम उमेर समूहका वालवालिका वालविकास केन्द्रमा प्रवेश हुनुमा विभिन्न कारण भए पनि पूर्वप्राथमिक तहको पठनपाठन अवधि वढीमा २ वर्ष गर्न सक्ने हो भने पनि यो समस्या कम गर्न सकिने देखिन्छ।

### ३.१.३ प्रमुख समस्या र चुनौतिहरु

प्रारम्भिक वालविकास केन्द्रमा निम्न समस्या र चुनौतिहरु रहेका छन् -

१ ३ र ४ वर्ष उमेरका वालवालिका मात्र भर्ना गर्नुपर्छ भन्ने अभिभावक ज्ञानको कमी।
२ कम उमेर र वढी उमेरका वालवालिका वालविकास केन्द्रमा भर्ना गर्ने प्रवृत्ति।
३ सिकाई सामग्री र सिकाई वातावरण विकासको कमी।
४ वालविकास केन्द्रको वाह्यवातावरण जस्तै खेलमैदानको कमी, शौचालयको समस्या।
५ भवन मरमत गर्न गराउन नसकिएको।
६ सेवा प्रवेश गर्दाको १२ दिने वालविकास आधारभूत तालिमको भरमा वालविकास शिक्षकले कक्षा सञ्चालन गरिरहेका र पुनर्ताजगी तालिमको कमी।
७ थारु, यादव, पिछडा वर्ग वाहुल्यता रहेको वस्ती भएकोले सचेतनाको कमी रहेको।

८ कम्प्युटर, प्रिन्टर जस्ता अत्यावश्यक सामग्रीहरुको अभाव।
९ वालविकास शिक्षक र अभिभावकहरुमा सूचना तथा सञ्चार प्रविधिको वारेमा ज्ञानको कमी।
१० अझै पनि अन्डर एसएलसी वालविकास शिक्षक कार्यरत रहेकोले योग्यता वढाउने अवसर प्रदान गर्न नसकिएको अवस्था।

### ३.१.४ प्रारम्भिक वालविकास शिक्षाका उद्देश्यहरु

१ यो उमेर समूहका बालबालिकाको प्रारम्भिक बालविकासमा पहुँच वढाउने ।
२ शारीरिक, मानसिक, सम्वेगात्मक तथा सामाजिक एवम नैतिक पक्षको विकास गराउने।
३ पाँचवर्ष उमेरका मात्र कक्षा १ मा प्रेवश गराई वालवालिका प्रतिशत वढाउने।
४ प्रारम्भिक वालविकास केन्द्रको अनुभव लिएर कक्षा १ मा भर्ना हुने वालवालिकाहरू शतप्रतिशत वढाउने।
५ केन्द्रको राष्ट्रिय मापदण्ड अनुसार सवै खाले संरचना विकास गरिने।
६ प्रारम्भिक वालविकास केन्द्रहरुमा पनि सूचना प्रविधिको पहुँच विस्तार गर्ने।
७ प्रारम्भिक वालविकास शिक्षकको पेशागत दक्षता अभिवृध्दि गर्ने।
८ प्रारम्भिक वालविकास केन्द्रलाई सर्वशुलभ र स्तरोन्नति गर्ने।

### ३.१.५ प्रारम्भिक वालविकास शिक्षाका रणनीति र कार्यनीतिहरु

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १ विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा वालविकास केन्द्रहरुलाई विकास गरि यसको अनुभवलाई अनिवार्य गरी कक्षा १ मा भर्ना गर्ने । | १ वालविकास पहुँच वृध्दिको लागि अभिभावक जनप्रतिनिधि हरुको सचेतना अन्तरक्रिया वैठक सञ्चालन गरिनेछ।<br>२ वालविकास शिक्षकहरुको मोन्टेश्वरी मोडेलमा तालिमको विकास गरिनेछ।<br>३ वालविकास केन्द्रका शिक्षकहरुको त्रैमासिक वैठक गरि शिक्षक हरुलाई मोटिभेसन कक्षाहरु सञ्चालन गरिनेछ।<br>४ कक्षा १ मा भर्ना हुने वालवालिकाहरुले सिकेको वा अनुभव भएको नभएको वारेमा नियमित गाउँपालिका स्तरीय प्रअ वैठकमा छलफल गरिनेछ।<br>५ सवै वालविकास केन्द्रहरुमा प्राथमिक उपचार वक्स र वर्षको २ पटक स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ। |
| २ समुदायमा र विद्यालयमा नमूना वालविकास केन्द्रहरुको विकास गर्ने। | १ प्रारम्भिक कक्षामा निर्धारित मापदण्ड वमोजिम सवै वालविकास केन्द्रमा खेल सामग्री, श्रव्यदृष्य सामग्रीहरु तथा सिकाई सामग्रीहरुको विकास गरिनेछ।<br>२ सवै वालविकास केन्द्रमा सिलाई बुनाईहरुको विकास गरिनेछ। |

| | |
|---|---|
| | ३ वालविकास शिक्षकको योग्यता कक्षा १२ उत्तिर्ण वा सो सरह गरिनेछ र योग्यता वढाउने अवसर प्रदान गरिनेछ । <br> ४ नमूना वालविकास केन्द्रको मापदण्ड तयार गरि नमूना वाल विकास केन्द्र घोषणा गरि पुरस्कृत गरिनेछ। <br> ५ वालवालिकाको दिवा खाजा तयार गर्ने, स्याहार सुसार गर्ने र अन्य कार्यमा सहयोगको लागि एक जना सहयोगीको व्यवस्था मिलाइने छ। |
| ३ सूचना प्रविधिमा पहुँच वढाउने | १ सूचना प्रविधिसँग सम्वन्धित सामग्रीहरुको वितरण र शिक्षकलाई सूचना प्रविधि सम्वन्धी सीप विकास व्यवस्था मिलाइनेछ। <br> २ कोभिड १९ को कारण प्रभावित भएका वालवालिकाहरुलाई भर्चुअल कक्षा सञ्चालनको वालविकास केन्द्र र वाल विकास शिक्षकको क्षमता विकास गरिनेछ। <br> ३ अभिभावकहरुको सहजिकरणको लागि वालविकास केन्द्रहरु को लागि सामग्रीहरु वितरण गरिनेछ। |
| ४ वाल उद्यानहरु विकास गरिने | १ सानासाना वालवालिकाहरुलाई समुदायमा र विद्यालयहरुमा वालउद्यानको विकास गरिनेछ। <br> २ नमूना वालउद्यानको वडागत रुपमा विकास गरिनेछ। |

### ३.१.६ प्रारम्भिक वालविकास शिक्षाका अपेक्षित उपलव्धिहरु, प्रमुख क्रियाकलापहरु र भौतिक लक्ष्य तथा अपेक्षित उपलव्धिहरु-

१. सवै वालविकास केन्द्रमा प्राथमिक उपचार वक्सको प्रयोग र स्वास्थ्य परीक्षणमा नियमितता हुनेछ।

२. प्रारम्भिक वालविकास शिक्षाको कूल भर्ना दर ९० प्रतिशत भन्दा वढि हुनेछ।

३. प्रारम्भिक वालविकास र पूर्व प्राथमिक शिक्षाको अनुभव लिएका वालवालिकाहरू कक्षा १ मा शत प्रतिशत भर्ना हुनेछन्।

४. सवै वालविकास केन्द्रको भौतिक पूर्वाधार र सूचना प्रविधिमा पँहुच पुगेको हुनेछ।

५. योग्य तथा तालिम प्राप्त सहजकर्ताको/वालविकास शिक्षकको संख्या बृद्धि भएको हुनेछ।

६. प्रत्येक वालवालिकाको लागि सुरक्षित सिकाईको वातावरण सुनिश्चित भएको हुनेछ।

७. उपयुक्त स्वास्थ्य स्याहारका कारणबाट बालबालिकाको पोषण स्वास्थ्यमा सुधार भएको हुनेछ।

## प्रमुख क्रियाकलाप र भौतिक लक्ष्यहरु

| सि. नं. | मुख्य मुख्य क्रियाकलाप | इकाई | लक्ष्य | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०८२।८३ | ५ वर्षको भौतिक लक्ष्य | २०८३।८४ देखि २०८७।८८ सम्म | १० वर्ष को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अभिभावकहरुको लागि जनचेतना र ELDS सम्वन्धी सहजिकरण र अन्तरक्रिया कार्यक्रम | अभिभावक | १०० | ५० | | | | ५० | १०० | १५० | २५० |
| २ | अभिभावक, वालविकास शिक्षक तथा वालविकास विव्यासहरुको लागि जनचेतना र अन्तरक्रिया कार्यक्रम | अभिभावक | १०० | ५० | | ५० | | | १०० | १०० | २०० |
| ३ | अभिभावक र शिक्षकहरुको उत्प्रेरणात्मक कार्यक्रम | अभिभावक | २०० | | ५० | ५० | ५० | ५० | २०० | २०० | ४०० |
| ४ | वालविकास शिक्षकहरुको गाउँपालिका स्तरमा त्रैमासिक समीक्षा वैठक | वैठक | ५ | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ५ | वालविकास शिक्षकहरुको मोन्टेश्वरी मोडेलको ७ दिने तालिम र वुककर्न र विकास कार्यक्रम | वालविकास शिक्षक | ७८ | | ३९ | | | ३९ | ७८ | ७८ | १५६ |
| ६ | वालविकास शिक्षकहरुको गाउँपालिका स्तरमा book corner and शैक्षिक सामग्री निर्माण कार्यशाला | वालविकास शिक्षक | ५५ | | ५५ | | | | ५५ | ५५ | ११० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | वालविकास शैक्षिक सम्मेलनको आयोजना | पटक | २ | | १ | | १ | | २ | २ | ४ |
| ८ | विद्यालयमा आधारित र समुदायमा आधारित वालवालिकास केन्द्रहरुको मापदण्ड तयार गरी नमूना धोषणा र पुरस्कार वितरण | पटक | ३ | १ | | १ | | १ | ३ | ३ | ६ |
| ९ | वालविकास केन्द्र हरुमा वालवालिका हरुको वसाइ व्यवस्थापन | वालविकास केन्द्र | ४० | १० | १० | १० | १० | | ४० | ४० | ८० |
| १० | वालविकास केन्द्रहरुको भौतिक पूर्वाधार कक्षा कोठा मरमत | वालविकास केन्द्र | ४० | | १० | १० | १० | १० | ४० | ४० | ८० |
| ११ | सूचना प्रविधिको विकासको लागि निशुल्क इन्टरनेट र वालविकास केन्द्रलाई एक ल्यावटप प्रिन्टर फोटोकपि मसिन सामग्रीहरुको वितरण र शिक्षक लाई क्षमता विकास तालिम | वालविकास केन्द्र | ४० | १० | | १० | १० | १० | ४० | ४० | ८० |
| १२ | वाल उद्यानहरुको विकास | वडा | ७ | १ | १ | १ | २ | २ | ७ | ७ | १४ |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपाल सरकारले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तह शिक्षा भएको छ । पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ (१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने पनि १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि सियारीले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरू समावेश गरेको छ ।

### ३.२.२ वर्तमान अवस्था

सियारीमा कक्षा (१-५) सम्म सञ्चालित सामुदायिक प्राथमिक विद्यालयको संख्या ७ र मदरसा ४ गरी ११ विद्यालय र कक्षा (१-८) सम्म निम्न माध्यमिकको संख्या ८ वटा गरी सामुदायिक विद्यालय र मदरसा विद्यालय गरि जम्मा संख्या १९ वटा रहेको छ । प्राथमिक तहमा जम्मा ३८१० वालवालिका अध्ययनरत रहेका छन् । जसमा प्राथमिक तहको दरवन्दी संख्या १२३ रहेको छ, जसको अनुपात १ शिक्षक वरावर ३१ विद्यार्थी हुन आउँछ भने नि.मा.वि. तहमा जम्मा ३६४३ वालवालिका अध्ययनरत छन् जसमा शिक्षकको संख्या २४ रहेको छ । नि.मा.वि. तहमा कक्षा (६-८) शिक्षक विद्यार्थी अनुपात १ शिक्षक वरावर ९० विद्यार्थी पर्न आउँछ । कक्षा १ देखि ८ सम्मको शिक्षक विद्यार्थी अनुपात १ शिक्षक वरावर ५१ विद्यार्थी रहेको छ । नि.मा. तहमा दरवन्दीमा कार्यरत शिक्षकहरु मध्ये महिला शिक्षकको संख्या ६ रहेको छ । कक्षा १, २ र ३ मा कक्षा दोहोर्याउने र कक्षा छाड्ने प्रतिशत १५ को नजिकै रहेको छ । यस तहमा कुनै दरवन्दी नै नभएका प्राथमिक-१ र नि.मा.वि. को संख्या–८ रहेको छ । जुन टेवल नं. १ मा दिइएको छ ।

## टेवल नं. १:- नि.मा. तहमा १ पनि दरवन्दी नभएका विद्यालय

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | प्रा.वि. दरवन्दी | नि.मा.वि. दरवन्दी | कैंफियत |
|---|---|---|---|---|---|
| १ | भगदरी प्रा.वि. | (०–५) | - | - | |
| २ | जनता आ.वि. | (०–८) | ६ | - | |
| ३ | गणसारी मा.वि. | (०–१०) | ५ | - | |
| ४ | कोटही आ.वि. | (०–८) | ७ | - | |
| ५ | जनज्योति आ.वि. | (०–८) | ६ | - | |
| ६ | छपिया आ.वि. | (०-८) | ८ | - | |
| ७ | विवेकश्री आ.वि. | (०-८) | ४ | - | |
| ८ | दुर्गादेवी मा.वि. | (०–१०) | - | - | |
| ९ | सरस्वती आ.वि. | (०–७) | १ | - | |
| १० | ज्ञानोदय आ.वि. | (०–७) | ४ | - | |
| ११ | जंगहत्था मा.वि. | (०–१०) | ४ | - | |

### ३.२.३ प्रमुख समस्याहरु र चुनौतिहरु

१ कम उमेर र वढि उमेरका वालवालिकाको संख्या वढी हुनु ।

२ आधारभूत तहका सिकाई सामग्री निर्माण वातावरण विकासको कमी ।

३ आधारभूत तहमा गणित र विज्ञानका शिक्षकको कमीको कारण यो विषय कमजोर एवम ह्रासोन्मुख अवस्था ।

४ सवै विद्यालयहरुमा प्रविधिको विकासको अवस्था कमजोर ।

५ भवन, वसाई व्यवस्थापन जस्ता पक्षहरु कमजोर नै रहेको । भवनको मरमत गर्न नसकिएको ।

६ शिक्षकहरुलाई पेशागत तालिम र पुनर्ताजगी तालिमको कमी ।

७ थारु, यादव, पिछडा वर्ग मधेशवासीको वसाइको वाहुल्यता रहेको हुँदा अभिभावकको सचेतनाको कमी ।

८ कम्प्युटर प्रिन्टर जस्ता अत्यावश्यक सामग्रीहरुको अभाव ।

९ टिकाउ दर कमजोर (८७ प्रतिशत) रहेको ।

१० प्र.अ. र शिक्षकमा सूचना तथा सञ्चार प्रविधिको वारेमा ज्ञानको कमी ।

११ अझै पनि अन्डर एसएलसी वालविकास शिक्षक कार्यरत रहेको र योग्यता वढाउने अवसर प्रदान गर्न नसकिएको अवस्था ।

१२ अझै पनि कक्षा छाड्ने र दोहोर्याउने दर वढी नै रहेको ।

१३ नेपाली विषयको शिक्षकले कक्षा ४ र ५ मा अंग्रेजी, गणित र विज्ञानमा पनि शिक्षण गर्नुपर्ने भनि शिक्षक व्यवस्थापनको आधार भएको कारण पनि यी विषयमा कमजोर अवस्था देखिएको ।

१४ आधारभूत तहको कक्षा ६, ७ र ८ लाई पनि शिक्षक विद्यार्थी अनुपात कायम गरि शिक्षक दरवन्दी वितरण गर्ने केन्द्रको गलत नीतिको कारण स्तर कमजोर देखिएको छ ।

१५ निमा तहमा मौजुदा दरवन्दी २४ मात्र रहेको र थपिने दरवन्दी ५७ भएवाट विषयगत दरवन्दी पनि मिलान गर्न सकियो भने शिक्षाको गुणस्तर आशातित सुधार होला नत्र गाउँपालिकाले निजी स्रोतका शिक्षकहरूको तलव भारवहन गर्न गाह्रो देखिएको छ ।

१६ आधारभूत विद्यालयहरुमा कुनैमा पनि विज्ञान र गणित विषय प्रयोगशालाको अभाव ।

१७ औषधी उपचार र प्राथमिक उपचारका सामग्रीको अभाव ।

### ३.२.४ उद्देश्य

आधारभूत तहको शिक्षाको उद्देश्य यस प्रकार हुनेछ ।

१ आधारभूत तहको शिक्षालाई अनिवार्य तथा नि:शुल्क र वालमैत्री शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, प्रविधिमैत्री वनाउनु ।

२ आधारभूत तहको शिक्षालाई व्यवहारिक, अनुसन्धानात्मक तथा खुशीयाली वातावरणमा सिकाई प्रदान गर्नु ।

३ कक्षा १ मा भर्ना भएका सवै वालवालिकाहरुलाई कक्षा ८ सम्म टिकाइ राख्ने वातावरण वनाउनु ।

४ निर्धारित सिकाई सक्षमता हासिल गरेका वालवालिकाहरुलाई मात्र माध्यमिक शिक्षा प्रवेशको तयारी गराउनु ।

५ विज्ञान, प्रविधि, इन्जिनीयरिङ्ग र गणित (STEM) शिक्षामा जोड दिनु ।

६ प्राथमिक र निमावि शिक्षकहरुमा कम्प्युटरको प्रयोग गर्न सक्ने क्षमता विकास गर्दै नवपर्वतन र अनुसन्धानात्मक कार्यमा जोड दिनु ।

७ कोभिड-१९ जस्तै महामारीमा वालवालिकाहरुको पठनपाठनलाई सुनिश्चित गर्न सूचना प्रविधिको विकास गरि अभिभावक सचेतना, परियोजना कार्य, मेसेन्जर समूह, भर्चुअल कक्षा तथा जुम कक्षा जस्ता वैकल्पिक सिकाई तरिकावाट पठन पाठनलाई नियमितता गर्न जोड दिइने ।

### ३.२.५ आधारभूत शिक्षाका रणनीति र कार्यनीतिहरु

| रणनीतिहरु | | कार्यनीतिहरु |
|---|---|---|
| १ अनिवार्य तथा निःशुल्क र वालमैत्री शिक्षाको मापदण्डको आधारमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | १ | प्राथमिक कक्षा (१-५) सम्मका वालवालिकाहरुमा पठन सीप र सुन्दर हस्तलेखन सीपको विकासको लागि अभिभावक र जनप्रतिनिधिहरुको सचेतना, अन्तरक्रिया वैठक सञ्चालन गरि आफ्ना छोरा छोरीहरुलाई अनिवार्य र नियमित विद्यालयमा पठाउन र अभिभावकको भूमिकामा प्राथमिकता बढाइने छ। |
| | २ | निःशुल्क शिक्षा अन्तर्गत भर्ना शुल्क, पढाइ शुल्क, परीक्षा शुल्क, पाठयपुस्तक शुल्क तथा अन्य कुनै पनि प्रकारको औपचारीक तथा अनौपचारीक शुल्क लिन पाइने छैन। |
| | ३ | हरेक विद्यालयमा एक शिक्षा परोपकारी वा कल्याणकारी कोष स्थापना गरी समाजसेवी, चन्दादाता, पूर्व विद्यार्थी, व्यापारी जो सुकैवाट विद्यालय सञ्चालन तथा विकासका लागि दान वा आर्थिक सहयोग लिन सकिनेछ। |
| | ४ | निःशुल्क र अनिवार्य शिक्षाको कार्यान्वयनको लागि अनिवार्य निःशुल्क शिक्षा अनुगमन समिति गठन गरिनेछ। |
| | ५ | वालमैत्री विद्यालयका लागि सवै खालका भौतिक पूर्वाधार विकास र पठन पाठनमा वालमैत्री शिक्षाको लागि शिक्षकहरुलाई क्षमता विकासका लागि जोड दिइनेछ। |
| | ६ | कक्षा छाड्ने, दोहोऱ्याउने र विद्यालयमा टिकाइ राख्न कक्षा (१-८) सम्मका सबै वालवालिकाहरुलाई निःशुल्क दिवाखाजा, जेहेन्दार छात्रवृत्ती, निःशुल्क स्वास्थ्य परीक्षण, कोभिड-१९ विरुध्दको खोप आदिमा प्राथमिकता राखिनेछ। |
| २ शैक्षिक सक्षमता र गुणस्तर सुधार गर्ने। | १ | सूचना, सञ्चार तथा प्रविधिलाई कुनै एक विषयको भन्दा पनि सिकाइको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ। |
| | २ | गणित, विज्ञान र नेपाली विषयको सिकाई उपलब्धि ह्रासोन्मुख हुँदै गएकाले सुधारको लागि शिक्षकहरुको लागि तालिम र वालवालिका हरुमा उत्प्रेरणा जगाउने कक्षाहरु सञ्चालन गरिनेछ। |
| | ३ | प्राथमिक (१-५) र आधारभूत (६-८) का शिक्षकहरुमा कम्प्युटरको प्रयोग अनिवार्य गरिनेछ। |
| | ४ | हरेक विद्यालयमा आधुनिक सूचना प्रविधिको प्रयोग र शैक्षिक सामग्रीहरुमा विकास गर्ने अभ्यास वढाइनेछ। |
| | ५ | आधारभूत तहका शिक्षकको योग्यता स्नातक वा सो सरह गरिनेछ र कम |

| | | |
|---|---|---|
| | | योग्यता भएका शिक्षकको योग्यता बढाउन अवसर प्रदान गरिनेछ तर योग्यता र प्रविधिको सीप पनि बढाउन नचाहने शिक्षकलाई अवकाश लिन प्रोत्साहन गरिनेछ। |
| | ६ | विद्यार्थीको सिकाइसँग शिक्षकको कार्यसम्पादनलाई आधारीत गरिनेछ। |
| | ७ | गुणस्तरको सूचक तथा मानकहरु तयार गरी विकास गरिनेछ। |
| | ८ | गुणस्तरको अनुगमन स्थलगत र विद्युतिय दुवै तरिकावाट गरिनेछ। |
| | ९ | पुस्तकालयको स्थापना गरि तल्लो प्रारम्भिक कक्षा (१-३) का वाल वालिकालाई पुस्तक पढ्ने क्षमताको विकास गरिनेछ। |
| ३ शिक्षकको व्यवस्थापन | १ | प्रारम्भिक कक्षा (१-३) सम्म कक्षा शिक्षण र कक्षा ४ देखि माथिको कक्षामा विषयगत शिक्षक व्यवस्था लागु गरिनेछ । |
| | २ | प्रारम्भिक कक्षा (१-३) मा अध्यापन गर्न शिक्षक अनिवार्य रुपमा कक्षा शिक्षण, विषयगत शिक्षण, वहु कक्षा शिक्षण विधि जस्ता ज्ञान, सीपको विकास गरिनेछ। |
| | ३ | प्रारम्भिक कक्षा (१-३) मा संगीत, खेलकूद तथा सहक्रियाकलाप लाई प्राथमिकता दिइनेछ। |

### ३.२.६ आधारभुत तहका अपेक्षित उपलव्धिहरु, प्रमुख क्रियाकलापहरु र भौतिक लक्ष्य

१. आधारभुत शिक्षामा समतामुलक पहुँच बृध्दि तथा गुणस्तरमा सुधार भएको हुनेछ।

२. छात्रा भर्ना दर, उपस्थिति दर, अध्ययन क्षमता र सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

३. सुचना, सञ्चार र प्रबिधि सिकाइको अभिन्न अंगका रुपमा विकसित भएको हुनेछ।

४. आधारभूत तहको शिक्षकहरुमा सूचना तथा संचार प्रबिधि सम्बन्धी सिप र क्षमताको विकास भइ उक्त सिप र क्षमता कक्षा शिक्षणमा प्रयोग भएको हुनेछ।

५. कक्षा १ मा भर्ना भएका शत प्रतिशत बालबालिका कक्षा ८ मा भर्ना भएका हुनेछन्।

६. आधारभुत तहमा वालमैत्री भौतिक पूर्वाधारको विकास भएको हुनेछ।

७. लैङ्गिक तथा जातिय विभेदमा कमी आइ वालवालिकालाई सम्मानजनक सिकाई वातावरणको व्यवस्था भएको हुनेछ।

# मुख्यमुख्य क्रियाकलाप र भौतिक लक्ष्य विवरण

| सि न | मुख्य मुख्य क्रियाकलाप | इकाइ | लक्ष्य | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | ५ वर्षको लक्ष्य | २०८३/८४ देखि २०८७/८८ को लक्ष्य | १० वर्षको भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रारम्भिक कक्षा पढाइ शिक्षण माध्यम सुधार** | | | | | | | | | | |
| | गाउँपालिका स्तरीय प्रधानाध्यापकको नियमित मासिक बैठकमा शिक्षक पेसागत सहयोग बारे अन्तरक्रिया | पटक | १० | २ | २ | २ | २ | २ | १० | १० | २० |
| | इ.जि.आर.पी. शिक्षकको त्रैमासिक बैठक र अनुभव आदान प्रदान। | पटक | ४ | | १ | १ | १ | १ | ४ | ४ | ८ |
| | विद्यालयमा शिक्षण सिकाइ सामग्रीको उपलब्धता र व्यवस्थापन | विद्यालय | २८ | | ७ | ७ | ७ | ७ | २८ | २८ | ५६ |
| | शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीको प्रभावकारी प्रयोगको सुनिश्चितताको लागि, शिक्षकलाई शिक्षण माध्यममा सहयोग गर्न र नियमित मूल्यांकन प्रणाली सुधारमा सहयोग गर्न विद्यालय तथा कक्षा कोठा भ्रमण | विद्यालय | २८ | | ७ | ७ | ७ | ७ | २८ | २८ | ५६ |
| | **प्रारम्भिक कक्षा पढाइ सेवा प्रणाली सुधार र सबलीकरण** | | | | | | | | ० | ० | ० |
| | शिक्षक तथा विद्यार्थीको नियमितता अनुगमन गर्न प्रधानाध्यापक, | अभिभावक विद्यार्थी र जन | १५० | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | ३०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास | प्रतिनिधि र शिक्षक | | | | | | | | |
| | विद्यालय र सरोकारवालाहरु बीच त्रैमासिक समीक्षात्मक बैठक | अभिभावक विद्यार्थी र जन प्रतिनिधि र शिक्षक | २०० | ४० | ४० | ४० | ४० | ४० | २०० | | २०० |
| | एकीकृत शैक्षिक व्यवस्थापन र सुचना प्रणाली (IEMIS) अद्यावधिक, विश्लेषण र छलफल | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| | उत्कृष्ट विद्यालयको अवलोकन अध्ययन भ्रमण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | | ५ |
| | **अभिभावक र समुदायको सहयोग र संलग्नता अभिवृद्धि** | | | | | | | | ० | ० | ० |
| | अभिभावक शिक्षक सम्मेलन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | | ५ |
| | घर र विद्यालयमा पढाइकुना (छापामय वातावरण सहतिको) निर्माण, समुदायमा घुम्ति पढाइ कुना निर्माण र संचालन | विद्यालय | २८ | | ७ | ७ | ७ | ७ | २८ | २८ | ५६ |
| | स्थानीय स्तरमा परम्परागत लोक कथाहरु संकलन र वाचन | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| | स्थानीय एफएम तथा रेडियोमा आधारित पठन सस्कृति प्रवर्धन मूखी सन्देश मूलक कार्यक्रम | विद्यालय | २८ | | | | | | ० | ० | ० |
| | प्रारम्भिक कक्षा प्रवर्धनको लागि अभिभावक र समुदायका व्यक्तिहरुको सहभागितामा पढाइ मेला आयोजना | विद्यालय | २८ | | ७ | ७ | ७ | ७ | २८ | २८ | ५६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक कक्षा १ देखि ५ का वालवालिकाहरु र शिक्षकहरुमा पठन सीप र सुन्दर हस्तलेखन सीप विकासको कार्यक्रम | विद्यालय | २८ | ७ | | ७ | | १४ | २८ | २८ | ५६ |
| | प्रारम्भिक कक्षाका वालवालिकाहरुको कक्षा कोठामा आधारीत सिप परीक्षण र पढाइ कुनाको विकास र प्रयोग कार्यक्रम | विद्यालय | २८ | ७ | ७ | ७ | | ७ | २८ | २८ | ५६ |
| | अभिभावक, जनप्रतिनिधि, शिक्षक र विद्यार्थीको वीच सवै वालवालिकाहरुलाई अनिवार्य विद्यालयमा पठाउने विषयमा अन्तरक्रिया कार्यक्रम गरिनेछ। | अभिभावक विद्यार्थी र जन प्रतिनिधि र शिक्षक | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | १००० |
| | अनिवार्य निशुल्क शिक्षा अनुगमन समितिको लागि अभिमुखिकरण | पदाधिकारी | १० | २ | २ | २ | २ | २ | १० | १० | २० |
| | वालमैत्री विद्यालयका लागि सवै खालका भौतिक पूर्वाधार विकास र पठन पाठनमा वालमैत्री शिक्षाको शिक्षणका लागि शिक्षकहरुलाई क्षमता विकास। | आधारभूत शिक्षक | ५० | १० | १० | १० | १० | १० | ५० | ५० | १०० |
| | गाउँपालिका तहको कक्षा ५ को परीक्षा | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | १४० | १४० | २८० |
| | गाउँपालिका तहको कक्षा ८ को परीक्षा | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ | ८५ | ८५ | १७० |
| | गाउँपालिका तहको कक्षा ५ र ८ को नतिजामा उत्कृष्ट अङ्क ल्याउनेलाई जेहेन्दार छात्रवृत्ती | विद्यार्थी | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ५०० |
| | कक्षा ५ र ८ को नतिजा सुधारको | शिक्षक | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि शिक्षकहरुको अभिमूखिकरण | | | | | | | | | |
| | प्राथमिक तहका शिक्षक पारिश्रमिक मौजुदा १२२ दरवन्दी मिलान पश्चात १३१ | शिक्षक | ६५५ | १३१ | १३१ | १३१ | १३१ | १३१ | ६५५ | ६५५ | १३१० |
| | निमा तहका शिक्षक पारिश्रमिक मौजुदा२४ दरवन्दी मिलान पश्चात ८० | शिक्षक | ४०० | ८० | ८० | ८० | ८० | ८० | ४०० | ४०० | ८०० |
| | निःशुल्क पाठ्यपुस्तक | विद्यार्थी | ७००० | ७००० | ७००० | ७००० | ७००० | ७००० | ३५००० | ३५००० | ७०००० |
| | आवासिय तथा गैर आवासिय छात्रवृत्ती | विद्यार्थी | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १२५०० | २५००० |
| | गणित,, विज्ञान र नेपालीमा कमजोर भएका कक्षा ४ र ५ का वालवालिकाहरु र अभिभावक विचमा अन्तरक्रिया कार्यक्रम | विद्यालय | ५० | १० | १० | १० | १० | १० | ५० | ५० | १०० |
| | गणित, विज्ञान र नेपाली शिक्षकहरुको लागि शैक्षिक सामग्री निर्माण कार्यशाला कक्षा (४-८) कक्षा सम्मका शिक्षक। | गणित विज्ञान र नेपाली शिक्षक | ७५ | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ | १५० |
| | कक्षा १, २ र ३ मा शिक्षण, वहुकक्षा शिक्षण गर्ने शिक्षकहरुका लागि पुनरताजगी तालिम र कार्यशाला। | शिक्षक | ५० | १० | १० | १० | १० | १० | ५० | ५० | १०० |
| | विज्ञान प्रयोगशाला स्थापना र प्राथमिक उपचार कक्षको स्थापना निमावि विद्यालयमा। | निमा | ९ | १ | १ | १ | २ | ४ | ९ | ९ | १८ |
| | गणित विषयको प्रयोगशाला स्थापना र शैक्षिक सामग्री सङ्कलन कक्ष। | प्राथमिक विद्यालय | ९ | ४ | १ | ३ | १ | १ | १० | १० | २० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नर्श सहित प्राथमिक उपचार कक्ष स्थापना | विद्यालय | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | ५० |
| | विद्यालयमा साना सवारी साधन इरेक्सा अनुदान आधारभूत विद्यालय | विद्यालय | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० | १०००० |
| | अनुगमन र मुल्यांकनको लागि प्रारुप तयार गर्ने र अभिमूखिकरण। | विद्यालय | | | | | | | ० | ० | ० |
| | गाउँपालिका, वडा र विद्यालयहरुमा कक्षाकोठामा आधारीत प्रारम्भिक कक्षा पढाइ परिक्षण (CB-EGRA) नतिजा | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | १४० | १४० | २८० |
| | विद्युतीय तथ्यांक निर्माण, विश्लेषण र शैक्षिक दर्पण प्रकाशन। (जस्तैःपालिका स्तरीय शैक्षिक पार्श्र्वचित्र निर्माण गरिने ) | गाउँपालिका | १ | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| | शिक्षकहरुवाट कार्यमूलक नवपरवर्तन र अनुसन्धानमूलक कार्य गरिनेछ। | शिक्षक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | ३० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

यस गाउँपालिकामा जम्मा १० सामुदायिक र ७ संस्थागत माध्यमिक विद्यालय रहेका छन्। सामुदायिक मावि तर्फ कक्षा ९ र १० मा जम्मा २४ दरवन्दी रहेको छ भने कक्षा ११ र १२ मा दरवन्दीमा रहेका १०जना गरी ३४ जना शिक्षकहरु नेपाल सरकारको सशर्त अनुदानमा कार्यरत छन्। सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट व्यवस्थापन गरेको शिक्षकको संख्या ४० रहेको छ यसमध्ये सियारीमा सङ्घिय सरकारवाट यस तहको दरवन्दी मिलानमा थपिने दरवन्दी संख्या ३६ रहेको छ । संस्थागत विद्यालयमा ३८ जना मा.वि. शिक्षक कार्यरत रहेका छन् । सियारीका १० सामुदायिक विद्यालयहरु मध्ये १ नमूना मा.वि.,दरवन्दी भएको मा.वि. सङ्ख्या ५ र  दरवन्दी नै

नभएको माध्यमिक विद्यालयको संख्या ४ रहेको छ। ५ वटा उच्च माध्यमिक विद्यालय मध्ये ३ वटामा सिटिइभिटीको कक्षा पनि सञ्चालनमा रहेका छन्। माध्यमिक विद्यालयहरुमा दरबन्दीको शुन्य अवस्था, सिटीइभिटी र कक्षा (११–१२) सञ्चालन भएका विद्यालय विवरण र शैक्षिक सामग्री प्रयोगशाला र भौतिक अवस्थाको विवरण टेवल नं. ३.३.१ देखि ३.३.५. सम्म देखाईएको छ जस्ले विद्यालयको आवश्यकता पहिचान गर्छ।

**टेवल नं. ३.३.१ एक पनि दरवन्दी नभएका मा.वि. विवरण**

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | माध्यमिक दरवन्दी | कैंफियत |
|---|---|---|---|---|
| १ | गणसारी मा.वि. | (०–१०) | - | |
| २ | जंगहत्था मा.वि. | (०–१०) | - | |
| ३ | दुर्गादेवी मा.वि. | (०–१०) | - | |
| ४ | सम्मरीमाई मा.वि. | (०–१०) | - | |

**टेवल नं. ३.३.२ प्राविधिक तथा व्यावसायिक कक्षा सञ्चालन विद्यालयमा विवरण**

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यालय तथा व्यावसायिक विषय सञ्चालन विवरण |
|---|---|---|---|
| १ | जनता मा.वि. अमवा | (०–१२) | कृषि र भेटनरी |
| २ | पब्लिक नमूना मा.वि. दयानगर | (०–१२) | इन्जिनीयरिङ्ग र जियोमेट्रिक |
| ३ | मैनहिया मा.वि. मैनहिया | (०–१२) | अमिन |

**टेवल नं. ३.३.३ उच्च मा.वि. विवरण**

| क्र. सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | उ.मा.वि. सञ्चालित विषय |
|---|---|---|---|
| १ | जनता मा.वि. अमवा | (०–१२) | शिक्षा र व्यवस्थापन |
| २ | पब्लिक नमूना मा.वि. दयानगर | (०–१२) | विज्ञान शिक्षा र व्यवस्थापन |
| ३ | मैनहिया मा.वि. मैनडिया | (०–१२) | शिक्षा र व्यवस्थापन |
| ४ | चिल्हिया मा.वि. | (०–१२) | शिक्षा |
| ५ | सिद्धार्थ मा.वि. | (०–१२) | शिक्षा र व्यवस्थापन |

| टेवल न ३.३.४<br>सामुदायियक माध्यमिक विद्‌यालयमा गणित, विज्ञान प्रयोगशाला र शैक्षिक सामग्री निर्माण प्रयोगको अवस्था | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सिन | इमिस कोड न | विद्‌यालय को नाम ठेगाना | सञ्चालित कक्षा | पुस्तकालय | | | विज्ञान प्रयोगशाला | | आइ सिटी | | गणित प्रयोगशाला | | औषधी उपचार कक्ष | | सङ्गित तथा खेलकूद सामग्री विकास र सङ्कलन कक्ष | | कैफियत |
| | | | | छ | छैन | पुस्तक संख्या | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | |
| १ | 490030004 | दुर्गादेवी मावि | ०-१० | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | |
| २ | 490030003 | समइमाइ मावि | ०-१० | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| ३ | 490180005 | वीरेन्द्र मावि | ०-१० | √ | | √ | √ | | √ | | | √ | | √ | | √ | |
| ४ | 490280001 | जंगहत्था मावि | ०-१० | | √ | √ | | √ | | √ | | √ | | √ | | √ | |
| ५ | 490410004 | गणसारी मावि | ०-१० | √ | | | √ | | | √ | | √ | | √ | | √ | |
| ६ | 490030005 | जनता मावि | ०-१२ | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| ७ | 490030002 | सिद्धार्थ मावि | ०-१२ | √ | | नपुग | | √ | √ | | | √ | | √ | | √ | |
| ८ | 490170001 | चिल्हीया मावि | ०-१२ | √ | | | | √ | √ | | | √ | | √ | | √ | |
| ९ | 490180007 | पव्लिक नमूना मावि | ०-१२ | | √ | नपुग | √ | नपुग | √ | | | √ | | √ | | √ | |
| १० | 490410001 | मैनहिया मावि | ०-१२ | √ b | | नपुग | √ | | √ | | | √ | | √ | | √ | |
| | **जम्मा आवश्यकता** | | | | २ | ६ | ५ | ५ | | २ | | १० | | १० | | १० | |

स्रोत: शैक्षिक तथ्याङ्क २०७७

यो टेवलबाट अझै ६ विद्यालयमा पुस्तकालय, ५ माविमा आइसिटि नपुग, ५ विद्यालयमा विज्ञान प्रयोगशाला, १० माविमा औषधी उपचारकक्ष, गणित प्रयोगशाला र सङ्‌गित, कला तथा खेलकुद सामग्री निर्माण, विकास र सङ्‌कलन कक्षको कमी रहेको छ। सवै माविहरु ग्रामिण क्षेत्रका भएका र शैक्षिक सुधारमा निरन्तर लागि रहेको अवस्था छ। माध्यमिक विद्यालयका भौतिक अवस्थाको **टेवल नं. ३.३.५** रहेको छ।

## टेवल न ३.३.५
## सामुदायिक माध्यमिक विद्यालयमा भौतिक अवस्था विवरण २०७७।

| सि न | इमिस कोड न | विद्यालयको नाम ठेगाना | सञ्चालित कक्षा | भवन | | कक्षा कोठा सख्या | | | खाने पानी को प्रयाप्तता | | वास सुविधा सहितको शौचालय कोठा संख्या | | | कम्पाउंड वाल र धेरावार | | फर्निचर सेटमा | | साइकल स्टयाण्ड | सरस्वतीको मन्दिर | सवारी साधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कच्ची | पक्की | हाल भएको | मरमत गर्नु | थप्नु सख्या | छ | छैन | हालभएको | मरमत गर्नु | थप्नु सख्या | छ | छैन | मरमत गर्नु | थप्नु सख्या | छैन | छैन | छैन |
| १ | 490030004 | दुर्गादेवी मावि | ०-१० | | ५ | १९ | | | √ | | १ | ३ | ४ | √ | | ११ | ३० | √ | √ | √ |
| २ | 490030003 | समयमाइ मावि | ०-१० | | ३ | ११ | ४ | ४ | √ | | २ | २ | ४ | √ | नपुग | १५ | २० | √ | √ | √ |
| ३ | 490180005 | वीरेन्द्र मावि | ०-१० | १ | ४ | २१ | १० | ३ | √ | | ३ | २ | ४ | √ | नपुग | ११ | २० | √ | √ | √ |
| ४ | 490280001 | जड्गत्था मावि | ०-१० | | ३ | ९ | ७ | ४ | √ | नपुग | २ | २ | २ | √ | नपुग | १० | १५ | √ | √ | √ |
| ५ | 490410004 | गणसारी मावि | ०-१० | १ | ४ | १४ | ३ | ५ | √ | नपुग | ६ | २ | २ | √ | | १५ | २० | √ | √ | √ |
| ६ | 490030005 | जनता मावि | ०-१२ | | ६ | २४ | | ६ | √ | | १२ | ८ | ५ | √ | नपुग | २० | २५ | √ | √ | √ |
| ७ | 490030002 | सिद्धार्थ मावि | ०-१२ | | ४ | १४ | ५ | ४ | √ | | ३ | ११ | २ | √ | | १२ | २५ | √ | √ | √ |
| ८ | 490170001 | चिल्हीया मावि | ०-१२ | | ४ | १६ | ४ | ६ | √ | | १० | १० | ६ | √ | नपुग | १२ | २० | √ | √ | √ |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | 490180007 | पब्लिकनमूना मावि | ०-१२ | २ | ७ | ३० | १४ | २० | √ | नपुग | ४ | ३ | ४ | √ | नपुग | ३० | ५० | नपुग | ६ | १ |
| १० | 490410001 | मैनहिया मावि | ०-१२ | | ६ | १६ | | | √ | | १२ | ४ | २ | √ | | ३० | १५ | √ | √ | √ |
| | जम्मा आवश्यकता | | | | | | ४७ | ५२ | | | | ४७ | ५२ | | ३ | १६६ | २४० | १० | १० | १० |

स्रोत: शैक्षिक तथ्याङ्क २०७७

यसरी सियारी गाउँपालिकामा रहेका सामुदायिक माध्यमिक विद्यालयमा मरमत गर्नुपर्ने कक्षा कोठा ४७, थप्नुपर्ने नयाँ कक्षा कोठा ५२, मरमत गर्नुपर्ने शौचालय कोठा ४७, वास सुविधा सहितको नयाँ थप्नुपर्ने शौचालय कोठा ५२, तत्काल मरमत गर्नुपर्ने फर्निचर डेस्क वेञ्च १६६ जोडी, नयाँ थप्नुपर्ने फर्निचर सेट २४० र सरस्वती मन्दिर, विद्यालयमा सवारी साधन र पार्किङ्ग स्थल १० वटा रहेको अवस्था छ।

## ३.३. प्रमुख समस्याहरु र चुनौतिहरु

१ शैक्षिक एवम् सिकाई सामग्री निर्माण र विकासको अभ्यास कमी।

२ अझै पनि पुस्तकालय र विज्ञानको प्रयोगशालाको अभाव नै रहेको। पुस्तक पढ्नेवालाको कमी।

३ औषधोपचार कक्षको अभाव नै रहेको अवस्था।

४ गणित प्रयोगशाला र सङ्गित, कला तथा खेलकुद सामग्री निर्माण, विकास र संकलन कक्षको कमी रहेको।

५ विद्यालयहरुमा अध्ययनरत (९–१०) मोजुदा कम्प्युटरको पठनपाठनमा प्रयोगको अवस्था कमजोर हुनु।

६ माध्यमिक तहमा वालवालिकाहरुको पठनपाठनको लेभल कमजोर नै रहनु।

७ विद्यालयमा digital सामग्रीहरुको अभाव।

८ टिकाउ दर कमजोर नै रहेको।

९ मा.वि. सञ्चालन भएका १० मध्ये ५ विद्यालयमा शुन्य मा.वि. दरवन्दी।

१० खेल सामग्री, ड्रमसेटहरु, सांगितिक सामग्री र शिक्षकमा क्षमताको अभाव, वातावरण विकास गर्न नसकिएको जस्ले गर्दा सामुदायिक विद्यालयहरु आकर्षणको केन्द्र विन्दु गराउन नसकिएको।

११ अधिकांश माध्यमिक विद्यालयमा प्र.अ. र वि.व्य.स.को नेतृत्वदायी भूमिका हुन नसकी।

१२ माध्यमिक विद्यालयमा अनुगमन र निरीक्षणको पक्ष पनि कमजोर नै रहेको।

१३ शिक्षक र अभिभावक बीच भेटघाट कम हुने गरेको।

### ३.३.३ माध्यमिक शिक्षाको उद्देश्य

माध्यमिक तहको शिक्षाको उद्देश्य यस प्रकार हुनेछः

१ माध्यमिक तहको शिक्षालाई नि:शुल्क, गुणस्तरीय र जीवनोपयोगी वनाउने।

२ माध्यमिक शिक्षामा समतामूलक पहुँचमा सुनिश्चित गर्ने, शिक्षालाई व्यवहारिक र अनुसन्धानमूलक वनाउने।

३ सार्वजनिक शिक्षामा गुणस्तर सुनिश्चित गर्ने ।

४ निर्धारीत सिकाइ सक्षमता हासिल विद्यार्थीलाई मात्र माध्यमिक शिक्षा प्रवेश गराउनु।

५ स्टिम शिक्षालाई जोड दिइनु।

६ सवै माध्यमिक विद्यालयहरुमा सूचना प्रविधि र नविनतम प्रविधिको विकास गरिनु।

७ विज्ञान र गणित शिक्षकलाई क्षमता अभिवृध्दि गर्न गणित र विज्ञान प्रयोगशाला स्थापना कार्यक्रम।

८ शिक्षकहरुलाई नवपर्वतन र अनुसन्धानात्मक कार्यमा जोड दिइनु।

९ कोभिड १९ को महामारी र त्यस्तै महामारीमा वालवालिकाहरुको पठनपाठनलाई सुनिश्चितता गर्न सूचना प्रविधिको विकास गरि भर्चुअल तथा जुम कक्षा जस्ता अनलाइन तरिकावाट पठन पाठनलाई निरन्तरता दिइने।

### ३.३.४ रणनीति र कार्यनीतिहरु

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १ माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने | १ नि:शुल्क शिक्षा अन्तर्गत भर्ना शुल्क, पढाइ शुल्क, परीक्षा शुल्क, पाठयपुस्तक शुल्क तथा अन्य कुनै पनि प्रकारको औपचारीक तथा अनौपचारीक शुल्क लिन पाइनेछैन।<br>२ सीपमूलक र व्यावसायिक शिक्षामा जोड दिइनेछ।<br>३ नि:शुल्क शिक्षाको कार्यान्वयनको लागि निःशुल्क शिक्षा अनुगमन समिति गठन गरिनेछ।<br>४ विद्यार्थीको उपस्थिति दर वढाउन र विचैमा विद्यालय छाड्ने दरलाई कम गर्न वालवालिकाहरुलाई प्रोत्साहन कार्यक्रम मार्फत अभिभावक र विद्यालय व्यवस्थापन समितिमा सचेतना वढाइनेछ ।<br>५ माध्यमिक उमेर समूहका सवै वालवालिकालाई माध्यमिक शिक्षा |

| | |
|---|---|
| | सुनिश्चितताको लागि अभियान सञ्चालन गरिनेछ।<br>६ एउटा साधन सम्पन्न प्राविधिक शिक्षालय स्थापना र विकास गरिनेछ।<br>७ प्राविधिक कक्षा सञ्चालन गर्न माध्यमिक विद्यालयहरुलाई उत्प्रेरित गरिनेछ।<br>८ एक मा.वि. एक सवारी साधनलाई जोड दिइनेछ। |
| २ गुणस्तर सार्वजनिक शिक्षाको सुनिश्चितता गर्ने | १ सार्वजनिक शिक्षाको सवलिकरण र यसमा जनविश्वास वढाउन शिक्षक र सरकारी कोषवाट तलव भत्ता खाने हरेक कर्मचारीलाई आफ्ना सन्तानलाई सरकारी विद्यालयमा नै पढाउनु पर्ने कानूनी व्यवस्था गरिनेछ।<br>२ सार्वजनिक माध्यमिक विद्यालयको शैक्षिक नेतृत्व र व्यवस्थापनलाई प्रभावकारी वनाउन प्रअलाई जिम्मेवार र अधिकार सम्पन्न वनाइनेछ।<br>३ आगामी १० वर्ष भित्रमा सवै माध्यमिक विद्यालयमा निम्न न्यूनतम भौतिक पूर्वाधार विकास गरिनेछ-<br>क. साधन सम्पन्न सहित सुरक्षित विद्यालय।<br>ख. पुस्तकालय र प्रर्याप्त पुस्तक।<br>ग. विज्ञान प्रयोगशाला र औषधी उपचार कक्ष।<br>घ. गणित प्रयोगशाला र प्रर्याप्त शैक्षिक सामग्री।<br>ङ. आइसिटि प्रयोगशाला र कक्षा कोठा।<br>च. खेल शिक्षक, खेलकूद सामग्री सहितको कक्षा कोठाको व्यवस्था ।<br>४ विज्ञान प्रयोगशालाको रेखदेखको लागि ल्याव व्यवस्थापकको व्यवस्था गरिनेछ।<br>५ माध्यमिक विद्यालयमा कक्षा नौ देखि नै दैनिक जीवनमा उपयोगमा आउने सामान्य सामाजिक तथा स्वावलम्वी सीपहरुलाई व्यवहारिक वनाउने ज्ञान दिइनेछ।<br>६ गणित र विज्ञान प्रयोगशालाको रेखदेखको लागि ल्याव व्यवस्थापक को व्यवस्था गरिनेछ । |
| ३ शैक्षिक नेतृत्व र प्रअको भूमिकालाई प्रभावकारी वनाइने | १ विद्यालय विकास प्रस्ताव र सक्षमताको आधारमा ५ वर्षको अवधिको लागि मात्र प्रअको चयन गरिनेछ।<br>२ एकपटक प्र.अ. भएपछि उसको सेवा अवधिभर प्रअ हुने परिपाटी रहेको सन्दर्भमा सक्षमलाई मात्र निरन्तरता दिइनेछ।<br>३ प्रअलाई सूचना प्रविधिको प्रयोग गर्न सक्ने गराइनेछ।<br>४ प्रशासकीय प्रमुखको रुपमा पनि प्रअको व्यवस्थापन गरिनेछ।<br>५ प्र.अ.को नेतृत्व विकासको लागि अवलोकन भ्रमण गराइने। |
| ४ शिक्षण विधिलाई सहभागिता मूलक र प्रविधि केन्द्रित वनाउने | १ शिक्षणमा सहभागितामूलक विधि, परियोजना विधि, समूह कार्य र सामुदायिक कार्य जस्ता आपसमा मिलेर गर्ने कार्यलाइ शिक्षणमा जोड दिइनेछ। |

| | |
|---|---|
| | २ प्रविधिको प्रयोग गरि प्रदर्शन विधिवाट शिक्षणमा जोड दिइनेछ।<br>३ वालवालिकाहरुलाई समान सहभागिता दिइनेछ।<br>४ शिक्षकहरुलाई प्रविधिको प्रयोग गरि शिक्षणमा उत्प्रेरित गरिनेछ। यसलाई कासमूमा जोडिनेछ। |
| ५ प्रविधिमैत्री शिक्षा | १ माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ्, कला र गणित शिक्षा जस्ता विषयहरुको सिकाइलाई गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाइने छ।<br>२ उ.मा.वि. तहमा विज्ञान तथा प्रविधि शिक्षालाइ जोड दिइनेछ।<br>३ सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन विज्ञान संकाय सञ्चालित विद्यालयमा रसायनसास्त्र, भौतिक सास्त्र र वायलोजीको लागि अलग अलग प्रयोगशाला सहितको पूर्वाधार विकास गरिने छ।<br>४ विज्ञान, प्रविधि इन्जिनियरिङ्, कला र गणित विषयका विद्यार्थीको लागि छात्रवृत्ती दिएर प्रोत्साहन गरिनेछ। |

### ३.३.५ माध्यमिक शिक्षाहरुमा अपेक्षित उपलव्धीहरु, क्रियाकलापहरु र भौतिक लक्ष्यहरु

अपेक्षित उपलव्धीहरू

१ माध्यमिक तहमा भौतिक पूर्वाधार पूर्ण रुपमा विस्तार भएको हुनेछ।

२ आन्तरिक सक्षमताहरु कक्षा छाड्ने दर र दोहोर्याउने दर ५ प्रतिशत भन्दा कम , उत्तीर्ण दर ९० प्रतिशत भन्दा वढी, औसत सिकाई उपलव्धी ७० भन्दा वढी हुनेछ।

३ सवै माविहरु प्रविधिमैत्री तथा शिक्षण सिकाईमा सूचना प्रविधि र नविनतम प्रविधिको प्रयोग भएको हुनेछ।

४ माध्यमिक उमेर समूहका सबै बालबालिकाको लागि नि:शुल्क, गुणस्तरीय र जिवनोपयोगी शिक्षाको प्रत्याभुत भएको हुनेछ।

५ शिक्षण प्रविधिमैत्री तथा सहभागितामूलक भएको हुनेछ।

६ सार्वजनिक शिक्षाको गुणस्तर बुद्धि भइ जनविश्वास बढेको हुनेछ।

७ माहामारीजन्य रोग तथा प्राकृतिक प्रकोपका कारणले शिक्षण सिकाइलाई बाधा नपारी अनलाइन वा वैकल्पिक विविध माध्यमहरुबाट शिक्षण सिकाइ प्रकृयाले निरन्तरता पाएको हुनेछ।

८ सबै माध्यमिक विद्यालयमा सूचना तथा संचार प्रविधिको पहुँच पुगेको हुनेछ।

९ गाउँपालिकामा कम्तिमा एउटा साधन सम्पन्न प्राविधिक शिक्षालय स्थापना भएको हुनेछ।

# माध्यमिक शिक्षाका मुख्यमुख्य क्रियाकलापहरु र भौतिक लक्ष्य

| सि.नं. | माध्यमिक शिक्षा | | | भौतिक लक्ष्य | | | | | | २०८३।८४ देखि २०८७।८८ सम्मको लक्ष्य | १० वर्षको भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मुख्यमुख्य क्रियाकलाप | इकाइ | लक्ष्य | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०८२।८३ | जम्मा ५ वर्षको लक्ष्य | | |
| १ | नमूना मावि गूरुयोजना | नमूना विद्यालय | १ | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| २ | भुकम्प प्रतिरोधात्मक विद्यालय ४ कोठे भवन मावि | भवन | १० | २ | २ | २ | २ | २ | १० | १० | २० |
| ३ | विज्ञान प्रयोगशाला मावि | प्रयोग शाला | ५ | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ४ | भौतिक विज्ञानको प्रयोगशाला उच्च मावि विज्ञान । | प्रयोग शाला | १ | | | १ | | | १ | १ | २ |
| ५ | रसायन विज्ञान प्रयोगशाला उमावि विज्ञान सञ्चालनको हकमा | प्रयोग शाला | १ | | १ | | | | १ | १ | २ |
| ६ | वायलोजी विज्ञान प्रयोगशाला उमावि | प्रयोग शाला | १ | | | | १ | | १ | १ | २ |
| ७ | औषधी सहितको प्राथमिक उपचार कक्ष निर्माण मा.वि. | कक्ष | १० | २ | २ | २ | २ | २ | १० | १० | २० |
| ८ | पुस्तकालय र प्रर्याप्त पुस्तककक्ष निर्माण | कक्ष | ५ | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ९ | गणित प्रयोगशाला र प्रर्याप्त शैक्षिक सामग्री निर्माण, विकास र प्रयोग कक्ष मावि | कक्ष | १० | २ | २ | २ | २ | २ | १० | १० | २० |
| १० | आइ.सि.टी. प्रयोगशाला मरमत | कक्ष | ५ | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ११ | कक्षा कोठा मरमत | कोठा | ४५ | ९ | ९ | ९ | ९ | ९ | ४५ | ४५ | ९० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | नयाँ कक्षाकोठा निर्माण | कोठा | ५० | १० | १० | १० | १० | १० | ५० | ५० | १०० |
| १३ | खेल शिक्षक, सङगित, कला, खेलकूद सामग्री निर्माण विकास र सङ्कलन कक्ष | कक्ष | १० | २ | २ | २ | २ | २ | १० | १० | २० |
| १४ | शौचालय मरमत समुदायमा रहेका वालविकास केन्द्र | वालविकास केन्द्र | ११ | २ | २ | २ | २ | ३ | ११ | ११ | २२ |
| १५ | वास सुविधा सहितको शौचालय | शौचालय | ५० | १० | १० | १० | १० | १० | ५० | ५० | १०० |
| १६ | निशुल्क तथा अनिवार्य शिक्षकको लागि आवश्यक निर्देशिका र कार्यविधि | पटक | २ | | १ | | | १ | २ | २ | ४ |
| १७ | सरोकारवालालाई उत्तिर्णदर र सिकाई उपलव्धी वढाउने कार्यक्रमहरु | पटक | १ | | २ | | ३ | | ५ | ५ | १० |
| १८ | विद्यालय शिक्षकलाई प्रकोप, संकट तथा कोभिड १९ जस्ता महामारी लगायतका परिस्थिति प्रति विपत उत्थानशील बनाउन आकस्मिक विपत व्यवस्थापन योजना | पटक | १ | | १ | | | | १ | १ | २ |
| १९ | विपत | पटक | ५ | | १ | १ | | १ | ३ | ३ | ६ |
| २० | मावि शिक्षक पारिश्रमिक मौजुदा शिक्षक मावि उमावि ३४ दरवन्दी मिलानपछि कायम हुने शिक्षक ७० | शिक्षक | ७० | ७० | ७० | ७० | ७० | ७० | ३५० | ३५० | ७०० |
| २१ | शिक्षकहरुको पेशागत विकास | | ७० | ७० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | ५००० |

## ३. ४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षाको योजना

सियारी गाउँपालिकामा एउटा मात्र सामुदायिक कलेज रहेको छ  जसको नाम लिलाधर घिमिरे छपिया जनता कलेज हो । यो कलेजमा स्नातकतहको पढाइ हुन्छ । यो कलेजको भौतिक पूर्वाधार विकास राम्रो भए पनि यसवाट प्राविधिक जनशक्ति उत्पादन गर्ने ध्येयका साथ यो योजना कलेजले तयार गरेको हो ।

## क्याम्पसको परिचय

विद्यमान प्रशासनिक संरचना अनुसार नेपालको लुम्बिनी प्रदेश अन्तर्गत व्यापारिक केन्द्रको बुटवलबाट २५ कि.मि. पश्चिम दक्षिण र भैरहवाबाट १५ कि.मि. उत्तर पश्चिमको दुरीमा रहेको ऐतिहासिक ठाउँ छपिया वर्तमान स्थानीय तह सियारी गाउँपालिका वडा नं. ४ मा अवस्थित छ। विश्व शान्तिका अग्रदुत भगवान गौतम बुद्धको पावन जन्मभूमि पवित्र स्थल लुम्बिनीको सामिप्य भएर पनि रुपन्देहीको विकट ठाउँको रुपमा चिनिने छपिया क्षेत्रका गरिब किसान, शिक्षक, कर्मचारी, साना व्यापारी र उद्योगीहरूको सामुहिक प्रयासमा २०६७ सालमा स्थापित सामुदायिक कलेज हो लिलाधर घिमिरे छपिया जनता कलेज।

यस कलेजले २०६७ सालमा वि.वि.एस. व्यवस्थापन संकायको कार्यक्रम त्रि.वि.वि. बाट सम्बन्धन प्राप्त गरि कलेजको औपचारिक पठनपाठन सुरुवात गरेको थियो। यस कलेजले २०६९ सालमा शिक्षा संकायको तात्कालीन तिन वर्षे बी. एड. का कक्षाहरु त्रि.वि.वि. सम्बन्धन प्राप्त गरी शुरुवात गऱ्यो। हाल व्यवस्थापन संकायको चार वर्षे वि.वि.एस. र शिक्षा संकायको पनि चार वर्षे बी.एड. कार्यक्रम सञ्चालनमा छन्। बी. एड. तर्फ अंग्रेजी, नेपाली, स्वास्थ्य तथा शारिरीक शिक्षा, जनसंख्या शिक्षा र गणित विषयहरु ऐच्छिक विषयको रुपमा सञ्चालनमा छन्। वर्तमान त्रि.वि.वि. को बी. एड. को पाठ्यक्रम अनुसार सम्बन्धन प्राप्त पाँच विषय मध्ये जनसंख्या विषयलाई माइनर ऐच्छिकको रुपमा र बाँकी चार विषयलाई मेजर ऐच्छिक विषयको रुपमा कक्षाहरु सञ्चालन भइरहेका छन।

यस कलेजका कक्षा एघार बाह्र सञ्चालन भएका फिडर माविहरुमा पब्लिक मावि, संस्कार मावि, भगलापुर मावि, जनता मावि, मैनहिया मावि, बरेवा मावि र सूर्यपुरा माविहरुको बिचमा यो कलेज विद्यमान छ। सबै उच्च मावि तह उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई यो कलेज पायक पर्ने भएता पनि केही विद्यार्थीहरु मात्र कलेजमा भर्ना हुन आएको देखिन्छ। यस कलेजमा विद्यार्थी भर्ना दर कम हुनका कारणहरुको खोजी गर्दा गाउँका उच्च माविहरुबाट विद्यार्थी कम उत्तीर्ण हुनु, केही उत्तीर्ण भएका विद्यार्थीहरु सहरमुखी हुनु र केही विद्यार्थीहरु रोजगार सहित अध्ययन अघि बढाउने मनसायले सहर पस्ने जस्ता कारणहरु भेटिएका छन्। यस कलेजमा अध्ययन् गर्ने विद्यार्थीहरु मध्ये बहुसंख्यक विद्यार्थीहरु दलित, मधेसी, थारू, आदिवासी र महिला रहेका छन्। कलेजमा शिक्षामा सर्वसाधारण जनताको पहुँच नपुगेको अवस्थालाई मनन गरी कलेज स्थापना भएकाले कलेजमा अध्ययन गरेका विद्यार्थीहरुको क्षेत्र, वर्ग, र लिङ्ग हेर्दा कलेजको एउटा उद्देश्य पुरा भएको अनुभूति हुन गएको छ र हामी आशावादी पनि छौं, आउँदा वर्षहरुमा विद्यार्थीहरुको संख्यामा वृद्धि हुनेछ।

## २. समस्या तथा चुनौतीहरु :

### क. समस्या :

१. कलेजको लागि शौचालय निर्माण
२. कलेजको क्षेत्रभरी नाली निर्माण
३. कलेजको उत्तरतर्फको खाली जमीनमा सटर निर्माण
४. कलेजको दुबैतर्फको मैदानमा पर्खाल निर्माण
५. पुस्तकालय भवन निर्माण (वाचनालय सहितको दुई तले)
६. बास्केट बलका लागि पिच कोर्ट निर्माण
७. उत्तरतर्फको मैदानमा माटो पटाउने र उद्यान निर्माण
८. शैक्षिक भवनको दोस्रो तला निर्माण
९. प्रशासनिक भवनको पहिलो तला निर्माण
१०. छात्रावास निर्माण
११. प्राध्यापक आवास गृह निर्माण
१२. ६ कोठे सटर भवनमाथि पहिलो तला निर्माण
१३. विज्ञान प्रयोगशाला भवन निर्माण र Bsc Ag/BBa सञ्चालन
१४. शैक्षिक भवन अगाडिको मैदानमा टायल लगाउने

### ख. चुनौतीहरु :

१. कलेजको कम्पाउण्डभित्र खेल मैदानलाई व्यवस्थित बनाउन सकिएको छैन।
२. विद्यार्थीहरुलाई प्रविधियुक्त शिक्षण सिकाइ क्रियाकलापमा संलग्न गराउन सकिएको छैन।
३. प्राध्यापकहरुलाई अनुसन्धान र एम. फिल. वा पि. एच. डी. का लागि कलेजले प्रोत्साहन स्वरूप कुनै रकम उपलब्ध गराउन नसक्नाले प्राध्यापकहरुको त्यसतर्फ रुची कम भएको देखिन्छ।
४. चमेना गृह निर्माण भई सञ्चालन भइरहेको अवस्थामा पुस्तकालयलाई पनि छुट्टै व्यवस्थापन गर्न आवश्यक छ तर सकिएको छैन।
५. कलेजमा विद्यार्थीको भर्ना दरलाई वृद्धि गर्न आवश्यक छ र भर्ना भएका विद्यार्थीहरुको ड्रप आउट धेरै हुँदा चौथो वर्षमा पुगुञ्जेल विद्यार्थी संख्या न्यून हुने हुनाले जम्मा विद्यार्थी संख्या कम देखिएको छ।
६. कलेजमा विदाको दिन र रातीको समयमा बसोबास गर्ने चौकिदारको व्यवस्था नहुँदा कलेजका भौतिक संरचनाको संरक्षणमा चुनौति देखिएको छ।
७. कलेजमा आर्थिक अवस्थाको कारणले पूर्णकालीन प्राध्यापकहरुको संख्या बढाउन सकिएको छैन।

८. कलेजले खरिद गरेको सबै जग्गा कलेजको नाममा रजिष्ट्रेसन पास हुन बाँकी छ।

**कलेजका चुनौती र समाधानका प्रयासहरु :**

१. कलेजको नाममा रहेको जग्गा कलेजको नाममा रजिष्ट्रेसन पास गर्न मन्त्रालयसम्म पुग्दा पनि नसकिनु र रजिष्ट्रेसन पास बिना QAA को प्रक्रिया अगाडि बढाउन कठिन भएको छ।

२. विद्यार्थीको चाप बढ्दै जाला भन्दा घट्दै जान थालेकाले फिडर उच्च मा.वि. सँग सुमधुर सम्बन्ध स्थापित गर्नुपर्ने देखिन्छ। त्यसैले ती विद्यालयको शैक्षिक उत्थानमा पनि कलेजले विशेष सोचका साथ अगाडि बढेको छ।

३. कलेज सहरोन्मुख विद्यार्थीलाई गाउँमै रोक्न अझै नसकिएको अवस्थामा कलेजमा नयाँ विषय र कार्यक्रमहरु थप गर्नेतर्फ क्रियाशील हुनुपर्ने देखिन्छ। यसको लागि सबै वर्ग, क्षेत्र र समुदायको सकारात्मक सहयोगको अपेक्षा कलेजले राखेको छ।

४. यस कलेजलाई डस्टलेस बनाएर मात्र नभई पेपरलेस कलेजको रूपमा सञ्चालन गर्न आधुनिक टेक्नोलोजीको स्थापना गर्न आवश्यक छ, जसलाई कलेज समितिले विभिन्न दातृ संस्थाहरुसँग सहयोगको हात फैलाउनु पर्दछ र सोही अनुसार गरिरहेको अवस्था छ।

## ३. दीर्घकालीन सोच

वि.सं. २०८८ साल भित्र (१० वर्षे दीर्घकालीन योजना) यस लिलाधर घिमिरे छपिया जनता कलेजलाई अधिकतम विकसित गरी यसले ओगटेको क्षेत्रको शैक्षिक स्तरोन्नति गर्ने र यसलाई प्राविधिक जनशक्ति उत्पादन गर्ने क्याम्पसको रुपमा विकसित गर्ने।

## ४. योजनाको आवश्यकता

लिलाधर घिमिरे छपिया जनता कलेज सियारी गाउँपालिका वडा नं. ४ छपियामा अवस्थित एकमात्र सामुदायिक कलेज हो। यो कलेज ग्रामीण क्षेत्रमा स्थापना भइ BEd र BBs संकायमा कक्षाहरु सञ्चालन हुँदै आइरहेका छन्। वर्तमान परिवेशमा प्राविधिक शिक्षाको आवश्यकता र महत्व बढ्दै गइरहेको अवस्थालाई मध्यनजर गर्दै यस कलेजमा पनि प्राविधिक एवम् रोजगारमूलक शिक्षा सञ्चालन गर्ने लक्ष्य रहेको छ। जसले आजका शिक्षार्थीको जीवन सरल र सहज गराउन एवम् बजारको मागलाई सहजै परिपूर्ति गर्न सक्नेछ। सियारी गाउँपालिकामा एक मात्र सामुदायिक कलेजको रुपमा स्थापित यस कलेजमा यहाँको भौगोलिक अवस्था, माटो, जलवायु, भौतिक सुविधाको अध्ययन गर्दा यहाँ प्राविधिक शिक्षा अन्तर्गत Bsc Ag/BBa कक्षाहरु सञ्चालन गर्न उपयुक्त देखिन्छ। विहानीको समयमा BED र BBs कक्षाहरु (विहान ६:००-१०:४५ सम्म) सञ्चालन हुने र बाँकी समय नेपाल सरकारका विभिन्न निकायहरु र समाजको लगानीबाट करोडौं रुपियाको लगानीमा निर्माण भएका भौतिक संरचना तथा अचल

सम्पत्तिलाई समूचित रुपमा प्रयोग गर्ने गरी दिवा समयमा प्राविधिक शिक्षाका कक्षाहरु सञ्चालन गर्ने हाम्रो योजना रहेको छ ।

**५ उद्देश्यहरु**

प्राविधिक शिक्षा सञ्चालनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. सर्वसुलभ, गुणस्तरीय र प्राविधिक शिक्षा प्रदान गरी रोजगारमूलक, स्वरोजगारमूलक, आत्मनिर्भर र उत्पादनशील जनशक्ति उत्पादन गर्नु,

२. नेपाल सरकारले एक पालिका एक प्राविधिक शिक्षालय सञ्चालन गर्ने योजनालाई कार्यान्वयन गर्न यस कलेजको सबै चल अचल सम्पत्तिको सहयोगमा कलेजलाई प्राविधिक शिक्षालयको रुपमा विकसित गर्ने ।

**६. रणनीति**:

१. आर्थिक अनुदान कलेजको क्याचमेन्ट एरिया भित्रका सम्बन्धित वडा, स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार तथा विश्वविद्यालय अनुदान आयोगसँग माग गर्ने ,

२. Bsc Ag र BBA कक्षा सञ्चालनका लागि सम्बन्धित विश्वविद्यालयसँग अनुमति माग गर्ने,

३. अन्य प्राविधिक कक्षा सञ्चालन भएका कलेजहरुसँग समन्वय गर्ने,

४. भौतिक पूर्वाधारको विकास गर्ने,

५. समय अनुकूल हुने गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने,

६. प्राविधिक प्राध्यापकहरुको व्यवस्था गर्ने,

७. स्थानीय वुद्धिजीवी, भूतपूर्व विद्यार्थी, चन्दादाता र अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने,

**७. प्राथमिकताका क्षेत्रहरु**

यस योजनाले देहाय बमोजिमका प्राथमिकताका क्षेत्रहरु निर्धारण गरेको छः

क. भौतिक पूर्वाधार निर्माण गर्ने,

ख. भर्ना दरलाई निरन्तर वृद्धि गर्दै लाने ,

ग. सबै प्राध्यापकहरुलाई पूर्णकालीन गर्ने,

घ. QAA को प्रक्रिया अगाडि बढाउने,

ङ. प्राध्यापकहरुलाई समय सापेक्ष तालिम तथा अनुसन्धान कार्यमा लगाउने,

च. कलेजको जग्गा कलेजको नाममा रजिष्ट्रेसन र भोगचलनको प्रमाण पत्र लिने ।

उल्लेखित प्राथमिकताहरुको अनुसरणले योजनाको उद्देश्य हासिल गर्न सघाउ पुग्नेछ ।

## उच्च शिक्षाका अपेक्षित उपलव्धी, मुख्य मुख्य क्रियाकलाप र भौतिक लक्ष्यहरु

### अपेक्षित उपलव्धी

१. सियारी गाउँपालिकाको एउटा मात्र सामुदायिक कलेजलाई प्राविधिक शिक्षा दिने संस्थाको रुपमा विकास र रुपान्तरण गरिनेछ।
२. विज्ञान र प्राविधिक शिक्षा प्रयोगशाला भवन तयार हुनेछ।
३. प्राध्यापक आवास गृह र छात्रावासको स्थापना हुनेछ।
४. उत्कृष्ट पुस्तकालय स्थापना भएको हुनेछ।
५. उच्च शिक्षा सम्बन्धि भौतिक पूर्वाधार विकास भएको हुनेछ।
६. प्राविधिक तथा व्यावसायिक तालिम क्षेत्रमा प्रणालिगत सुधार आएको हुनेछ।
७. गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्रकृया पुरा गरेका उच्च शिक्षा प्रदायक संस्था प्रत्यानकृत भएका हुनेछन।
८. उच्च शिक्षामा विज्ञान गणित प्रविधि र इन्जिनियरिङ् शिक्षामा विद्यार्थिको पहुँच बृद्धि भएको हुनेछ।
९. विपन्न जेहेन्दार विद्यार्थिले प्राविधिक शिक्षामा छात्रबृत्ति प्राप्त गरेका हुनेछन्।
१०. प्राविधिक तथा ब्यावसायिक सिपयुक्त जनशक्ति उत्पादन भएको हुनेछ।
११. वि.एस्.सि, वि.वि.एस. र वि. वि. ए का कक्षाहरु संचालन भएका हुनेछन्।
१२. उत्पादित जनशक्तिको गुणात्मक पक्षको सुनिश्चितता भएको हुनेछ।
१३. स्थानिय परिबेश अनुकुल बैज्ञानिक नवप्रबर्तनात्मक अनुसन्धानात्मक र प्रबिधिमैत्री शिक्षा प्रबर्द्धन भएको हुनेछ।
१४. गाउँपालिकामा कम्तिमा एउटा साधन सम्पन्न प्राविधिक शिक्षालय स्थापना गरी प्राविधिक जनशक्ति उत्पादन भएको हुनेछ।

# लिलाधर घिमिरे छपिया जनता कलेजका उच्च शिक्षाका मुख्य मुख्य क्रियाकलाप र भौतिक लक्ष्य

| मुख्य मुख्य क्रियाकलाप र भौतिक लक्ष्य | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.न. | मुख्य मुख्य क्रियाकलाप | इकाइ | लक्ष्य | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०८२।८३ | जम्मा ५ वर्षको लक्ष्य | २०८३।८४ –२०८७।८८ सम्म | १० वर्षे अवधिको भौतिक लक्ष्य |
| **३.३ उच्च शिक्षा लिलाधर घिमिरे छपिया जनता कलेज** | | | | | | | | | | | |
| १ | प्राविधिक शिक्षालयको गुरुयोजना निर्माण | स्थापना | १ | १ | | | | | १ | | १ |
| २ | प्राविधिक शिक्षालयको गुरुयोजना निर्माण स्थापना र सञ्चालन | स्थापना | १ | | १ | | १ | | २ | २ | ४ |
| ३ | कलेजको लागि शौचालय निर्माण (२ वटा दुबै तर्फको मैदानमा) | शैचालय | २ | | १ | | १ | | २ | २ | ४ |
| ४ | नाली निर्माण (कलेजको क्षेत्रभरी) | नाली | १ | | | १ | | | १ | | १ |
| ५ | कलेजको उत्तरतर्फको जमीनमा ८ वटा सटर निर्माण | सटर | ८ | | २ | २ | २ | २ | ८ | ८ | १६ |
| ६ | कलेजको दुबैतर्फको मैदानमा पर्खाल निर्माण | कम्पाउण्ड वाल | २ | | १ | | १ | | २ | २ | 4 |
| ७ | पुस्तकालय भवन निर्माण र पुस्तक व्यवस्थापन | पुस्तकालय | २ | | | १ | | १ | २ | २ | ४ |
| ८ | बास्केटबलका लागि पिच कोर्ट निर्माण | कोर्ट | १ | | १ | | | | १ | १ | २ |
| ९ | उत्तरतर्फको मैदानमा माटो पटाउने | पटक | २ | | | १ | | १ | २ | २ | ४ |
| १० | उद्यान निर्माण | | २ | | | १ | | १ | २ | २ | ४ |
| ११ | शैक्षिक भवनको दोस्रो तला निर्माण | कोठा | ७ | | | ३ | ४ | | ७ | ७ | १४ |
| १२ | प्रशासनिक भवनको पहिलो तला निर्माण | कोठा | ३ | | २ | | १ | | ३ | ३ | ६ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | छात्रावास निर्माण | छात्रावास | १ | | | १ | १ | | २ | २ | ४ |
| १४ | शैक्षिक भवन अगाडिको मैदानमा टायल लगाउने | टायलिङ्ग | २ | | | २ | | | २ | २ | ४ |

## ३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.५.१ परिचय

सीपयूक्त जनशक्ति राष्ट्रको सम्पती हो भने सीपविहिन जनशक्ति राष्ट्रको दायित्व मात्र हो । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्ने गरी शिक्षा प्रणालीलाई अग्रगामी दिशामा निर्देशित गर्ने शिक्षा नै प्राविधिक शिक्षा हो, जुन सम्बृद्धिको आधार पनि हो । प्राविधिक शिक्षाको विस्तार मार्फत् स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गरी देशको आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने एवं रोजगारीको खोजीमा बाहिर पलायन भएका युवा जनशक्तिलाई स्वदेशमा नै फिर्ता गर्न सकिने वातावरण तयार पार्नु राज्यको दायित्व हो भने बेरोजगारी उन्मुलनको एउटा उपाय हो । औपचारिक शिक्षा पद्धति भित्र नसमेटिएका व्यक्तिका लागि उनिहरुको परम्परागत सीप र ज्ञानमा आधारित अनुभवलाई शिक्षाको मूल धारमा आउन सक्ने गरी योग्यताको प्रारुप अनुरुप क्रेडिट स्थानान्तरण गर्ने व्यवस्था तर्फका कार्यक्रमहरु लागु हुने गरी रैथाने सीपको प्रमाणीकरण, युवा लक्षित सीप विकास कार्यक्रमको विकास जस्ता कार्यहरु प्राविधिक शिक्षामा समेटिएको छ । अहिलेको आवश्यकता भनेको राष्ट्रिय आवश्यकता र श्रम बजारको मागसँग तादाम्यता राख्ने प्राविधिक शिक्षाको विस्तार, स्थानिय तहमा प्रविधिक शिक्षा प्रदायक शिक्षालय स्थापना गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्राविधिक शिक्षालयहरु र सामुदायिक विद्यालयमा प्राविधिक  विद्यालयहरु सञ्चालनमा रहेको पाइएको छ । त्यसैगरी यस गा.पा. सियारीमा पनि प्राविधिक शिक्षा प्रदान गर्नको लागि डिप्लोमा र डिप्लोमाका कार्यक्रमहरु सञ्चालनमा छन् । यस्ता संस्थाहरुले आधारभूत तथा मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने कार्य तिनवटा विद्यालयबाट गरिरहेको छ तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको समेत व्यवस्था गरिएको छ । शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विषेश जोड दिई विद्यालयमा सञ्चालन गरिने, प्राविधिक धारको शिक्षा कक्षा १० पछि आवश्यक प्रयोगात्मक तथा कार्य क्षेत्र अनुभवसहित तीनवर्षको अवधिको बनाई, यी कार्यक्रम र प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र अन्तर्गत सञ्चालित सम्बन्धित कार्यक्रम बिच सामञ्जस्य कायम गरिने उल्लेख गरेको  छ ।

### ३.५.२ वर्तमान अवस्था

यस गा. पा. का ७ वटा वडा मध्ये ३ वटा वडामा रहेका विद्यालयमा प्राविधिक शिक्षाको पहुँच पुगेको छ । प्राविधिक शिक्षातर्फ यस गा.पा. मा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट ३ वटा कार्यक्रमहरु सञ्चालन गर्ने भएका छन् । हालको अवस्थामा सि.टि.भि.टि तर्फ ३१२ कोटामा प्राविधिक शिक्षा सञ्चालन हुन्छ ।

### ३.५.३ चुनौती र अवसर

सियारी गा.पा.मा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा सबै क्षेत्र वर्ग र समुदायको समतामूलक पहुँच सुनिश्चित गर्नु, जनशक्ति आवश्यकताका आधारमा सीप विकासका प्राथमिक विषय क्षेत्र पहिचान गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्राप्त जनशक्तिलाई कार्यक्षेत्रको अनुभव सहितको दक्षता अभिवृद्धि गर्नु, विपन्न तथा पछाडि परेको वर्ग र समुदायका युवाहरुलाई सहुलियतपूर्ण प्राविधिक तथा व्यवसायिक शिक्षा र तालीमका अवसर उपलव्ध गराउनु, विद्यालय शिक्षा पूरा गर्न नसकेका, औपचारिक शिक्षाको मूलधारमा आउन नसकेका युवा तथा वयस्कहरुलाई व्यवसायिक सिप विकासका अवसर उपलब्ध गराउनु, सियारी गा.पा.मा व्यवसायिक शिक्षाको पहुँच विस्तार गर्नु, शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणाली सम्म आबद्ध गर्ने गरी प्राविधिक तथा व्यवसायिक शिक्षालाई उद्यमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्ने, प्राविधिक र व्यवसायिक शिक्षाको लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्नु, प्राकृतिक स्रोत र साधनमा आधारित प्राविधिक र व्यवसायिक शिक्षा अगाडि बढाउन आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्नु, प्राविधिक र व्यवसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, प्राविधिक शिक्षामा प्रशिक्षक तथा शिक्षकहरुलाई प्रशिक्षण दिनु तथा टिकाई राख्नु, परम्परागत प्राविधिक शिक्षाको निरन्तरता भन्दा पनि स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना र कार्यान्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

यस क्षेत्रमा सरोकारवालाहरुको चासो बढ्दै जानु, सरकारको उच्च प्राथमिकतामा पर्नु, सियारी गा.पा. मा उपलब्ध स्रोत साधनहरु र रैथाने सिपलाई आधार बनाएर विद्यालयका शिक्षण कार्यक्रम सञ्चालनमा ल्याउने र निम्न, मध्यम र प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने संभावना हुनु, सीटीइभिटी अन्तरगतका बिभिन्न तहका सिपमूलक र उद्यमशीलमा आधारित व्यवसायिक र रोजगारमुलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरुलाई व्यवस्थित बनाउन सकिने आधार हुन् ।

### ३.५.४ उद्देश्य

१. प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपमुलक तालिमहरु सञ्चालन गर्न लुम्विनी प्रदेश तथा संघसँग समन्वय गर्नु ।

२. प्राविधिक शिक्षाको माध्यमबाट योग्य, सक्षम, सीपयुक्त र उद्यमशिल जनशक्ति विकास गर्ने ।

३. सीप विकास तालिमका अवसरहरुको व्यापक विस्तार गरी यस किसिमको शिक्षा सबै विद्यार्थी र तालिममा इच्छुक नागरिकको समावेशी एवं समतामुलक पहुँच सुनिश्चित गर्ने ।

४. प्राविधिक शिक्षालाई गुणस्तरीय, व्यहारिक र जीवनोपयोगी बनाउने ।

५. प्राविधिक, व्यवसायिक, र सिपमुलक शिक्षा मार्फत शैक्षिक बेरोजगारी न्यूनिकरण गर्ने ।

६. लुम्बिनी प्रदेशको स्रोतसाधनमा आधारीत उद्योग, व्यवसाय र रोजगार मार्फत आर्थिक विकास र समृद्धिमा टेवा पुऱ्याउने ।

### ३.५.५ रणनीति

१. यस गा.पा. मा प्राविधिक तथा व्यवसायिक शिक्षाको हालको अवस्थालाई सुदृढ गर्दै प्राविधिक शिक्षा सञ्चालित विद्यालयलाई स्रोतपूर्ण र गुणस्तरिय शिक्षा प्रदान गर्ने र आवश्यकताको आधारमा आवश्यक विषयमा सहकार्य गरिने छ ।

२. प्राविधिक शिक्षालाई प्रभावकारी एवं गुणस्तरिय हिसाबले सञ्चालन गर्न आवश्यक पूर्वाधार विकासका लागि स्थानिय सहभागितामा लगानी सुनिश्चित गरिने छ ।

३. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि आवश्यक जनशक्तिको विकास गर्न प्राविधिक शिक्षा सञ्चालित विद्यालयलाई केन्द्रित गरिने छ ।

४. गा.पा. मा अध्ययन अनुसन्धान तथा विस्तारका लागि हेल्पडेक्स गरी सञ्चालनमा ल्याइनेछ ।

५. स्थानीय तथा राष्ट्रिय श्रम बजारको अध्ययन अनुसन्धान गरी बजारको माग अनुसार हाल प्राविधिक शिक्षा सञ्चालित विद्यालयमा नयाँ सिप प्रविधिको विकास गर्ने कार्यक्रम सञ्चालन गरिने छ । साथै सिप परिक्षणको लागि लुम्विनी प्रदेश तथा राष्ट्रिय स्तरमा सिप परिक्षणको लागि समन्वय गर्ने ।

६. नीजि क्षेत्रका रोजगारदाता संघ संस्थाको साझेदारीमा औद्योगिक सिप विकास कार्यक्रम इन्टर्नसिप र अन द जब ट्रेनिङ सञ्चालन गरिनेछ ।

७. प्राविधिक शिक्षा सञ्चालित विद्यालयहरुमा परिक्षकहरुको सक्षमता मापदन्ड निर्माण गरी परिक्षण गर्ने प्रणालीको विकास गरिनेछ ।

८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा तीन तहका सरकारको उचित सहकार्य र समन्वयको वातावरण सुनिश्चित गरिनेछ ।

९. प्राविधिक र व्यवसायिक धारका पाठ्यक्रमहरुलाई स्थानीय मौलिकता अनुकुलका पर्यटन र माछापालन विषयहरु पाठ्यक्रम निर्माणको लागि सिटिइभिटि समक्ष अनुरोध गरिनेछ ।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि विश्वविद्यालयहरुसँग सहकार्य गरि थप स्थानीय तहबाट पास आउट भएका विद्यार्थीहरुलाई माथिल्लो तहको शिक्षाको लागि परामर्श सेवा प्रदान गरिनेछ ।

### ३.४.६ अपेक्षित उपलब्धि प्राविधिक तथा व्यवसायिक शिक्षाको कार्यक्रमहरु

यस गा.पा.मा प्राविधिक शिक्षा सञ्चालित विद्यालय मध्ये एउटा विद्यालयलाई नमूना माध्यमिक विद्यालय स्थापना भएको हुनेछ । कम्तिमा पाँच ओटा विद्यालयहरुलाई अनिवार्य रुपमा क्रमशः साधारण र प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्दै लगिएको हुनेछ । उच्च प्राविधिक शिक्षा हासिल गर्नका लागि प्रदेश क्याम्पस वा विद्यालयसँग गा.पा. को सहकार्यमा स्नातक तहको कक्षा सञ्चालनमा ल्याएको हुनेछ । प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्रमा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिबृद्धि हुनेछ । गा.पा.मा शिक्षा शाखा अन्तर्गत प्राविधिक तथा व्यवसायिक शिक्षा विकास डेक्स विकास गरि स्थापना गरिएको हुनेछ । प्राविधिक शिक्षाका सञ्चालित संस्थाहरुको व्यवस्थापनका लागि गा.पा. बाट स्रोत व्यवस्थापनका लागि विद्यालयसँग साझेदारिको व्यवस्था गर्ने प्राविधिक शिक्षा, प्रविधिमा आधारित शिक्षा जस्ता शैक्षिक सुविधा तथा अवसरको समतापूर्ण वितरण गरिएको हुनेछ ।

## ३.६ पाठ्यक्रम र पाठ्यसामग्री (स्टेम, अतिरिक्त/सहक्रियाकलाप, परम्परागत र मौलिक विषय, पूर्वीय दर्शन र शिक्षा, मातृभाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री एवं राष्ट्रिय तथा प्रदेश ढाँचाअनुकूलको पाठ्यसामग्री)

### ३.६.१ स्टिम शिक्षा

**परिचयः**

विज्ञान, टेक्नोलजी, इन्जिनियरीङ र गणितका ज्ञान र सीपहरु एकीकृत गरिएको शिक्षा हो । विज्ञानः प्राकृतिक संसार वारे ज्ञान र प्रक्रिया अध्ययन । टेक्नोलोजीः आवश्यकता वा चाहना पुरा गर्न मानिस निर्मित उत्पादन । उदाहरण- कुर्सी, कलम वा समस्या समाधान गर्न विद्यार्थीले सिर्जना गरेका सामग्रीहरु । इन्जिनियरीङ समस्या समाधानमा प्रयोग हुने डिजाइन प्रक्रियाहरु । गणितः संख्या, आकार, मात्रा, तर्क र प्रक्रियाहरु ।

स्टेम शिक्षा विभिन्न विषयहरु अलग अलग नपढाइ विषयबस्तुहरुलाई जोड्ने वा एकीकृत गरी प्रविधिमा जोड दिँदै सिकाईलाई वास्तविक वा संसारसंग सान्दर्भिक वनाउने एक आधुनिक अभियान हो । यसले २१ औं शताव्दिका शिक्षाका चार सीपहरुले समालोचनात्मक सोचाइ, सिर्जनात्मक, सहकार्य, संचार एवं समस्या समाधान र नवप्रवर्तन सक्षमता विकासमा जोड दिन्छ । रोड आइल्याण्ड स्कुल डिजाइनका अध्यक्ष जोहन मिडालेस्टेम शिक्षाको विकसित रुप स्टीम प्रस्ताव गरेका हुन् । स्टेम शिक्षा सफल कार्यान्वयनका लागि आधुनिक र नविनतम शिक्षण रणनीतिहरुको प्रयोग अनिवार्य छ ।

सन १९८५ मा कार्यदलले गणित, विज्ञान, इन्जिनियरीङ, टेक्नोलोजी सम्बन्धित अन्य विषयहरु समावेश पाठ्यक्रमले देशको आवश्यकता सम्वोधन गर्ने नीति प्रस्तुत गरेको थियो । त्यो एकीकृत शिक्षा कार्यक्रमलाई इस्मेटनाम दिइएको थियो । सन १९९० मा नेशनल साइन्स फाउण्डेसन की तत्कालिन सहायक निर्देशक डा. जुडियथ राम्सेले हिज्जे संशोधन गरी स्टेम नामाकरण गरेकी हुन् । स्टेम शिक्षा नेशनल साइन्स फाउण्डेसन अमेरीकाबाट सन २००१ मा सुरु भएको एकीकृत शिक्षा कार्यक्रम हो । सन २००५ मा संघिय शिक्षा नीतिमा समावेश गरिएपछि सबै राज्यहरुमा विस्तार गरियो । त्यसपछि अस्ट्रेलिया, चीन, फ्रान्स, जापान, दक्षिण कोरिया, ताइवान, युके र सिंगापुरमा विस्तार गरियो । हाल विश्वका धेरै देशले स्टेमलाई शिक्षा प्रणालीमा समावेश गरिसकेका छन् । मुख्य लक्ष्य विज्ञान र गणित शिक्षा क्षेत्रमा लैंगिक र जातीगत खाडल कम गरि स्टेम शिक्षामा महिला र अल्पसंख्यकको भुमिका वृद्धि गर्ने रहेको छ ।

**स्टेम शिक्षाको आवश्यकता**

विद्यार्थीहरुलाई किताव र कक्षाको बाकस भन्दा वाहिर सोच्ने अवसर दिन, उच्च दक्षता, सोचाइ, सीपहरु विकास गर्न, सहकार्य र टोली कार्यवृद्धि गर्न, संचार र नेतृत्व क्षमता विकास गर्न, उत्सुकता बढाउन, समालोचनात्मक सोचाइ सीप विकास गर्न, सज्ञानात्मक क्षमता विकास गर्न, कम उमेरमा स्टेम रोजगारका क्षेत्रहरु पत्ता लगाउन, कक्षा सिकाइलाई वास्तविक जीवन र संसारसंग जोड्न, सिर्जनशिलता, समस्या समाधान क्षमता र नवप्रवर्तनलाई प्रोत्साहन गर्न, २१ औं शताव्दि शिक्षाका सीपहरु सहकार्य, जिज्ञासा, समस्या समाधान र समालोचनात्मक सोचाइमा प्रविणता हासिल गर्न, विज्ञान टेक्नोलोजी, इन्जिनियरीङ गणितका ज्ञान र सीपहरु विविध काममा प्रयोग गर्न, द्रुत गतिमा विकास भैरहेको टेक्नोलोजी, इन्जिनियरीङ र आविस्कारका उत्पादनहरुबारे जानकार समाज, विकास र त्यस प्रकारका उद्योगहरुका लागि आवश्यक जनशक्ति तयार गर्न, स्थानीय प्राविधि र सीपको उच्चतमा प्रयोग हुने गरी गा.पा. भित्रका विद्यालयमा आवश्यकता अनुसार जनशक्ति तयार गरिनेछ ।

**वर्तमान अवस्था**

राष्ट्रिय शिक्षा नीति २०७६ ले स्टेम शिक्षालाई समग्र शिक्षा प्रणालीको अंगको रुपमा विकास र विस्तार गर्ने लक्ष्य राखेको छ । विद्यालय तहको विज्ञान र गणितको नतिजा सुधार गर्न, सबै

विद्यार्थीलाई आफ्नो रुची र क्षमताका आधारमा सिक्ने अवसर प्रदान गर्न र सिर्जनशिलता एवं नवप्रवर्तन क्षमता विकास गराउने उद्धेश्यले हाल माध्यमिक तहमा स्टेम शिक्षा लागू गरिएको हो।

स्टेम शिक्षा विज्ञान, गणित, टेक्नोलोजी र इन्जिनियरिङ्ग विषयहरुलाई एकीकृत विधिबाट सिकाउने रणनीति हो। विज्ञान र गणित गाह्रो विषयहरु हुन भन्ने गलत धारणाका कारण सिक्न डराउने, कम रुचि राख्ने र यी विषयहरुमा असफल हुने विद्यार्थी, अपांग समेतका लागि सिक्न सजिलो, सरल र रुचि जगाउने उपायको रुपमा उपयोगी प्रमाणित भइसकेको छ। अति कमजोर विद्यार्थीहरुको न्युनतम सिकाई उपलव्धि वृद्धि गरी विज्ञान र गणित विषयको नतिजा सुधारका लागि स्टेम शिक्षा अभियानको रुपमा लागू गरिएको छ। यसबाट उच्च प्राविधिक शिक्षामा लैंगिक असमानता कम गर्ने, गुणस्तर विकास गर्ने, विज्ञान र प्राविधिक शिक्षा विकास र विस्तार गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

## चुनौती

१) स्टेम शिक्षालाई शिक्षा नीतिमा समावेश गरिएता पनि नयाँ शिक्षा ऐनको अभावमा तथा कार्यक्रमिक ढाँचा नवन्दा परियोजनाको स्थायीत्वमा संसय पैदा भएको छ।

२) विज्ञान, प्रविधि, इन्जिनियरिङग्, गणित र जस्ता विषयको शिक्षणमा गुणस्तरीय र क्षमतावान जनशक्तिको आवश्यकता पर्छ, जसको अभावमा अपेक्षाकृत नतिजा सुधार नहुन सक्छ।

३) कार्यान्वयनको लागि केन्द्र प्रदेश र स्थानीय तहको स्टेम शिक्षा कार्यान्वयन मार्ग चित्र नबन्दा दोहोरोपन वा कार्यक्रम छुट्न सक्ने सम्भावना हुन्छ।

४) विद्यालय तहवाट स्टेम शिक्षाको माध्यमवाट उत्पादित विद्यार्थीलाई कामको संसारमा लैजान, सीप अनुसारको काम प्रदान गर्न र उच्च शिक्षामा समेत स्टेमलाई जोड्नु चुनौतीको विषय बन्नेछ।

५) स्टेमलाई व्यवहारिक बनाउन वजेट व्यवस्थापन र छुट्टै स्थायी स्टेम योजना वनाउने कार्यको लागि वजेट व्यवस्थापनमा चुनौती रहेको छ।

६) स्टेम ल्यावको संरक्षण, सुधार र विकासमा हरेक वर्ष फेरिने योजनाहरुले निरन्तरता प्रदान गर्ने नगर्ने सुनिश्चितता छैन।

७) परम्परागत शिक्षण सिकाईलाई परिवर्तन गरि गणित, विज्ञान शिक्षणमा प्रविधि, आधुनिक शिक्षण विधिको प्रयोग गरि सिकाइमा नविनता ल्याउन शिक्षकमा तत्परता ल्याउन जरूरी छ।

## उद्देश्यहरु

१) २१ औं शताव्दिमा शिक्षाका उद्देश्य र सक्षमताहरु समालोचनात्मक सोचाइ, सहकार्य, सिर्जनशीलता, संचार सीपहरुसंग मेल खाने।

२) २१ औं शताव्दिका पेसा व्यवसाय र रोजगारका मुख्य क्षेत्रहरु टेक्नोलोजी र इन्जिनियरीङका अवसरहरुमा सजिलोसंग पहुंच अभिवृद्धि गर्न सक्ने जनशक्ति तयार गर्ने ।

३) विद्यार्थीहरुलाई वास्तविक जीवन र संसारका समस्याहरु समाधान गर्ने इन्जिनियरीङ डिजाइन प्रक्रिया र विविध टेक्नोलोजी वुझ्ने, सूचना संचार प्रविधिको प्रयोग गर्ने, आविस्कार र नवप्रवर्तन गर्न सक्षम वनाउने ।

४) वर्तमान विज्ञान र गणित पाठयक्रमले तोकेका शिक्षण विधिहरुका अतिरिक्त आविस्कार, नवप्रवर्तन, व्यवसायिकता, सिर्जनशिलता, बस्तु निर्माण प्रक्रिया र व्यवहारिक नमूनाहरुको उत्पादन क्षमता विकास गराउने ।

५) समस्या समाधानका विविध उपायहरु प्रयोग र अन्य धेरै सम्भाव्य उपायहरु खोज्न उत्प्रेरीत गर्ने, खोज तथा अन्वेषण गर्ने, जोखीम र नेतृत्व लिने एवं नयां तरीकाले काम गर्न सक्षम बनाउने ।

६) स्टेम ल्याव स्थापना भएको विद्यालयमा अन्य विद्यालयवाट अध्ययन अवलोकन गराइ खोज कार्यमा विद्यार्थीको सक्रियता बढाउने ।

७) विद्यालय तहको गणित विज्ञानको नतिजा सुधार गरि विज्ञान प्रविधि प्रति आकर्षण गराउने ।

**स्टेम शिक्षा शिक्षाका रणनीतिहरुः**

१) औपचारीक शिक्षणः कक्षामा वर्तमान विज्ञान र गणितका पाठ्यक्रमले निर्देशित गरेका शिक्षण विधिहरु र समस्या समाधान सिकाइ, परियोजना कार्य, समालोचनात्मक सोचाइ विकासका शिक्षण रणनीतिहरु, सहकार्य, साझा सिकाइ र निर्माणवाद शिक्षण रणनीतिहरुको (५ इ) नियमित प्रयोग गर्ने ।

२) क्षेत्र भ्रमणः वास्तविक समस्याका स्थलहरु, व्यवसाय तथा पेशा केन्द्र, उद्योग, उत्पादन स्थल, वाटरपार्क, प्लानेटरीयम, चिडीया जनावर घर, संग्रहालय, कृषि, वन, वागवानी केन्द्र, माछापालन, रेशमखेती, मौरीपालन, सडक निर्माण स्थल, पुल, वाटर टर्वाइन, जल विद्युत ड्याम र पावर हाउस, अस्पतालहरु, वर्कसप, यन्त्रशालाहरु, रेडीयो टिभी स्टेशन, विज्ञान तथा प्रविधि प्रयोगशाला, धातु उद्योग, खोला, नदी चौर, तलाउ, विभिन्न प्रदर्शनी र मेला, टेक्नोलोजी र इन्जिनियरीङका स्थान र प्रतिष्ठानहरु ।

३) अवलोकनः समुदायका विभिन्न पेशा वा व्यवसाय, घरेलु औजार, उपकरण, निर्माण प्रविधि, घर र भान्सामा गणित र विज्ञानका प्रक्रियागत सीप र ज्ञानको प्रयोग ।

४) अनुभव आदान प्रदानः स्टेम शिक्षा गाउँपालिकाभरका माध्यमिक विद्यालयहरु विज्ञान गणित शिक्षकहरुलाई स्टेम ल्याव संचालित विद्यालयमा अवलोकन गराई अनुभव आदान प्रदान गरि आवश्यकता अनुसार अगुवा विद्यालयका विषयगत शिक्षकहरुले मेन्टोरिङ सेवा प्रदान गर्ने ।

५) <u>आवश्यक नीति-कार्यविधि निर्माणः</u> गाउँपालिकामा शिक्षा शाखा अन्तर्गत स्टेम डेस्क स्थापना गरि आवश्यक कार्यविधि निर्माण गरि विभिन्न नवप्रर्वतनात्मक कार्यहरु संचालन गर्ने ।

६) <u>उत्प्रेरणाः</u> गा.पा. भित्रका विज्ञान तथा गणित शिक्षकहरुको वार्षिक रुपमा विषयगत उपलब्धिको सामुहिक विश्लेषण गरि उच्च नतिजा प्राप्त गर्ने शिक्षकलाई प्रोत्साहन सुविधा प्रदान गर्ने ।

**<u>अपेक्षित उपलब्धि</u>**

क) धेरै विद्यार्थीहरुले आफ्नो रुचि र क्षमता अनुसार गरेर सिक्ने अवसर पाउने भएकोले सिकाई उत्प्रेरणा उच्च भै सिकाई उपलव्धि सुनिश्चित हुन्छ ।

ख) विज्ञान र गणितलाई टेक्नोलोजी र इन्जिनियरीङसंग जोड्दा विषयबस्तुको शिक्षण सिकाई सान्दर्भिक भै विद्यार्थीहरुमा रुचि, सिकाई तत्परता, विषय प्रति आकर्षण वृद्धि हुने ।

ग) छात्राहरुको सिकाइमा सक्रिय सहभागिताले विज्ञान र गणित शिक्षामा लैगिंक खाडल कम हुने ।

घ) पाठ्यक्रम निर्देशिका विद्यार्थी केन्द्रित शिक्षण विधिहरुको उच्चतम प्रयोग हुने भएकोले उच्च दक्षता सीप विकास भै आत्म विश्वास र समस्या समाधान सक्षमता विकास हुने ।

ङ) सहि तरिकाले लागू गरिएमा विद्यार्थीहरुमा तार्किक, समालोचनात्मक र सिर्जनात्मक सोचहरु विकास भै समस्या समाधान गर्ने, सिर्जना वा निर्माण गर्ने, नवप्रवर्तन गर्ने, आविस्कार गर्ने क्षमताहरु विकास हुन्छन् ।

च) समस्या समाधान, परियोजनामा आधारीत सिकाई, सहकार्य सिकाई, साझा सिकाई र प्रत्यक्ष अनुभव सिकाई जस्ता सामुहिक शिक्षण विधिहरुको प्रयोगबाट विषय वस्तु सिकाई सजिलो, रुचिकर, अर्थपूर्ण भइ ज्ञान सीप र अभिवृत्ति विकास एवं सहयोगी भावना, सामाजिक र नेतृत्व सीप विकास हुन्छन् ।

**नतिजाः**

१) यसबाट प्राविधिक शिक्षामा लैंगिक असमानता कम भएको हुनेछ ।

२) गणित र विज्ञान प्राविधिक शिक्षा विकास र विस्तार गर्न सहयोग पुग्नेछ ।

३) स्टेम शिक्षामा आधारीत अर्थतन्त्रहरुमा काम र पेसा क्षेत्र, रोजगार दर, नयाँ उत्पादन, ज्याला र निर्यात सबै उच्च अवस्थामा हुनेछ ।

४) स्टेम शिक्षामा अण्डरग्रेजुएट र ग्रेजुएटका मदार वा पेशाकर्मीहरु कार्य सम्पादनमा कुशल र नवप्रवर्तन मापदण्डलाई स्विकार गर्न सक्षम हुनेछ ।

५) स्टेम शिक्षाले विद्यार्थीहरुलाई आफ्नो जीवनमा उपयोगी गहिरो सोचाइ गर्ने, तर्क गर्ने, कारण खोज्ने, टोलीमा काम गर्ने, खोज अन्वेषण गर्ने, सिर्जनशिल काम गर्ने ज्ञान र सीपको सक्षमता विकास भएको हुने ।

६) गणित र विज्ञान विषयको नतिजामा सुधार आई उच्च शिक्षामा प्रविधि प्रतिको विद्यार्थीको आर्कषण बढ्ने ।

### ३.६.२ अतिरिक्त/सहक्रियाकलाप

वि.सं. २०७९ अर्थात सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्रको रुपमा स्तरोन्नती गर्ने र वि.सं. २०८७ अर्थात सन् २०३० सम्म मध्यम स्तरको आय भएको राष्ट्रको रुपमा स्तरोत्तर गर्ने राष्ट्रिय कार्ययोजनालाई आत्मसात गर्दै शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन जस्ता कार्यक्रमलाई कार्यान्वय गर्दै दिगो विकासका १७ वटा लक्ष्यहरु मध्येका वुँदा नं. ४ मा उल्लेखित गुणस्तरीय शिक्षालाई नै यस सियारी गाउँपालिकाले मूल मन्त्र वनाएको छ । त्यसैले **"गुणस्तरीय शिक्षा : सियारीको प्रतिवध्दता"** भन्ने आदर्श वाक्य तय गरिएको छ । यसै विषयमा केन्द्रित भएर सियारी गाउँपालिकाले शैक्षिक नीति तय गरेको छ भने यसलाई कार्यान्वयन गर्ने एक माध्यम सियारी शैक्षिक महोत्सव हो । पहिलोपटक महोत्सव २०७४ साल पौष २६, २७ र २८ गते तीन दिन सञ्चालन गरी यसको समीक्षावाट प्राप्त सुझाव सल्लाह वमोजिम दोस्रो सियारी शैक्षिक महोत्सव २०७५ र तेस्रो सियारी शैक्षिक महोत्सव २०७६ सम्पन्न भैसकेको छ । यो कार्यक्रम २०७७ मा कोभिडको कारण सुरक्षा मापदण्डलाई ख्याल गरि स्थगित गरियो । सियारी रुपन्देही जिल्लाका १६ स्थानीय तह मध्ये पहिलो गाउँपालिका हो जसले सियारी शैक्षिक महोत्सव २०७४ साल र २०७५ पुषमा पहिलो र दोस्रो पटक गरेको प्रभाव सन्देशवाट रुपन्देहीका अधिकांश पालिकाहरुले यसको शुभारम्भ गरे । जसवाट खेलकुद, साहित्य र वौध्दिक तथा शैक्षिक गुणस्तरमा वालवालिकाहरुको स्तरोन्नतिको लागि थप सहयोग गरेको हामीले महसुस गरेका छौं । २०७६ सालमा वालवालिका र शिक्षकहरुले शैक्षिक सामग्री निर्माण गरि प्रदर्शन समेत गरियो । यो कार्यक्रम सवै वालवालिकाहरुको कार्यक्रम भएको छ । यसले वालवालिका, शिक्षक र विद्यालय वीचको स्वस्थ प्रतिस्पर्धाको भावना सृजना गरेको छ । यो महोत्सवको आधार भनेको वालवालिकाहरुलाई अतिरिक्त तथा सहक्रियाकलापको माध्यमवाट हरेक क्षेत्र साहित्यिक, वौध्दिक र खेलकुदको कार्यक्रममा सरिक गराउनु नै हो । वालवालिका र शिक्षकहरुलाई शैक्षिक सामग्रीहरुको निर्माण र प्रदर्शन गर्न लगाई सिकाइमा उत्प्रेणा प्रदान गर्ने पनि यसको आधार हो । यो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितासँग पनि एकाकार भएको छ ।

**सियारी शैक्षिक महोत्सवका उद्देश्यहरु यस प्रकार रहेका छन् -**

१ सियारी शैक्षिक महोत्सवमा शैक्षिक, साहित्यिक, वौध्दिक र खेलकुदका कार्यक्रम सञ्चालन गरिने भएकाले सवै विद्यालयहरु सामुदायिक २५, धार्मिक ४ र संथागत विद्यालय १४ गरी ४३ विद्यालयको गुणस्तर अभिवृध्दिमा थप सहयोग हुने ।

२ सामुदायिक, संस्थागत र धार्मिक विद्यालयहरू वीचको सवै खाले शैक्षिक दुरी कम गरी स्वस्थ्य प्रतिस्पर्धात्मक भावनाको विकास गराउने।

३ शैक्षिक गतिविधिमा विद्यालयहरुलाई सक्रिय वनाई वालवालिकाहरुको प्रतिभा विकासमा थप सक्रियता वढाउने।

४ खेलकूद जनशक्ति तयारी तथा विकास गर्ने।

५ अन्तर विद्यालय शिक्षक र वालवालिकाहरु वीचमा स्वस्थ्य प्रतिस्पर्धाको वातावरण विकास गराउने।

६ जिल्ला, प्रदेश र राष्ट्रमै सियारी शैक्षिक महोत्सव मार्फत सियारीको अव्वल पहिचान कायम गर्ने।

**अतिरिक्त क्रियाकलापमा कार्यक्रम**

विद्यालय तह र सियारी गाउँपालिकास्तरीय अतिरिक्त तथा सहक्रियाकलापहरु निम्नानुसार सञ्चालन गरिनेछ ।

१ चित्रकला, मूर्तिकला र हस्तकला प्रतियोगिता,

२ बाद्यबादन तथा संगित प्रतियोगिता,

३ नृत्य प्रतियोगिता ,

४ नाटक प्रतियोगिता,

५ शिक्षक र वालवालिकाहरुका वीच बक्तृत्वकला प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता,

६ खेलकूद प्रतियोगिता,

७ साहित्यिक गतिविधि, कथा, कविता र निवन्ध प्रतियोगिता,

८ फूलबारी र कृषि सम्बन्धि प्रदर्शनी,

९ सियारी शैक्षिक महोत्सव

१० शिक्षक र वालवालिकाहरुवाट निर्मित शैक्षिक सामग्रीहरुको प्रदर्शन कार्यक्रम

११ सियारी शिक्षा दिवस कार्यक्रम

१२ सृजनात्मक तथा अन्वेषणात्मक र विज्ञानका प्रयोगात्मक प्रतियोगिता

**अतिरिक्त/ सहकृयाकलापका अपेक्षित उपलव्धिहरू**

१. सबै सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यनरत वालवालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक लगायत सर्वाङ्गिण विकासमा सहयोग पुगेको हुनेछ ।
२. विद्यालय-विद्यालय र विद्यार्थी- विद्यार्थी विच स्वस्थ्य प्रतिस्पर्धाको विकास भएको हुनेछ ।
३. वालवालिकाको अन्तरनिहित प्रतिभाको प्रष्फुटन भएको हुनेछ ।
४. जिल्ला, प्रदेश हुँदै केन्द्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार भएका हुनेछन् ।
५. सियारी शैक्षिक महोत्सवका माध्यमबाट सियारी गाउँपालिकाकै विशेष पहिचान भएको हुनेछ ।

### ३.६.३ परम्परागत र मौलिक विषय

**परिचय**

हरेक देशको पहिचान त्यस देशको संस्कृतिले दिइरहेको हुन्छ । आफ्नो परम्परा, संस्कृति, चाडपर्व, मेला, उत्सव–महोत्सव आदिको मौलिकपनमा ती संस्कृतिको गरिमा झल्किन्छ । नेपाल आफैमा विभिन्न संस्कार संस्कृतिको धनी देश हो । जुन हिमाल, पहाड र तराईको भौगोलिक विविधताले भरिपूर्ण पनि छ । जसरी एक बगैँचामा सयौंथरी रङ्गी बिरङ्गी फूलहरूले शोभा दिइरहेका हुन्छन्, त्यसरी नै यहाँ बहुजाति, भाषा, धर्मको बाहुल्यता समेत रहेको छ । यसले नेपाललाई सुन्दर बगैंचाको रुपमा पहिचानयुक्त बनाएको छ । जसरी मीठो धुनले थरीथरीका चराहरूको चिरीबिरी आवाजको प्रतिनिधित्व गर्छ अनि मनलाई आनन्दित तुल्याउँछ त्यसरी नै हाम्रो देशमा बोलिने १२९ किसिमका भाषाले अनेकतामा एकताको सन्देश बुलन्द गरेको छ । तर पछिल्लो समयमा हाम्रो मौलिक संस्कृति माथि पाश्चात्य संस्कृतिको प्रभाव बढ्दै गएको कारण हाम्रा मौलिक परम्परा, चाडपर्व तथा चालचलन विकृत बन्दै गएको महसुस भइरहेको छ । हामीले खाने खाना, लगाउने भेशभूषा, अपनाउने रहनसहन र बोल्ने बोलीचालीमा समेत पाश्चात्य संस्कृतिको व्यापक प्रभावले रैथाने संस्कृति ओझेलमा पर्दै गएको छ । आधुनिकता र सभ्यताको नाममा अरूको संस्कृतिको नक्कल बढ्दो छ । पुर्खाले मनाउदै आएको संस्कृतिको मर्म माथि ठाडै प्रहार भएको हो कि भन्ने भान भइरहेको छ । नेपालीको आफ्नै पहिचानको पर्व वैशाख १ गते नयाँ वर्ष मनाउन छाडेर अंग्रेजी नयाँ वर्ष मनाउन भने विभिन्न पार्टी गर्ने, धुमधामका साथ रमाउने गरेका छन् । यस्तै अनेकौं कारणहरुले गर्दा भावी दिनमा हाम्रो देशको पहिचान नै नरहने पो हो की भन्ने कुरामा दुईमत छैन । किनकी, कुनै पनि देशको अस्तित्व त्यस देशको सनातन संस्कार–संस्कृति नै हो । जब संस्कृति लोप हुन्छ या अतिक्रमण बढ्छ त्यसबेला हामीले आफ्नोपन गुमाउँछौं । संस्कृति विलिन भएर जानु भनेको पहिचान लुप्त हुनु हो ।

दशैं, तिहार, माघी र शिवरात्री जस्ता चाडवाडको वास्ता त्यति सारो कसैले गरेको पाइँदैन तर क्रिसमस डे आउनुभन्दा केही दिन अगाडीबाटै निकै तामझामका साथ मनाउने जुन संस्कृतिको विकास भएको छ त्यसले हाम्रो मौलिकतामा प्रहार गरेको छ । नयाँ पुस्तालाई ठिमाहा संस्कृतितर्फ आकर्षित

गराइ रहेको छ। यस किसिमका अभ्यासले हाम्रो पूर्वीयपन र मौलिकतामाथि खतरा समेत बढ्दै गएको छ। धर्म परिवर्तन गरेकै भरमा आफ्नो देशको संस्कृतिको चटक्कै माया मारेर परसंस्कृति अपनाउनुमा सायदै कसैमा पनि हिनताबोध देखिदैन। देशको मुल कानुन संविधानले नै धर्म निरपेक्षताको मान्यता आत्मसात गरे पनि यतिबेला देशमा प्रलोभनमा पारेर जबरजस्ती रुपमा धर्मान्तरणको अभ्यास भइरहेको छ। धर्मका सवालमा मानवले स्वेच्छाले चाहे अनुसारको धर्म मान्न पाउने मौलिक अधिकारको प्रत्याभूति मुल कानुनमै गरिएको विषय हो। तर त्यसको मतलव यो होइन कि, पाश्चात्य संस्कृतिलाई अन्धाधुन्द अपनाउने साँघुरो सोचको कारण हामी हाम्रा पुर्खाको नासोलाई अवमुल्यन गर्ने कोशिस त गरिरहेका छैनौं भन्ने प्रमुख प्रश्न हो। तर त्यस्ता विकृतिहरुलाई मिल्काउन छाडेर हामी भने परधर्म र संस्कारलाई आँखा चिम्म गरेर अनुशरण गर्नमा तछाडमछाड गरिरहेका छौं। कतिपय त्यस्ता रुढीवादी सोच तथा परम्पराले सिंगो नेपाली मौलिकताई दोषरोपण गर्नु मात्र समाधान होइन, त्यसभित्रको असीमित ज्ञानको भण्डार पहिचान गर्न सक्नुमै पूर्खाले आर्जेको सनातन संस्कृतिको अस्तित्व जोगिने हो।

विकृत संस्कृतिलाई शुद्ध गर्नेतर्फ सबैको हातेमालोको आवश्यकता छ। त्यस किसिमको अभ्यासले नै नेपाली समाजमा जागरण पैदा गर्छ। विद्यालय, विश्वविद्यालयका पाठ्यक्रममा देशको संस्कृति सम्बन्धी विषयवस्तु समेटिन जरुरी छ। होईन भने, 'नेपाली हामी रहौंला कहाँ, नेपालै  नरहे, उचाई हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे ' भन्ने राष्ट्रकवि माधव प्रसाद घिमिरेको उद्गारझैं किताबका पानामा खोज्नु पर्ने दिन नआउला भन्न सकिंदैन। तसर्थ, नेपाली मात्रको पहिचान भनेकै हाम्रो सनातन संस्कृति र सभ्यता हुन्। यिनको मौलिकता संरक्षण तथा प्रबर्धन गर्नु हरेक चेतनशिल नेपालीको प्राथमिकता हो। सियारी गाउँपालिकामा रहेको जनजातीहरुको वाहुल्यतासंगै व्राह्मण, क्षेत्री, मधेसी, दलित, मुस्लिम लगायतको मिश्रीत वस्ती भएकोले हरेक जाती-धर्म अनुसारको सांस्कृतिक परम्परा चाडपर्व भेषभुषालाई समेट्दै स्थानिय रुपमा प्रचलित मौलिक भाषा संस्कृति र उत्पादन गरीने जातिय तथा धार्मिक पहिचानका विषयमा स्पष्टसँग झल्किने गरि पाठ्यक्रममा समावेश गर्दै लैजाने अभिप्राय राखिएको छ।

## औचित्य

सियारी क्षेत्रमा परम्परागत एवम् मौलिक रुपमा चल्दै आएका संस्कृति, परम्परा, भेषभुषा, चाडपर्व र भाषा वदलिंदो परिवेशमा अतिक्रमित हुँदै आईरहेकोले आफ्नो संस्कृति र परम्परानुसार प्राचिनकाल देखि प्रयोगमा आईरहेका चालचलन, मौलिक संस्कृति र परम्परालाई जोगाउन अति आवश्यक भएकोले यो क्षेत्रलाई शैक्षिक योजनामा समावेश गरि वालवालिकाहरुलाई आफ्नो संस्कृति, परम्परा, मौलिक भेषभुषा र भाषाको संरक्षण गरि स्थानीय रुपमा पहिचान गराउने यसको औचित्य रहेको छ।

**उद्देश्य**

सियारीमा रहेका परम्परा र मौलिक संस्कृतिको जगेर्ना गर्दै विद्यालय तहमा समावेश गर्नु ।

**परम्परागत र मौलिक विषयका रणनीतिहरु**

१. सियारी गाउँपालिका भित्र रहेका विभिन्न जाती, धर्म र संस्कृतिको जगेर्ना गर्दै जाने ।

२. यस गाउँपालिका भित्र रहेका विभिन्न सांस्कृतिक संगित, भजन, नृत्य आदीको संरक्षण गर्दै धार्मिक प्रवर्द्धन गर्ने ।

३. सियारीको भेषभुषा, पोषाक र सांस्कृतिक रुपमा उत्पादित पेशा व्यवसायको संरक्षण गर्दै गाउँपालिका स्तरिय कार्यक्रमहरु संचालन गर्ने ।

४. मौलिक धार्मिक, सांस्कृतिक र परम्परागत रुपमा रहेका धरोहरहरुको संरक्षण गर्ने ।

**कार्ययोजना**

१. सियारीमा स्थापित जाती, भाषा, संस्कृति, भेषभुषा, चालचलन र पेशा सम्वन्धि विषयहरुलाई समेटेर स्थानिय पाठ्यक्रम निर्माण गरि विद्यालय तहमा लागू गर्ने ।

२. विभिन्न संस्कृति झल्कने गरि नृत्य प्रतियोगिता, संगित प्रतियोगिता, पोषाक प्रदर्शनी गाउँपालिका स्तरमा संचालन गर्ने ।

३. राष्ट्रिय एवं स्थानीय रुपमा मानिदै आएका चाडपर्वहरुको संरक्षण गर्न विद्यालय तहमा कार्यक्रमहरु संचालन गर्ने ।

४. आपसी सद्भाव, समन्वय र सहयोगको वातावरण कायम गर्न सांस्कृतिक कार्यक्रमहरु विद्यालय, समुदाय, वडा र गाउँपालिका स्तरमा संचालन गर्ने ।

५. मातृभाषाको संरक्षण गर्न भाषिक वाचनालयको व्यवस्था गर्ने ।

६. सियारीमा रहेका पेशागत उत्पादनका लागि निरन्तरता दिन हस्तकला, चित्रकला र वास्तुकला सम्वन्धि तालिम, प्रतियोगिता र प्रदर्शन गर्ने ।

७. भाषिक रुपमा पछाडी परेका मौलिक, धार्मिक एवं सांस्कृतिक रुपमा पिछडिएका समुदायका वालवालिकाहरुलाई मुलधारमा ल्याउन निम्न कार्यहरु संचालन गर्ने ।

- ➢ साहित्यिक कार्यक्रम संचालन गर्ने ।
- ➢ पठनसिप सम्वन्धि प्रतियोगिता संचालन गर्ने ।
- ➢ खेलकुद कार्यक्रमहरु संचालन गर्ने ।
- ➢ भाषा पोषाक र संस्कृति सम्वन्धि टोल, वडा र गाउँपालिका स्तरमा अन्तरक्रिया गर्ने ।

८. जातिगत संस्कृति झल्कने गरि समुदाय स्तरमा संग्रहालयहरुको स्थापना गर्ने ।

९. मौलिक वस्तुहरु भाषाहरु जगेर्ना गर्ने कार्यलाई उत्प्रेरित गर्न सामुहिक रुपमा वालवालिकाहरुलाई आर्थिक एवं भौतिक र मानव संसाधनको व्यवस्था गर्ने ।

१०. सियारीमा होमस्टेहरु संचालन गर्ने ।

**अपेक्षित उपलब्धि**

१ संस्कृति, परम्परा, भेषभुषा आदिको जगेर्ना भई सियारीको पहिचान हुनेछ ।

२ परम्परागत पेशा र व्यवसायबाट स्थानीय रुपमा स्वावलम्वि वन्नेछ ।

३ धार्मिक अनुशासन कायम हुनेछ ।

४ आपसी सद्भाव समन्वय र सहयोगको भावना वृद्धि हुनेछ ।

५ आपसी प्रतिस्पर्धाको आधारमा संस्कृति र परम्पराको विकास हुनेछ ।

६ थारु संस्कृतिको जगेर्ना र संग्रहालयको स्थापना गरी स्थानीय पहिचानलाई वढावा दिनेछ ।

७ गुरुकुल शिक्षालय स्थापना भएको हुनेछ ।

८ मदरसा शिक्षालाई मूल प्रवाहिकरण गरी आधुनिक शिक्षामा गाभिएको हुनेछ ।

९ माघी, ल्होसार, राखी तथा रक्षावन्धन, बडादशैं, तिहार आदी चाडपर्वको संरक्षण भएको हुनेछ ।

## ३.६.४ पूर्वीय दर्शन र शिक्षा

### परिचय

पूर्वीय दर्शन अन्तर्गत चीनियाँ, भारतीय, कोरियन, थाइल्यान्ड, म्यान्मारका दर्शनहरु पर्दछन् । यी मध्ये भारतीय  र चीनियाँ दर्शन श्रेष्ठ छन् । हाम्रो हावापानी र आधार सुहाउँदो दर्शन पूर्वीय दर्शन नै हो । त्यसमा पनि हाम्रो नेपाल र भारतीय दर्शन अन्तर्गत हिन्दु वा हिन्दु दर्शनका न्याय, योग, मिमाङ्सा, साख्य, वेदान्त जस्ता आस्तिक र जैन, चार्वक, आजिविक, श्रवण, अबिध्या जस्ता नास्तिक प्राचिन भारतिय दर्शनको जगमा छौं ।

जैन, कन्फुसियस, ताओ, मोहि, कोरियन, चाइनिज जस्ता छिमेकी दर्शनको ठूलो झुकाव छ हामीमा । हाम्रो यस बुद्धको जन्म भूमि नेपालमा हरेकको कणकणमा बुद्धदर्शनका अहिंसा र शान्ति हाम्रो पर्याय हुन् । मनको शान्ति, हाम्रो जीवनशैलीको उपज हो । जुन बिकसित भनिएका राष्ट्रमा अत्यन्त कम मात्रमा पाइन्छ । भनिन्छ, त्यहाँ आधा भन्दा बढी मानिसहरु डिप्रेसनमा छन् । सबैथोक भएर पनि मनमा अशान्ति हुँदा आहत छन्,  भौंतारिदै हामीकहाँ आउँछन् । जुन हामीसँग पहिल्यै देखि सुरक्षित छन् । हाम्रा दर्शन, कला, जीवन पद्दती हाम्रा अमूल्य निधि हुन् । यहाँ पूर्वीय दर्शनमा जीवन, जगत, शिक्षा, कला, साहित्य, बिज्ञानका श्रेष्ठतम् दर्शन छन् ।

हिन्दु धर्म दर्शन मात्र होइन यसमा ज्ञान, बिज्ञान, कला र साहित्यका दर्शन छन् । हामीसँग शिक्षा दर्शन सम्बन्धी भागवतगीतामा "पृथ्वीमा ज्ञानभन्दा शुद्ध चिज केही छैन" वेदमा "शिक्षा त्यो चिज हो जसले ब्यक्तिलाई आत्मविश्वासी र निस्वार्थी बनाउँछ" भनिएको छ भने शंकराचार्यले "आत्मानुभूती नै शिक्षा" हो भन्नु भएको छ ।

आजभन्दा पाँच हजार बर्ष पहिला नै उपनिषदमा "शिक्षा स्वतन्त्रताको लागि हो" भनेर उल्लेख गरिएको पाइन्छ । " निष्काम कर्म गर " को मूल संदेश दिएको गीताको महिमा विश्वभरी आज पनि सान्दर्भिक छ । बुद्धका चार आर्यसत्यहरु- पहिलो-संसारमा दुःख छ, दोस्रो-दुःखको कारण छ, तेस्रो- दुःखको निवारण छ, चौथो- निवारणका लागि अष्टांगिक मार्ग छ । बुद्धका अष्टांगमार्ग सम्यक्दृष्टि, सम्यक्संकल्प, सम्यक्वाक, सम्यक्कर्मान्त, सम्यक्जीवन, सम्यक्ब्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि हुन् । प्रज्ञा, शिल र समाधिलाई बुद्धधर्मका त्रिरत्न तथा श्रेष्ठमार्ग मानिन्छ । यी सत्य हुन् यिनीहरुले समग्र जीवनको यथार्थ बोकेका छन् र गन्तब्य देखाएका छन् ।

बुद्ध दर्शनले दुःख छ,  बुझ्नु भन्छ । विद्यार्थीलाई दुःखको ज्ञान देऊ, सामना गर्न सिकाऊ । स्वयं उसले निवारणका उपाय खोज्न दिनु भन्छ । बुद्धको प्रमुख सिद्धान्त हो- 'कोही अर्कोलाई स्वत: प्रमाण नमान, आफै बुझ्ने कोशिस गर । त्रिपिटकले कारण खोजी गर्न प्रेरित गर्छ । सही विवेकको प्रयोग गरि स्वशिक्षा ग्रहण गर भन्छ । त्यति मात्र कहाँ हो र, शान्ति र प्रेमको मार्ग देखाउने र अनुभूत गराउने यो दर्शन बैज्ञानिक दर्शन हो । यसैलाई आधार नमान्दा, पालना नगर्दा दिनदिनै विश्वभरी अशान्ति र घृणा बढ्दैछ ।

वेदको निष्कर्ष, गीताको मूल संदेश, बुद्धका चार आर्यसत्य र अष्टांगमार्ग पाठ्यक्रममा र शैक्षिक प्रणालीमा समावेश नगर्दा र शिक्षाको दार्शनिक आधार नमानेर पश्चिमा दर्शनलाई आधार मान्दा इमान्दार, शुद्द आचरण र चरित्रवान नागरिक कसरी तयार हुन्छ ? अहिले त्यही भएको हो । नत्र नपढाउने शिक्षक, उपचार नगर्ने डाक्टर, नीति नभएको नेता, धर्म नभएको पुजारी, नपढ्ने बिद्यार्थी, काम नगर्ने कर्मचारी, परनिर्भर कृषक कसरी भए ? र यत्रो अशान्ति र हिंसा कहाँबाट आयो ?

बिज्ञानले पनि पदार्थको सबैभन्दा अति सुक्ष्म कण Quarz को चलायमान स्वभाव अध्ययन गर्न गाह्रो भएर Durt particles नाम दिएर अध्ययन जारी राखेको छ । त्यसैलाई हिन्दु धर्मको गायत्री मंत्र- "ॐ भूःर्भुवःस्वःतत्स वितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियोयोनः प्रचोदयात्" को ध्यान गरी तेस्रो नेत्र खोलेर त्यो भन्दा अति सुक्ष्म आत्माको दर्शन गर्ने अभ्यास हजारौं बर्ष पहिले देखि गर्दै आइरहेको छ । सबै सत्य तथ्य प्रमाणित गर्न सकिन्न, कतिपय अनुभवको स्तरमा प्रमाणित हुन्छन् । मनुस्मृतिमा "धृती: क्षमा दमोस्तेय सोच इन्द्रिय निग्रह: धीर्बिद्या सत्यम क्रोधीदशंक धर्मलक्षणम्" भनिएको छ ।

मानिसमा धैर्य, उपकार, संयम, चोरी नगर्नु न पवित्रता, शुद्ध आचरण, विवेक र यथार्थ ज्ञान हुनुपर्छ भनिएको छ र उपायहरु पनि सुझाइएको छ, जुन बिज्ञान सम्मत छन् र अपरिहार्य छन्। ब्यक्तिले ती बिशेषता हासिल गर्न सक्दा त्यसले नै दीर्घकालिन शान्ति, खुशी र आनन्द मिल्छ । दार्शनिक उपनिषदमा "ॐ असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्योर्माऽमृतंगमय, ॐ शान्तिः शान्तिः शान्तिः" भनिएको छ । जसको अर्थ हुन्छ:" असत्यबाट सत्यको नजिक लैजाऊ, अंधकारबाट प्रकाशको नजीक लैजाऊ, मृत्युबाट अमरताको नजीक लैजाऊ ।" यो नै जीवनको लागि उत्तममार्ग दर्शन हो । बास्तवमा हामीसँग यस्ता दर्शनको भण्डार नै छ । बाहिर ल्याउन र प्रयोगमा ल्याउन नसकेको मात्र हो।

पूर्वीय प्राचीन शिक्षा आदर्श मनुष्य बनाउने ध्येयले ज्ञान र उपदेश दिइन्थ्यो। असल चरित्र र बिशुद्ध आचरण निर्माणको लागि जोड दिइन्थ्यो। हो, त्यसैको आज खडेरी परेको छ। तपाईं देख्नु हुन्छ कोही इमान्दार मान्छे ? एकाध वाहेक सबै कामचोर र भ्रष्टाचारी नै भ्रष्टाचारी छन्। विद्वान भनाउँदाहरु नै ज्यादा नक्कली छन्। बुद्धिजीवी भनाउँदाहरु नै शोषण गर्छन्। मनी माइन्डेड र स्वार्थी छन्। अरुको त के कुरा म भन्छु, यो सबै हामीले अंगिकार गरेको शिक्षा प्रणालीको उपज हो। इमान्दार नभएर हो।

आज राष्ट्रको आफ्नो पहिचान दिने र त्यसवाट जीवन रस लिने शिक्षाको आवश्यकता छ । आज स्वदेशी शिक्षा, जीवन मूल्य एवं स्वभाषा संस्कृति प्रति आत्महीन भावबाट नागरिकलाई बचाइएन भने भोलि ठूलो दुर्घटना हुनेछ। स्वदेशी प्रति हीनता तथा विदेशी प्रति अतिरिक्त आकर्षण पैदा गराउने बर्तमान शिक्षाले राष्ट्रिय स्वाभिमान र आत्मनिर्भरतालाई नष्ट गर्दै गइरहेको ऐना जस्तै छर्लंग छ। यो गम्भीर कुरा बुझ्नु धेरै आवश्यक छ।

पूर्वीय दर्शनको जगमा उभिएको शिक्षाले मात्र हामी सामर्थ्यवान समृद्द नागरिक बन्न सक्छौं भन्ने कुरा घाम जस्तै प्रष्ट छ। जुन पश्चिमाहरुको प्राचिनको र तत्कालको पूर्वीय दर्शन प्रतिको आकर्षण र मोहलाई हेरे पनि थाहा पाइन्छ। उनिहरु पनि आदर्शवान र स्वस्थ नागरीक बनाउन असफल रहे। डिप्रेसनको सिकार हुन पुगे र हामीलाई बनाउन खोज्दैछन् । त्यसैले बेलैमा हामी शैक्षिक स्लो पोइजनको रुपमा आएका टाईजनित अंग्रेजीको भूत, भाषिक र ब्यक्तिबादी सोचको भूत, अंग्रेजी जीवनशैलीको मोह, त्यससंगै आएको बर्थडे, न्यू इयर ह्विस्की र अमेरिकाको स्वर्गीय आनन्दको सपनालाई बेलैमा त्यागेनौ भने कत्ति पनि स्वभिमानी रहने छैनौं। कहिले पनि समृद्ध हुने छैनौं। बिस्तारै हाम्रो धार्मिक, सामाजिक, सांस्कृतिक र वातावरण परिचय गुमाउने छौं।

उनीहरुको सिको गर्दा त्यसको प्रभाव हाम्रो जीवन पद्दतिमा पर्दै जाँदैछ। हामी, हामी हुन छोडेर उनीहरु जस्तै हुने हाम्रो इच्छालाई त्यागेनौ भने हामी पनि अन्ततः उनीहरु जस्तै एक्लिंदै गएर डिप्रेसनको सिकार हुनेछौं । त्यो हजारौं बर्ष लगाएर हाम्रा ऋषि र महर्षिले दिएको ज्ञान, भावना र

ईश्वरको आवाजको खिलापको परिणाम हुनेछ । कहिल्यै पनि हामी हाम्रो दर्शनबाट च्यूत हुनु हुँदैन, चाहे घर जति नै सुनको थुप्रोको लोभ देखाउन् ।

हाम्रो वैदिक प्रणालीले सदा मानवीय सोच उत्कृष्ट बनाउने र उसको स्तर अझ माथि उठाउन जोड दिएको छ । अहिले मात्र बिज्ञानले पत्ता लगाएको सूर्यको ध्वनी ॐ हाम्रो सदियौँ देखिको उर्जाको मुलमन्त्र छ । प्राचीन ऋषिहरूले विकसित गरेको सारा चिन्तन नेपाली पाठ्यक्रम, विद्यालय र विश्वविद्यालयमा अतिक्रमित छ । पुरानामा भएकोमा पनि निकालिएको छ, संकुचनमा छ । त्यो आध्यात्मिक कोरा ज्ञानलाई अफिम र मूल्यहिन हो भनेर पोको पारेर कुनामा थन्काइएको स्थिति छ । नकारात्मक भाव सिर्जना गर्ने प्रयत्न गरिएको छ । हामी हरेक चिजमा नाफा र रिटनका लागि प्रयोग भएका छौं । त्यही कारण मुक्त हुने छैनौं यहि पारा र तरिकाले ।

पछिल्ला शैक्षिक दार्शनिक र बिचारकहरु- गिजु भाई, श्री अर्बिन्द, सर्वपल्ली राधाकृष्ण, रविन्द्रनाथ टैगोर, महात्मा गान्धी, रजनिस ओशो, जे कृष्णमुर्ती सदगुरु, भानुभक्त, रामा जानुनले दिएका योगदान र दर्शन पनि शिक्षा क्षेत्रका हाम्रा अमूल्य निधि हुन् । त्यसको प्रयोग र जगेर्ना गर्नुपर्छ । उनीहरुले देखाएको बाटो हिंडेमात्र हाम्रो कल्याण हुन्छ ।

हामी ग्लोबल भिलेजमा छौं । किताबहरु अब इ-किताव भएका छन् । शिक्षकको ठाउँ रोबोर्टले लिइरहेको छ । ज्ञानको श्रोत गुगल भएको छ । वास्तविक भन्दा अवास्तविक संसार फराकिलो भएको छ । उत्तराआधुनिकबादले खप्प निल्न लागेको छ । मान्छे रोबोर्ट बन्ने तयारीमा छ । जीन संसोधित बालक जन्मने तयारीमा छ । ए आईको अतिरिक्त मेमोरी लगाएर मान्छेको दिमागी सिमा तोडिन खोजिंदै छ । मान्छे अमर बन्ने ध्याउन्नमा लागेको छ । जतिजति यी र यस्तो प्रगतिमा छ त्यतित्यति नै मन अशान्त बन्दैछ । मानव जीवनको एकमात्र महान बिशेषता गुमाउँदै छ । त्यो आधुनिक बिज्ञान र प्रविधिले स्थापित गर्न सक्ने देखिंदैन । त्यसको लागि पुर्वीय दर्शनको प्राचिनतम् पद्धति अवलम्बन नगरी धरै छैन् । आधुनिक बिज्ञान र प्रबिधिलाई पनि नकार्न नै सकिँदैन । यहाँ जीवन पद्दतिमा आधुनिक बिज्ञान प्रबिधि र पुर्वीय दर्शनको फ्युजन आवश्यक छ ।

हामी ब्यक्तिबादी मात्र होइन समग्रताबादी, भौतिकबादी मात्र होइन आध्यात्मबादी, अबास्तविकबादी मात्र होइन यथार्थबादी, पदार्थबादी मात्र होइन चेतनाबादी, अनिश्वरबादी मात्र होइन ईश्वरवादी हुनुको विकल्प छैन । जीवन समग्रताबाट चल्छ । हामीलाई एकीकृत मानवतावादी हुनुछ । हामीसंग भएको धर्म र बिज्ञानलाई परिस्कृत र प्रयोगिक रुपमा अंगाल्नु छ । असल नागरीक र चरित्रवान भएर शान्त र समृद्द हुनुछ ।

यसको लागि प्राचीन ग्रन्थ वेद, उपनिषद्, गीता, त्रिपिटक, रामायण, महाभारत, कौटिल्यको दर्शन, जातक, पन्चतन्त्र, मनुस्मृति वा समग्र पूर्वीय साहित्य, ज्ञान र विज्ञानलाई आधुनिक समयमा

बिज्ञान र प्रविधिसंग जोडेर नवयुवासम्म पुर्‍याउन शिक्षा प्रणाली र पाठ्यक्रममा कसरी समायोजन गर्न सकिन्छ भन्ने चिन्तनको बहस चौतर्फी हुनु जरुरी छ। शिक्षक, बिद्यार्थी, ज्ञान, उत्पादन, बिज्ञान, विधि र पद्धतिलाई दर्शनले निर्दिष्ट गरे बमोजिम मन वचन र कर्मले निष्ठ भइ लागि पर्नुपर्ने आवश्यकता देखिन्छ। हाम्रो ज्ञान, लुकेको बिज्ञान र धर्म सभ्यतालाई प्रयोगिक पक्षमा ढाल्नुपर्छ। रजनिस ओशोले जुन हाम्रो धर्म र बिज्ञानको कनेक्सन गरेर प्रयोगिक पक्षको ब्याख्या गरे त्यसको आत्मसात गर्नैपर्छ।

**सियारीमा पूर्वीय दर्शनको उपलव्धि र आवश्यकता**

१ परम्परा, संस्कृति र संस्कारको जर्गेना गर्ने।
२ बालवालिकालाई अनुशासित वनाउने।
३ कर्तव्यको वोध गराउने।
४ आत्मसम्मान र सन्तुष्टि प्राप्त गर्ने।
५ सामाजिक सद्भाव, सहयोग र सहकार्य गर्ने वानीको विकास गर्ने।
६ पारिवारिक एवं सामाजिक उत्तरदायित्व वहन गर्ने।
७ विभिन्न योग, ध्यान र व्यायाम गरि शारिरीक तन्दुरुस्ती वनाउने।
८ धर्म, संस्कृति र कुलको रक्षा गर्ने।
९ हाम्रा पूर्वज वा अग्रजहरुको सम्मान गर्ने।
१० रितिरिवाज, भेषभुषा, चालचलनमा भएका कमजोरीहरु हटाई सहि मार्गदर्शन गराई वाल वालिकाहरुलाई अन्धविश्वास जस्ता भ्रमहरुवाट मुक्त गर्ने।
११ अध्ययन-अध्यापन कार्य प्रति लगाव वढाउने।
१२ भविष्य प्रति सचेत रहि जिम्मेवार वन्ने।
१३ वैदिक एवं वौद्धिक ग्रन्थहरुको सार एवं तात्विक ज्ञान हासिल गरि जीवनको सहि मार्ग अवलम्वन गर्ने।

त्यसैले सियारी शिक्षामा पूर्वीय दर्शन सम्वन्धि अध्ययन-अध्यापन गर्न धार्मिक विद्यालयको रुपमा १ वा २ वटा विद्यालयहरु संचालन गर्न पहल गर्नुपर्छ।

**औचित्य**

नेपालको उत्पत्तीसंगै जोडिएको वैदिक सनातन धर्म र महामन्जुश्रीको अस्तित्वसंग सम्वन्धित वौद्ध धर्म प्राचिनकाल, मध्यकालिन समयमा व्याप्त भएता पनि आधुनिक कालमा पाश्चात्य संस्कृतिहरुको वढ्दो प्रभावको कारण हाम्रा सामाजिक मूल्य-मान्यता, धार्मिक कार्यक्रम र अनुशासन जस्ता विषयहरुमा अतिक्रमण हुँदै गएकोले धार्मिक अस्तित्व र सामरिकतालाई वचाई राख्नका लागि राष्ट्रिय एवं स्थानीय रुपमा सवैले आ-आफ्नो तह र तप्कावाट उल्लेख्य भुमिका निर्वाह गर्न सकिएन

भने यो ईतिहासको रुपमा रहने परिस्थिति सिर्जना हुने भएकोले यसलाई सियारीको शैक्षिक क्षेत्रमा योजना वनाई लागू गरि संरक्षण गर्ने यसको औचित्य रहेको छ।

## उद्देश्य

पुर्वीय दर्शनको माध्यमवाट सियारी गाउँपालिकामा शैक्षिक, धार्मिक एवम् नैतिक अनुशासन कायम गर्नु।

## रणनीतिहरु

१. परम्परा संस्कृति र संस्कारको जगेर्ना गर्न।

२. बालवालिकालाई अनुशाशित वनाउन।

३. कर्तव्यको वोध गराउन।

४. आत्मसम्मान र सन्तुष्टि प्राप्त गर्न।

५. सामाजिक सद्भाव, सहयोग र सहकार्य गर्ने वानीको विकास गर्न।

६. पारिवारिक एवम् सामाजिक उत्तरदायित्व वहन गर्न।

७. विभिन्न योग, ध्यान र व्यायाम गरि शारिरीक तन्दुरुस्ती वनाउन।

८. धर्म संस्कृति र कुलको रक्षा गर्न।

९. हाम्रा पूर्वज वा अग्रजहरुको सम्मान गर्न।

१०. रिती रिवाज, भेषभुसा, चालचलनमा भएका कमजोरीहरु हटाई सहि मार्गदर्शन गराई वालवालिकाहरुलाई अन्धविश्वास जस्ता भ्रमहरुवाट मुक्त गर्न।

११. अध्ययन अध्यापन कार्य प्रति लगाव वढाउन।

१२. भविष्य प्रति सचेत रहि जिम्मेवार वन्न।

१३. वैदिक एवं वौद्धिक ग्रन्थहरुको सार एवं तात्विक ज्ञान हासिल गरि जीवनको सही मार्ग अवलम्वन गर्न।

त्यसैले सियारी शिक्षामा पूर्वीय दर्शन सम्वन्धि अध्ययन अध्यापन गर्न धार्मिक विद्यालयको रुपमा १ वा २ वटा विद्यालयहरु संचालन गर्न पहल गर्नुपर्छ।

**कार्ययोजना**

१. ऐतिहासिक धरोहर र मठ मन्दिर, धार्मिक अनुष्ठान, ग्रन्थ सम्वन्धि, विषयहरु स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गर्ने ।

२. धार्मिक क्रियाकलाप, धार्मिक घटना र क्रियाकलाप सम्वन्धि नाटक, सडक नाटक स्थानीय तहमा संचालन गर्ने ।

३. धार्मिक सहिष्णुता कायम गर्न सामुहिक क्रियाकलापहरु, अन्तरक्रिया, गोष्ठि, सरसफाई वृक्षारोपण प्रवचन संचालन गर्ने ।

४. स्थानीय रुपमा संगित भजन आदि सम्वन्धि कार्यक्रम गरि आपसी समन्वय गराउने ।

५. गाउँपालिका स्तरमा वेद विद्या आश्रम, त्रिपिटक अध्ययन केन्द्र, मदरसा आदि जस्ता अनुष्ठानहरु निर्माण गरि अध्यापन गराउने ।

६. धार्मिक नीति र मिमांशलाई व्यवहारमा ल्याउन नैतिक शिक्षा विद्यालयहरु एवं सामुदायिक स्तरमा संचालन गर्ने ।

७. धार्मिक संस्कृति, कूल संस्कार र परम्परालाई जगेर्ना गर्न स्थानीय भाषामा भजन निर्माण गर्ने, नृत्य प्रतियोगिता संचालन गर्ने, साहित्यिक कार्यक्रम (कविता, कथा, निवन्ध, हाजिरी जवाफ, वक्तृत्वकला) आदी जस्ता क्रियाकलाप विद्यालय, समुदाय, वडा, गाउँपालिका र अन्तर गाउँपालिकास्तरमा कार्यक्रमहरु संचालन गर्ने ।

८. समय समयमा वालवालिकाहरुलाई धार्मिक स्थलहरुको अवलोकन भ्रमण गराई धर्म प्रति आस्थावान वनाउन उत्प्रेरित गर्ने कार्यक्रम संचालन गर्ने ।

९. हरेक विद्यालयमा सरस्वतीको मन्दिर स्थापना गर्ने ।

१०. विहानको प्रार्थनामा ईश्वरिय स्तुति गाउने व्यवस्था गर्ने ।

११. विद्यालय र सामुदायिक स्तरमा योग केन्द्र, ध्यान केन्द्र र व्यायाम स्थलहरुको निर्माण गरि दैनिक रुपमा संचालन गर्ने ।

**संभावित उपलब्धिहरु**

१. धार्मिक सहिष्णुता कायम हुनेछ ।
२. वालवालिकाहरु अनुशासित हुनेछन् ।
३. आदर सम्मान सद्भाव र सहयोगको वातावरण सृजना हुनेछ ।
४. सबै बालबालिकाहरुले आफ्नो कर्तब्य र अधिकारको वोध गर्नेछन् ।

५. अग्रजहरु, पूर्वज र बन्धुबान्धवहरुको सम्मान गर्न सिक्नेछन् ।
६. अध्ययन अध्यापन कार्यप्रति लगाव बढ्नेछ ।
७. सामाजिक कुरीतिहरुको अन्त्य गर्दै सत्मार्गमा लाग्ने प्रेरणा बढ्नेछ ।
८. भविष्य प्रति सचेत रही जिम्मेवार नागरिक बन्न उत्प्रेरित गर्नेछ ।
९. धार्मिक अनुष्ठान, ग्रन्थ, संस्कृति, परम्परा आदिको संरक्षण हुनेछ ।

### ३.६.५ मातृभाषा, स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री, राष्ट्रिय तथा प्रदेश ढाँचा अनुकूलको पाठ्य सामग्री)

स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रूपमा लिइन्छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनले स्थानीय पेशा, व्यवसाय, मूल्य, मान्यता, भाषा, कला र संस्कृतिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याएको हुन्छ । स्थानीय विशेषताको एकीकृत स्वरूपले राष्ट्रिय पहिचानको समेत प्रतिनिधित्व गरेको हुन्छ । स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने अभ्यास विश्वव्यापी रूपमा भइरहेको छ ।

नेपालमा स्थानीय आवश्यकतामा आधारित शिक्षामा सामान्य प्रयासहरू पनि हुँदै आएका छन् । तथापि स्थानीय आवश्यकताका ज्ञान, सिप, प्रविधि आदिमा आधारित स्थानीय पाठ्यक्रमलाई व्यवस्थित गर्न उपयुक्त वातावरण सिर्जना गर्न सकिएको छैन ।

नेपालको संविधान र आवधिक शैक्षिक योजना तथा शिक्षा सम्बन्धी अन्य योजना तथा कार्यक्रमले गरेका नीतिगत व्यवस्थाका आधारमा आधारभूत तह (कक्षा १–५) को पाठ्यक्रमले सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २० प्रतिशत पाठ्यभार स्थानीय विषयवस्तुमा आधारित हुनुपर्ने प्रावधान राखेको छ । यसले स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रूपमा समावेश गर्दै स्थानीय विषय समेत समावेश गर्न सकिने व्यवस्था गरेको छ । आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६–८), २०६९ मा पनि स्थानीय विषयवस्तुको प्रावधान रहेको छ । स्थानीय पाठ्यक्रम विकास तथा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन मार्गदर्शन (मातृ भाषा सहित), २०७६ विकास गरी स्थानीय पाठ्यक्रम निर्माणलाई सहजीकरण गर्ने प्रयास गरिएको छ ।

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### परिचय

शिक्षक सिकाइमा सहजीकरण र मार्गदर्शन गर्ने व्यक्ति हो । शिक्षकमा भएको ज्ञान, दक्षता र आचरणले सिकारुमा प्रत्यक्ष प्रभाव पार्दछ । शिक्षाले देश विकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्दछ । शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरसँग सम्बन्धित हुन्छ । शिक्षकको गुणस्तरको मात्रा भने शिक्षक तयारी, विकास र व्यवस्थापनसँग प्रत्यक्ष रुपले सम्बन्धित हुन्छ । हाम्रो पूर्वीय दर्शनमा शिक्षकको भूमिका महत्वपूर्ण रहेको पाइन्छ । शिक्षकको अवधारणा समय र समाज सापेक्षिक हुन्छ । पूर्वीय दर्शनले शिक्षक (गुरु) शब्दको अर्थ ज्ञानको स्रोत भएको सर्वोत्कृष्ट व्यक्ति भन्छ भने अङ्ग्रेजीको शिक्षक शब्दको अर्थ धार्मिक र नैतिक शिक्षा प्रदान गर्ने व्यक्ति भन्ने बुझिन्छ । आदर्शवादमा शिक्षकलाई आध्यात्मिक ज्ञान विद्यार्थीसम्म पुऱ्याउने ज्ञानी मानिस भन्ने बुझिन्छ । प्रकृतिवादले शिक्षकलाई पथप्रदर्शकको रुपमा प्रस्तुत गर्दछ भने भौतिकवादले समाजवादी व्यवस्थाका लागि सबभन्दा राम्रा मानवीय गुणहरु भएको "नयाँ मानव" निर्माण गर्ने दायित्व निर्वाह गर्ने व्यक्ति मान्दछ । आधुनिक शिक्षा प्रणालीमा पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तु विद्यार्थीलाई सिकाउने व्यक्तिको रुपमा शिक्षकलाई लिइन्छ । अहिले शिक्षकलाई विश्वव्यापी रुपमा नै विद्यालयमा शिक्षण गर्ने व्यक्तिको रुपमा चिनिन्छ ।

शैक्षिक संस्था एक सिकाइ संगठन हो जहाँ शिक्षकले आफ्नो अनुभव र विज्ञतालाई बढि व्यवस्थित तरिकाले आदान प्रदान गर्दछन् । प्रभावकारी पेशागत विकास निरन्तर हुन्छ जसभित्र तालिम, अभ्यास, पृष्ठपोषण तथा प्रशस्त समय, अनुगमन र सहयोगको व्यवस्था गरिएको हुन्छ । सिकाइ वातावरण अनुकुल बनाउन शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । नेपालका आधुनिक शिक्षा पद्धतिको विकास भएसँगै शिक्षक व्यवस्थापनका विविध पक्षमा विभिन्न कार्यहरु गरिँदै आएको छ । शिक्षा सम्बन्धि विभिन्न प्रतिवेदनहरुले शिक्षक व्यवस्थापनका सम्बन्धि स्पष्ट धारणाहरु उल्लेख गरेका छन् । उक्त प्रतिवेदनहरुले शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुवैलाई प्राथमिकता दिएका छन् । त्यस्तै, शिक्षक सेवा आयोग नियमावलीले शिक्षा विषय पढेर तोकिएका योग्यता प्राप्त गरेकालाई प्राज्ञिक योग्यता र तालिम प्राप्त दुवै मानेको छ । सबै प्रतिवेदन र योजनाले शिक्षकको गुणस्तर सुनिश्चिततामा जोड दिएका छन् । तथापि उक्त दस्तावेजहरुमा सुझाए बमोजिम शिक्षक व्यवस्थापन गर्दा पनि अपेक्षित स्तरका विद्यार्थी उत्पादन गर्न

नसकिएको र नसकिने भएकाले शिक्षक व्यवस्थापनका विविध पक्षमा व्यापक परिवर्तन आवश्यक छ ।

शिक्षा क्षेत्र योजना अन्तर्गत शिक्षा प्रवाह गर्ने सारथीको रुपमा रहेको शिक्षकको व्यवस्थापन र विकास गर्नु प्रमुख कार्य हुन आउँछ । शिक्षक व्यवस्थापन सही ढंगले हुन सकेमा पक्कै पनि शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन गर्न सकिन्छ । शिक्षक व्यवस्थापन केन्द्रिय तहबाट नै हुने गरेको र स्थानीय तहमा यस सम्बन्धमा धेरै अधिकार नदिएको र धेरै प्रयासहरु नभएको अवस्थामा सियारी गाउँपालिकाले यसका निम्ति केही कार्यक्रमहरु जस्तै शिक्षक तयारी, निजी शिक्षक नियुक्तिको मापदण्ड, पेशागत विकास आदि तयार गर्ने योजना र रणनीति बनाएको छ ।

**वर्तमान अवस्था**

सियारी गाउँपालिकाको शिक्षा शाखाको वि.सं. २०७७ सालको तथ्यांक अनुसार यस गाउँपालिकामा जम्मा ५२१ जना शिक्षकहरु कार्यरत रहनुभएको छ । सामुदायिक विद्यालयमा जम्मा ३४० मध्ये महिला २०७ जनाले शिक्षण गरिरहनु भएको छ । सामुदायिकमा नीजि शिक्षकको सङ्ख्या ७६ रहेको छ भने महिला ४५ जना कार्यररत हुनुहुन्छ । संस्थागत विद्यालयमा १८१ मध्ये ९३ जना महिला शिक्षकले शिक्षण गरिरहनु भएको छ । सामुदायिक विद्यालयतर्फ १८० जना प्रा.वि., नि.मा. र मा.वि. तहमा स्थायी अस्थायी र राहत दरवन्दीमा कार्यरत हुनुहुन्छ । माध्यमिक तहमा स्थायी शिक्षकको संख्या ११, अस्थायी ३, राहत १० र निजी १८ जना छन् । त्यसैगरी आधारभूत तहमा स्थायी शिक्षकको संख्या ८९, अस्थायी ८ , राहत ४९ र निजी ७१ जना छन् । विद्यालय तथा समुदायमा गरी बालविकास शिक्षकको संख्या ५५ रहेको छ । यसरी हेर्दा अझ पनि सामुदायिक विद्यालयहरुमा निजी स्रोतमा व्यवस्थापन गरिएका शिक्षकहरुको संख्या अत्यधिक देखिन्छ । ती शिक्षकहरुका लागि पनि गाउँपालिकाले तलब व्यवस्थापन गर्ने प्रयास गरेको छ । तलव व्यवस्थापनमा वार्षिक करिव ९० लाख रुपैयाँका दरले खर्च गर्दै आएको छ ।

शिक्षक विद्यार्थीको अनुपात हेर्दा र शिक्षक दरबन्दी मिलान कार्यविधिको आधारमा यस सियारी गाउँपालिकाको कुनै पनि तहमा खुद पुल दरबन्दी छैन बरु शिक्षक दरबन्दी थपिने देखिन्छ ।

# सियारी गाउँपालिकामा विद्यालयगत मौजुदा शिक्षक दरवन्दी विवरण

| सियारी गा.पा. अन्तरगत विद्यालयको दरवन्दी विवरण २०७५ | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विद्यालयको नाम | प्रा वि दरवन्दी | | | नि मा दरवन्दी | | | मा वि दरवन्दी | | | उ मा वि दरवन्दी | | जम्मा | | | सवैको जम्मा |
| | | स्थायी | अस्थायी | राहत | स्थायी | अस्थायी | राहत | स्थायी | अस्थायी | राहत | अस्थायी | राहत | स्थायी | अ स्था यी | राहत | |
| १ | मैनहिया उ.मा.वि | ६ | | ३ | | | ३ | | १ | ३ | | २ | ६ | १ | ११ | १८ |
| २ | पव्लिक उ.मा.वि | ५ | | | ४ | | | ५ | | | | ३ | १४ | ० | ३ | १७ |
| ३ | विरेन्द्र मा.वि | ७ | | | २ | | १ | | १ | २ | | | ९ | १ | ३ | १३ |
| ४ | जनता उ.मा.वि | ९ | | | ४ | | | ५ | | | | २ | १८ | ० | २ | २० |
| ५ | सिद्धार्थ उ.मा.वि | ६ | | | | | ३ | १ | | | | १ | ७ | ० | ४ | ११ |
| ६ | रामजानकी प्रा.वि | १ | | २ | | | | | | | | | १ | ० | २ | ३ |
| ७ | समयमाई मा.वि | ४ | | २ | | | २ | | | १ | | | ४ | ० | ५ | ९ |
| ८ | दुर्गादेवी मा.वि | ५ | | | | | | | | | | | ५ | ० | ० | ५ |
| ९ | बालकल्याण प्रा.वि | ३ | | | | | | | | | | | ३ | ० | ० | ३ |
| १० | सिद्ध प्रा.वि | ३ | | १ | | | | | | | | | ३ | ० | १ | ४ |
| ११ | छपिया आ.वि | ४ | २ | ३ | | | | | | | | | ४ | २ | ३ | ९ |
| १२ | जंगहत्था मा.वि | ४ | | १ | | | | | | | | | ४ | ० | १ | ५ |
| १३ | जनज्योति आ.वि. | ३ | | २ | | | | | | | | | ३ | ० | २ | ५ |
| १४ | ज्ञानोदय आ.वि. | १ | | २ | | | | | | | | | १ | ० | २ | ३ |
| १५ | नवदुर्गा प्रा.वि | १ | | २ | | | | | | | | | १ | ० | २ | ३ |
| १६ | गणसारी मा.वि | ४ | १ | २ | | | | | | १ | | | ४ | १ | ३ | ८ |
| १७ | कोटही आ.वि | | १ | ६ | | | | | | | | | ० | १ | ६ | ७ |
| १८ | विवेकशिल आ.वि. | १ | | ३ | | | | | | | | | १ | ० | ३ | ४ |
| १९ | सरस्वती आ.वि. | २ | | | | | | | | | | | २ | ० | ० | २ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | मदरसा छपिया | | | १ | | | | | | | | | ० | ० | १ | १ |
| २१ | आकास रवि प्रा.वि. | | | १ | | | | | | | | | ० | ० | १ | १ |
| २२ | त्रिवेणी आ.वि. | | | ४ | | | १ | | | | | | ० | ० | ५ | ५ |
| २३ | चिल्हिया उ.मा.वि | ७ | | | १ | | ३ | | १ | ३ | | २ | ८ | ३ | ८ | १९ |
| २४ | जनता आ.वि. | ६ | | १ | | | | | | | | | ६ | ० | १ | ७ |
| २५ | जनज्योति प्रा.वि. | | | ३ | | | | | | | | | ० | ० | ३ | ३ |
| २६ | भगदरी प्रा.वि. | | | | | | | | | | | | ० | ० | ० | ० |
| | जम्मा दरवन्दी | ८२ | ४ | ३९ | ११ | ० | १३ | ११ | ३ | १० | ० | १० | १०४ | ९ | ७२ | १८५ |

यस सियारी गाउँपालिकामा थपिने शिक्षक दरबन्दी कूल १०१ मध्ये मा.वि. तहमा ३६ ओटा, नि.मा. तहमा ५७ र प्राथमिक तहमा ९ ओटा थपिने देखिन्छ । सियारी गाउँपालिकाको थप भएपछि कायम हुने दरवन्दीमा प्राथमिक तहमा १३१, नि.मा. तहमा ८०, मा.वि. तहमा ६० र उ.मा.वि. तहमा १० गरी कूल २८१ दरवन्दी कायम हुने देखिन्छ । दरबन्दी थप भएपछि शिक्षक अभावको समस्या धेरै हदसम्म समाधान हुनेछ भने गाउँपालिकाको निजी शिक्षक व्यवस्थापनको खर्च शिक्षाको अन्यत्र खर्च गर्न सकिने र शिक्षामा फड्को मार्न सकिने अपेक्षा गर्न सकिन्छ ।

### ३.७.१ शिक्षक तयारी

शिक्षक विकास तथा व्यवस्थापनका दुई भिन्न दृष्टिकोण पाइन्छ । पहिलो दृष्टिकोण अनुसार विद्यालयमा शिक्षण कार्य गर्न आवश्यक पर्ने शिक्षकको योग्यता तथा तालिम पूर्व निर्धारित हुने गर्छ । तोकिएको योग्यता तथा तालिम हासिल गरेको प्रतियोगी मध्ये उत्कृष्टताका आधारमा आवश्यक संख्या अनुसार सम्बन्धित निकायले नियुक्ति गर्दछ । दोस्रो दृष्टिकोण अनुसार शिक्षक विकास गर्नका लागि सेवा प्रवेश पश्चात कम्तिमा ६ महिना वा १ वर्षको सघन तालिम उपलब्ध गराइन्छ । हाल नेपालमा प्रचलित विधि पहिलो दृष्टिकोणबाट प्रभावित छ । दोस्रो दृष्टिकोणको अभ्यास छैन ।

वर्तमान अवस्थामा शिक्षक तयारीको काम विशेषतः विश्वविद्यालय तथा विद्यालयहरुबाट नै भइरहेको छ । विश्वविद्यालयहरुको शिक्षा संकाय तर्फका आफ्नै कोर्ष छन् भने विद्यालयहरुमा कक्षा ११ र १२ मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम लागु भएको अवस्था छ । हालसम्म स्थानीय तहबाट शिक्षक तयारीका लागि विशेष कार्यक्रम सम्पन्न भएका छैनन् । शिक्षक तयारीको सम्पूर्ण अधिकार केन्द्रमा निहित भएता पनि शिक्षक तयारीमा सियारी गाउँपालिकाको सहयोगी भूमिका

रहनेछ । स्थानीय तहमा शिक्षा शास्त्र अध्ययन गरी उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरुलाई शिक्षकको रुपमा तयारी गर्नका साथै विद्यमान शिक्षकहरुको लागि यस योजनामा कार्यक्रमहरु समावेश गरिएको छ ।

### ३.७.२ शिक्षण पेशामा आकर्षण र नियुक्ति

शिक्षण पेशा वास्तवमा एक विशिष्ट र प्राविधिक पेशा हो । हिजोआज यस पेशाप्रति आकर्षण भन्दा पनि नकारात्मकता फैलिएको पाइन्छ । तैपनि केही समयदेखि शिक्षण पेशा प्रतिको आकर्षण थोरै बढेको पाइन्छ । नियमित रुपमा शिक्षक नियुक्ति प्रक्रिया शिक्षक सेवा आयोगबाट भइरहेको कारण पनि यस पेशाप्रति आकर्षण बढ्न गएको हो । यस पेशा प्रति आकर्षण नबढेसम्म शिक्षाको गुणस्तर पनि बढाउन सम्भव छैन भन्न सकिन्छ । विद्यालय तहको शिक्षा हासिल गरे पश्चात कम जि.पि.ए प्राप्त गरेकाले मात्र शिक्षा संकायमा भर्ना हुने र पढ्ने हुँदा व्यवहारिक रुपमा यस पेशा तर्फ उत्कृष्ट जनशक्ति भित्राउन शिक्षकहरुको सेवा सुविधा पनि वृद्धि गर्नुपर्ने देखिन्छ । अन्य सेवाहरुको तुलनामा शिक्षण पेशामा कम सुविधा र सम्मान पाइनु यस पेशामा आकर्षण उल्लेख्य रुपमा नबढ्नुको प्रमुख कारण हो । यस पेशामा आकर्षण बढाउन यो योजनामा विभिन्न रणनीति तथा कार्यक्रमहरु समावेश गरिएको छ ।

शिक्षक नियुक्तिका लागि शिक्षक सेवा आयोग रहेको छ । आयोगले योग्यता पुगेका, स्थानीय अध्यापन अनुमति भएका उम्मेदवारहरु मध्ये लिखित र अन्तर्वार्ता परीक्षाका माध्यमबाट स्थायी नियुक्ति दिने गरेको छ भने स्थानीय तहले विद्यालयहरुमा पदस्थापना गर्ने गरेको छ । सबै शिक्षक एकै थरिका मात्र हुन सम्भव भए अझ राम्रो हुने थियो तर त्यसो हुन नसकिरहेको अवस्थामा यस गाउँपालिकाभरिका विद्यालयहरुमा आवश्यक निजी स्रोत शिक्षकको नियुक्तिलाई व्यवस्थित गर्ने रणनीति यस योजनामा राखिएको छ ।

### ३.७.३ शिक्षण सिकाई क्रियाकलाप

तह र विषय अनुसार शिक्षण सिकाई क्रियाकलाप फरक हुने गर्दछ । त्यसैगरी विद्यार्थीको स्तर अनुसार पनि एउटै शिक्षण सिकाई क्रियाकलाप सबै ठाँउमा अपनाउन सकिंदैन । विषयगत रुपमा फरक फरक शिक्षण क्रियाकलाप सञ्चालन गरेपनि विशेषतः विद्यार्थी केन्द्रित विधि नै प्रयोग गर्नुपर्ने हुन्छ । शिक्षकले विभिन्न तालिमहरु प्राप्त गरेपनि तालिममा सिकेका विधिहरु कक्षा कोठामा प्रयोग नगरेको विभिन्न अध्ययनहरुको प्रतिवेदनमा उल्लेख गरिएको छ । विद्यालय तहको पाठ्यक्रम २०७६ र राष्ट्रिय शिक्षा नीति २०७६ सबैले सूचना प्रविधिको प्रयोग गर्दै विद्यार्थी केन्द्रित शिक्षण विधिकै प्रयोगमा जोड दिएको पाइन्छ । विभिन्न विद्यालयहरुको कमजोर आर्थिक अवस्थाका कारण सूचना प्रविधिको पहुँच भन्दा बाहिर रहन परेको देखिन्छ ।

### ३.७.४ शिक्षकको उत्तरदायित्व

शिक्षकहरु समाजका ऐना हुन् । शिक्षकहरुलाई समाज परिवर्तनको कारक मानिन्छ । एउटा पथप्रदर्शकको भूमिकामा रहेका शिक्षकहरु धेरै पक्षहरुप्रति उत्तरदायी हुनुपर्दछ । त्यसैले शिक्षकहरुको उत्तरदायित्व शिक्षण गर्नु मात्र नभई विद्यार्थीहरुको व्यवहार परिवर्तन गराई समाज परिवर्तन गराउनु पनि हो । शिक्षकहरुका उत्तरदायित्वहरु अन्तर्गत निम्न कुरा समेट्न सकिन्छ :-

१) आफ्नो पेशा प्रति वफादार र जिम्मेवार हुने
२) नियमित अध्ययन गर्नु र विषयवस्तुमा सँधै अद्यावधिक हुने
३) विद्यार्थीको बौद्धिक, सामाजिक, सांस्कृतिक विकासका लागि शैक्षिक ढाँचा तयार गर्नु
४) विद्यार्थीमा सहि आदत विकास गरी नैतिकवान नागरिक बनाउने
५) शिक्षक अभिभावक अन्तरक्रिया गर्ने
६) पाठ्यक्रम अनुसार उचित योजना विकास गर्ने
७) दैनिक रुपमा हुने गरेका शैक्षिक कार्यक्रममा सहपाठीलाई सहयोग गर्ने
८) विद्यार्थीहरुमा श्रृजनशीलता अभिवृद्धि गरि आत्मनिर्भर बनाउने
९) विद्यार्थीमा अनुशासन कायम गराई कक्षाभित्र सुरक्षित वातावरणमा सिकाइमा अग्रसर गराउने
१०) विद्यार्थी मूल्यांकन र अभिलेख रेकर्ड व्यवस्थापन गर्ने
११) विद्यालयका अन्य सबै कार्यक्रममा सक्रिय सहभागी हुने
१२) सूचना प्रविधिसँग परिचित र अभ्यस्त हुँदै शिक्षणमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने ।

### ३.७.५ शिक्षक सहयोग पद्धति

शिक्षकहरु पनि मानिस नै हुन् । त्यसैले शिक्षकलाई पनि सहयोग आवश्यक पर्छ । शिक्षकलाई व्यक्तिगत, शैक्षिक, पेशागत सहयोग आदिको आवश्यकता पर्छ । शिक्षक सहयोग पद्धतिमा शिक्षकको वैयक्तिक, शैक्षिक र पेशागत विकासमा टेवा पुऱ्याउने कार्य गरिन्छ । यस अन्तर्गत निम्न विधिहरु पर्दछन्-

- **सहपाठी (peer group):-** विद्यालयमा एकले अर्कोलाई मनोवैज्ञानिक, पेशागत विकास आदि विधिबाट सहयोग गर्ने
- **प्रधानाध्यापक-** शिक्षकहरुसँग नियमित बैठक, अन्तरक्रिया गरि शिक्षकको समस्या समाधान गर्ने
- **वि.व्य.स. तथा शि.अ.सं.-** अभिभावकहरुसँग अन्तरक्रिया गरि शिक्षकका समस्या समाधान गर्ने
- **पेशागत संघ संगठनः** शिक्षकको हकहितमा कार्य गरि शिक्षकका पेशागत विकास समूहको सहयोग गर्ने,

- **स्थानीय निकायः**

  आवश्यक दरबन्दिको व्यवस्थापन, दरबन्दि मिलान गर्ने

  आर्थिक रुपमा, भौतिक रुपमा सामाजिक रुपमा विद्यालयलाई सुसम्पन्न गराएर शिक्षकमा उत्प्रेरणा जगाउने

- **कक्षा अवलोकन र पृष्ठपोषणः** वि.व्य.स., शि.अ.सं., अभिभावक र गाउँपालिका शिक्षा शाखाबाट निरन्तर अनुगमन गरि शिक्षक मूल्यांकन गर्ने, हौसला बढाउने र पृष्ठपोषण दिने ।

### ३.७.६ शिक्षक क्षमता विकास कार्यक्रम

शिक्षकको पेशागत क्षमता विकास गराउन सकियो भने शिक्षा क्षेत्रमा अत्यन्तै राम्रो प्रभाव पर्न जान्छ । शैक्षिक सुधारका लागि शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम आवश्यक छ । शिक्षकको क्षमता विकास कार्यक्रम अन्तर्गत निम्न कार्यहरु आवश्यक हुन्छन् –

#### क) तालिम

शिक्षकहरुलाई पनि तालिमको आवश्यकता पर्छ । विषयगत ज्ञानका अतिरिक्त शिक्षण विधि, बाल मनोविज्ञान, आधुनिक प्रविधि आदिको बारेमा जानकारी गराई शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारी वृद्धि गर्न तालिमले सहयोग गर्दछ । निम्न प्रकारका तालिमहरु प्रचलनमा रहेका छन् ।

- सेवा प्रवेश तालिम
- सेवाकालिन तालिम
- पुनर्ताजगी तालिम
- शिक्षण प्रशिक्षण, गोष्ठी, सेमिनार, कार्यशाला, अभिमुखिकरण

#### ख) नमूना विद्यालय अवलोकन भ्रमण

नमूना विद्यालयको असल अभ्यास तथा शिक्षण विधि आदिको जानकारी प्राप्त गर्न शिक्षकहरुलाई नमूना विद्यालय अवलोकन भ्रमणबाट शिक्षकहरुमा उत्प्रेरणा जागृत गर्न सकिन्छ र ती विद्यालयका असल अभ्यास अन्य विद्यालयले अपनाउन सक्नेछन् ।

#### ग) प्रविधि मैत्री

आजको आधुनिक युगमा परम्परागत शिक्षण विधिलाई परिमार्जन गर्दै शिक्षण सिकाईमा प्रविधिको प्रयोग अपरिहार्य भईसकेको छ । तर अझैपनि शिक्षण सिकाईमा प्रविधिको प्रयोग उल्लेखनीय भएको छैन । प्रारम्भमा केही माध्यमिक विद्यालयलाई पूर्ण प्रविधिमैत्री बनाई उक्त विद्यालयका सम्पूर्ण

शिक्षकलाई सूचना प्रविधि सम्बन्धि तालिम दिने र क्रमशः आधारभूत विद्यालयमा पनि कार्यक्रम लागु गर्दा सबै विद्यालय र सबै शिक्षक प्रविधिमैत्री हुन सक्छन् । त्यसका लागि लिडर विद्यालयले फिडर विद्यालयलाई सूचना प्रविधि सम्बन्धि तालिम अनिवार्य दिनुपर्ने प्रावधान राख्न सकिन्छ । हाल कोभिडको प्रकोपमा विद्यालयमा पठनपाठन गर्न गराउन समस्या देखिएकाले भर्चुअल क्लास सञ्चालन गर्न सक्ने प्रविधिमैत्री शिक्षक विकास गर्नुपर्ने देखिन्छ र यसका लागि प्रत्येक विद्यालयको केही शिक्षकलाई तालिमको व्यवस्था गर्ने तथा तालिम पश्चात शिक्षकले आफ्नो विद्यालयका सबै शिक्षकलाई तालिम दिने सुनिश्चितता गर्ने ।

**घ) विषयगत समिति निर्माण**

सियारी गाउँपालिकाका सम्पूर्ण विद्यालयका शिक्षकहरु मध्ये विषयगत रुपमा अलग अलग समिति निर्माण गर्ने र ती समितिले अन्तरक्रिया, भेला आदि गर्ने

**प्रमुख समस्या र चुनौतीहरुः**

उल्लेखित विश्लेषणका आधारमा शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएका छन् -

१. शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गर्नु,
२. आधारभूत तह कक्षा (१ –५) मा विषयगत विशिष्टता भएका शिक्षक नियुक्ति,
३. शिक्षकलाई जिम्मेवार र उत्तरदायी, प्रविधिमैत्री एवम् अध्ययनशील बनाउनु,
४. परम्परागत शिक्षण शैलीबाट नविनतम शिक्षण शैलीमा प्रवेश,
५. विद्यार्थी संख्याका आधारमा शिक्षकको सन्तुलित वितरण गर्नु र आवश्यक थप शिक्षक दरबन्दी उपलब्ध गराउनु,
६. निजी स्रोत वा गाउँपालिका स्रोतका शिक्षकहरुको उचित र समान पारिश्रमिक,
७. शिक्षकहरुको लागि हालका सेवा सुविधाहरुमा समयानुकुल परिवर्तन गरी प्रोत्साहन तथा प्रभावकारी दण्ड र पुरस्कारको व्यवस्था गर्नु,
८. विद्यालयको संख्या र स्तर वृद्धि बढीरहेको अवस्थामा सो अनुपातमा विद्यालयमा दरबन्दी कायम गर्नु,
९. शिक्षकको सक्षमता विकास तथा पेशागत विकासको अवसर विस्तार,
१०. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु,

**३.७.७ उद्देश्यहरुः**

१. सक्षम जनशक्तिलाई शिक्षक पेशामा आकर्षित गर्नु
२. शिक्षक सेवा आयोगले गरेका स्थायी नियुक्ति बाहेक अन्य नियुक्तिको प्रक्रिया व्यवस्थित गर्नु

३. प्रविधिमैत्री शिक्षक उत्पादन गरी प्रविधिमैत्री विद्यालयको विस्तार गर्नु
४. आधारभूत विद्यालयहरुमा विषयगत विशिष्टता भएका शिक्षकहरुको पुनर्वितरण गर्नु
५. शिक्षक सक्षमता, विकास र निरन्तर पेशागत सहयोगको वातावरण विकास गर्नु
६. प्रोत्साहन, अनुगमन र पृष्ठपोषण, सिकाई अनुभव आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र आत्मउत्प्रेरित शिक्षकहरुको प्रबन्ध गर्नु

**३.७.८ रणनीतिहरुः**

१. विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सक्षम जनशक्तिलाई शिक्षक पेशामा आकर्षित गरिनेछ ।
२. गाउँपालिका स्रोतका शिक्षक व्यवस्थापनका लागि कार्यविधि तयार गरि लागू गरिनेछ ।
३. आगामी ५ वर्षमा सियारीका प्रत्येक शिक्षकलाई प्रविधिमैत्री बनाइनेछ ।
४. आगामी १० वर्षमा सियारीका सबै विद्यालयलाई प्रविधियुक्त विद्यालय बनाइनेछ ।
५. सियारी गाउँपालिकाका सबै विद्यालयमा भएका शिक्षकहरुको विषयगत विशिष्टता अनुसार शिक्षक सरुवा गरिनेछ । यसका लागि कार्यविधि बनाइ विषयगत शिक्षकको अभाव हुन नदिने वातावरण मिलाइनेछ ।
६. सियारीका सबै शिक्षकको पेशागत विकासको सुनिश्चितता गरिनेछ । यसका लागि शिक्षक पेशागत सहयोग प्रणाली विकास गरिनेछ र विषयगत शिक्षक सञ्जाल गठन गरी अनुभवी शिक्षकबाट सहयोग तथा अनुगमन पद्धतिको विकास गरिनेछ ।
७. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरि नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाई सुधारसँग सम्बन्धित गरिनेछ ।

**३.७.९ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा अपेक्षित उपलब्धि**

**क) उपलब्धि** (Outcomes)

१. सक्षम र आत्मउत्प्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाई सुधार हुने ।

**ख) नतिजा** (Results)

१. विद्यालय र विश्वविद्यालयबाट उत्कृष्ट नतिजा हासिल गरेका सक्षम व्यक्तिहरु शिक्षण पेशामा संलग्न हुने ।
२. शिक्षक तयारी कक्षाहरु संचालन भई स्थानीय सक्षम शिक्षक विकास हुने ।
३. शिक्षक प्रविधिमैत्री भई विद्यार्थीको रुचि अनुसारको शिक्षण कार्यमा संलग्न हुँदा सिकाई उपलब्धि वृद्धि हुने ।
४. सियारीका सम्पूर्ण विद्यालय प्रविधिमैत्री भई कोभिड वा यस्तै अन्य महामारीको अवस्थामा पनि सिकाइ सहजीकरण प्रक्रिया निर्विघ्न सञ्चालन हुने ।

५. सियारी गाउँपालिकाभित्र विषयगत शिक्षकको संख्या मिलान गर्दा कुनै विद्यालयमा एउटै विषयका धेरै शिक्षक र कुनै विद्यालयमा विषयगत शिक्षक नहुने समस्या समाधान हुने ।
६. पेशागत विकास तथा सहयोग प्रणालीद्वारा शिक्षकको निरन्तर पेशागत विकास हुने । यसबाट शिक्षक-शिक्षक बीचको सम्बन्ध प्रगाढ हुनुको साथै विद्यार्थीको सिकाई उपलब्धिमा सकारात्मक प्रभाव पर्ने ।
७. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने ।

**शिक्षक ब्यवस्थापन तथा पेशागत विकासका अपेक्षित उपलब्धिहरु**

१. कार्यसम्पादनका आधारमा उत्कृष्ट शिक्षकलाई प्रोत्साहन तथा पुरस्कारको ब्यवस्था भएको हुनेछ ।
२. शिक्षकहरुमा पेशाप्रतिको जबाफदेहिता बृद्धि भएको हुनेछ ।
३. शिक्षकहरु प्रबिधिमैत्रि भएका हुनेछन् ।
४. शिक्षकहरुको विषयगत समिति निर्माण गरि विषयगत समस्याहरु समाधान गर्दै नयाँ - नयाँ शिक्षण विधि, रणनीति, कौशल र प्रविधिको प्रयोग गर्दै कक्षा शिक्षण भएको हुनेछ ।
५. शुरुमा माध्यमिक विद्यालयका शिक्षकहरु प्रबिधिमैत्री भएका हुनेछन् र विस्तारै तिनै शिक्षकहरुलाई परिचालन गरेर अन्य तहका शिक्षकहरु पनि प्रबिधिमैत्री हुँदै गएका हुनेछन् ।
६. प्र.अ. को प्रभावकारी नेतृत्व विकास भई विद्यालयको शैक्षिक प्रशासन सवल र सदृढ भएको हुनेछ ।
७. विद्यालय विकास योजना प्रस्तावका आधारमा करार प्र.अ. नियुक्ति गर्ने परिपाटीको विकास भएको हुनेछ ।
८. प्रबिधियुक्त शिक्षण सिकाइलाई प्रयोगमा ल्याउन उपयुक्त तालिम प्राप्त शिक्षकको ब्यवस्था भएको हुनेछ ।
९. विद्यार्थी संख्या र विषयका आधारमा शिक्षक दरबन्दी मिलान भएको हुनेछ ।
१०. नयाँ नियुक्ति हुने शिक्षकको योग्यता कानुनद्धारा निर्धारण भएको हुनेछ ।
११. शिक्षकहरु सेवाकालिन तथा पुनरताजगी तालिम प्राप्त गरेका हुनेछन् ।
१२. विद्यार्थीको नतिजा सुधारका लागि शिक्षक जिम्मेवार र प्रतिबद्ध भएका हुनेछन् ।
१३. विद्यार्थी उपलब्धि मूल्याङ्नका आधारमा शिक्षकलाई प्रोत्साहनको व्यावस्था भएको हुनेछ ।

१४. नयाँलाई सेवा प्रबेश तालिम, पुरानालाई पुनरताजगी तालिम विषयगत शिक्षक समितिहरुको निर्माण नियमित बैठक, छलफल, अन्तर्कृयाका माध्यमबाट समस्याहरु पहिचान र समाधान भएका हुनेछन।

१५. नयाँ प्रबिधिलाई प्रयोग गर्नका लागि क्रमशः पूर्वाधारको विकास भएको हुनेछ।

१६. सबै सामुदायिक विद्यालयहरु सूचना प्रविधिमैत्री भएका हुनेछन्।

## ३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत)

### क. प्रधानाध्यापक व्यवस्थापन

प्रधानाध्यापकहरुको छनौट प्रचलित नियम अनुसार हुनेछ। शिक्षा अधिकृतसँग वार्षिक रुपमा गर्नुपर्ने कार्य विवरण सहित करार संझौता हुनेछ। संझौता अनुसार कार्य प्रगती भए नभएको नियमित अनुगमन हुनेछ। संघ र प्रदेशको समन्वयमा प्रधानाध्यापकहरुलाई शैक्षिक व्यवस्थापन सम्बन्धी आवधिक कार्यशाला तथा तालीमहरुको प्याकेज तयार गरी क्षमता अभिवृद्धि गरिनेछ। प्रधानाध्यापक नियुक्तिको प्रतिक्रयालाई अगाडि बढाउनेछ। प्र.अ. नियुक्ति र विद्यालय विकास कानूनले निर्धारण गरे बमोजिम गरिनेछ।

### ख. प्रधानाध्यापक बैठक

मासिक रुपमा सवै विद्यालयका प्रधानाध्यापकहरुको बैठकको आयोजना गरिनेछ। बैठकमा प्रधानाध्यापकहरुसँग भएको करार संझौताको प्रगति र आइपरेका चुनौतीहरु, राम्रा अभ्यासहरु तथा अन्य समसामयिक विषयवस्तुमा छलफल गरिनेछ।

### ग. भौतिक सुविधाहरुको व्यवस्थापन

१. गाउँपालिका भित्रका सवै विद्यालयहरुमा सर्वेक्षण गरी भौतिक सुविधाहरु विद्यालय भवन, शौचालय, खानेपानी, घेरावार, खेल मैदान, पुस्तकालय, ल्याब, फर्निचर आदिको अवस्था पहिचान गरी आवश्यकता र प्राथमिकताको आधारमा क्रमश: सुविधा सम्पन्न गरिनेछ।

२. सवै विद्यालयहरुमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गरिनेछ।

३. माध्यामिक तहमा छात्रामैत्री शौचालयको व्यवस्था हुनेछ। विद्यालयमा शुद्ध र पिउन योग्य पानी उपलब्ध भएको सुनिश्चितता गरिनेछ।

४. भौतिक सुविधाहरुको निर्माण तथा व्यवस्थापन गर्दा विपद् प्रतिरोधी, बालमैत्री तथा अपांगता मैत्री भएको सुनिश्चितता गरिनेछ।

५. पुराना भवनहरुको मर्मत संभार गर्दा बिपद् प्रतिरोधी प्रविधिहरु अपनाइनेछ । विद्यालयमा भएका पुस्तकालय, कम्प्यूटर, ल्याब, बिज्ञान प्रयोगशालाहरुलाई क्रमशः मरमत सुधार गरिनेछ ।

## घ. विद्यालय सामाजिक परिक्षण

सवै विद्यालयहरुले अनिवार्य रुपमा भाद्र-असोज मसान्त भित्र सामाजिक लेखा परीक्षण सम्पन्न गरी त्यसको प्रतिलिपि नगरपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्दछ । विद्यालयसँग सरोकार राख्ने सवै सरोकारवालहरुको अनिवार्य र सक्रिय सहभागितामा बृहत बैठक बसी विद्यालयको भौतिक अवस्था, विद्यालय सुधार योजनाको कार्यान्वयन, सिकाइ उपलब्धिको प्रगति, आईपरेका चुनौती जस्ता विषयमा विद्यालयको बर्तमान अवस्था र सुधार गर्नुपर्ने पक्षमा व्यापक छलफल गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

## ङ. विद्यालयको आन्तरिक सक्षमतामा सुधार

सवै विद्यालयहरुले आफ्नो विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या, कक्षा दोहोऱ्याउने संख्या, कक्षा छोड्ने वा स्थानान्तरण हुने संख्या आदिको तथ्यांक संकलन र विश्लेषण गरी यसका कारणहरु उपर छलफल गरी उक्त दर घटाउने कार्ययोजना बनाई लागू गरिनेछ । सिकाइ सहितको उमेर अनुसारको कक्षोन्नतीलाई प्राथमिकता दिइनेछ ।

## च. विद्यालयलाई स्रोत बितरण

विद्यालयमा गाउँपालिकाबाट बितरण गरिने स्रोतहरु बितरण गर्दा आवश्यकता, विद्यार्थी संख्या, विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरुको सक्रियता, कार्यक्षमता आदिको आधारमा गरिनेछ । राम्रो शैक्षणिक अभ्यास र नतीजा हासील गर्ने विद्यालयहरुलाई थप स्रोत उपलब्ध गराइनेछ । विद्यालय सुधार योजनामा परेका ठोस योजनाहरुलाई कार्यान्वयन गर्न विद्यालयहरुलाई सहयोग गरिनेछ । वाल क्लव गठन गरिनेछ । दिवाखाजा र सेनेटरी प्याडको वितरणलाई व्यवस्थित र निरन्तरता दिइनेछ ।

## छ. विद्यालय खोल्ने, कक्षा थप गर्ने र गाभ्ने व्यवस्था

विद्यालय खोल्ने, कक्षा थप गर्ने र गाभ्ने व्यवस्था प्रचलित नीति अनुसार हुनेछ । आवश्यकता को आधारमा नयाँ विद्यालय खोल्ने, कक्षा थप गर्ने अनुमति प्रदान गरिनेछ । कम विद्यार्थी भएका र नजीकै अर्को विद्यालय भएको विद्यालयलाई एक आपसमा गाभिन वा मर्ज गर्न प्रोत्साहन गरिनेछ ।

**ज. शिक्षक व्यवस्थापन तथा दरबन्दी मिलान**

सवै विद्यालयहरुमा विद्यार्थी अनुपात र विषयगत आवश्यकताको आधारमा दक्ष मानव स्रोतको व्यवस्थापनका लागि पहल गरिनेछ । गाउँपालिका भित्र विद्यार्थी र शिक्षक अनुपातको आधारमा शिक्षकहरुको दरबन्दी केन्द्रवाट प्राप्त भएपछि वितरण गरिनेछ भने मौजुदा दरवन्दीमा बढी देखिएका विद्यालयको हकमा गरि सकिएको छ ।

**झ. विद्यालय सुधार योजना तर्जुमा र परिमार्जन**

यस सियारी गाउँपालिकाभित्र सम्पूर्ण विद्यालयहरुले विद्यालयसँग सरोकार राख्ने सरोकार वालाहरु जस्तै- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लव, शिक्षकहरु, अभिभावकहरु समेतको सहभागितात्मक कार्यशालाबाट व्यापक छलफल गरी आगामी १० वर्षको लागि तोकिएको ढाँचामा विद्यालय सुधार योजना तयार गरी शैक्षिक सत्रको चैत्र मसान्त भित्र शिक्षा शाखामा पेश गर्नुपर्नेछ । साथै उक्त योजनामा उल्लेख भए अनुसारका वार्षिक योजनालाई प्रभावकारी कार्यान्वयन गर्न वार्षिक रुपमा उक्त योजनालाई अद्यावधिक गर्नु पर्नेछ । विद्यालय सुधार योजनाको आधारमा विद्यालयहरुलाई प्रदान गर्ने योजनाहरुको बितरण गरिनेछ । वार्षिक योजनाको कार्यान्वयनको प्रगति समीक्षा विद्यालय व्यवस्थापन समितिको बैठकमा कम्तीमा अर्ध वार्षिक रुपमा गरिनेछ ।

**ञ. प्रभावकारी अनुगमन**

विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिलाई शिक्षाको गुणस्तरप्रति उत्तरदायी बनाउन तथा शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय अनुगमनलाई योजनाबद्ध रुपमा सञ्चालन गरिनेछ । सबै विद्यालयमा शिक्षकको विषयगत समिति गठन गरी विषयगत समस्यालाई समाधानको बाटो खोजिने छ भने प्राथमिक विद्यालय र नि.मा.लाई विषयगत समितिवाट सहजिकरण गरिनेछ । प्रधानाध्यापकले अनिवार्य रुपमा ४ ओटा कक्षाहरु अनुगमन गरी शिक्षकहरुलाई पृष्ठपोषण दिई त्यसको अभिलेख राखिनेछ । विद्यालय व्यवस्थापन समिति, शिक्षा शाखा, शिक्षा समितिबाट पनि प्रचलित नीति बमोजिमको अनुगमन गरी पृष्ठ पोषण प्रदान गरिनेछ । आकस्मिक रुपमा एक वडाका सवै विद्यालय अनुगमन गरिनेछ । अनुगमनबाट प्राप्त सुझावहरुको कार्यान्वयनलाई जोड दिइनेछ ।

## ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

शिक्षा नै मानवीय सभ्यता विकासको मूल आधार हो । शिक्षा प्राप्तीका सामान्यतया दुई वटा पद्धतिहरु रहिआएको पाइन्छ । यहाँ हामी औपचारिक रुपमा प्राप्त गर्ने शिक्षा भन्दा अनौपचारिक रुपमा प्राप्त गरिने ज्ञान, सीप र दक्षताका अर्थात विभिन्न सिकाई पद्धतिहरुबारे जो जीवनका अभिन्न अंगको

रुपमा जीवन पर्यन्त सिकी रहनुपर्ने र असल जीवन जिउनको लागि अति महत्वपूर्ण रहेको हुन्छ , यस बारे महत्वपूर्ण कुराहरु उदृत गर्न चाहन्छौं । अनौपचारिक शिक्षा भन्नाले औपचारिक शिक्षाबाट बन्चित, औपचारिक शिक्षा प्राप्त गर्न अवसर नपाएका र निरन्तर शिक्षा प्राप्त गर्न इच्छुक नागरिकहरुलाई प्रदान गरिने सम्पूर्ण शैक्षणिक कार्यक्रमहरुलाई बुझ्नु पर्दछ । यस अन्तर्गत साक्षरता निरन्तर शिक्षा कार्यक्रम, जीवन पर्यन्त शिक्षा कार्यक्रम, वैकल्पिक विद्यालय शिक्षा जस्ता कार्यक्रमहरु संचालन हुने गर्दछन् ।

अनौपचारिक रुपमा भएका सिकाईहरुको औपचारिक रुपमा प्रमाणीकरण गर्न नसकिने केही दायराहरु भएता पनि सार्थक जीवन यापनका लागि आधारभूत तत्वहरुको रुपमा भूमिका खेलिरहेको हुन्छ । यस प्रकारका कार्यक्रमहरुबाट बाह्यका साथ साथै आन्तरिक क्षमता विकासमा निकै सहयोग सिद्ध रहेको हुन्छ । यहाँनिर विश्लेषण गर्दा औपचारिक शिक्षाको आधार नै अनौपचारिक शिक्षा तथा सिकाई रहेको हुन्छ । मातृभाषा, पारिवारिक, सामाजिक संस्कार जस्ता आधारभूत कुराहरु अनौपचारिक तवरबाट नै सिकाई हुने गर्दछ । औपचारिक शिक्षाबाट समेट्न नसकिएका कुराहरु ज्ञान, पवित्रता, शान्ति, प्रेम, करुणा, आनन्द, खुशी, सत्य, धर्म, ध्यान, धारणा, समाधि, नैतिक विकास, आत्मिक विकास, आत्मिक शक्ति तथा गुणहरु आदि जस्ता क्षेत्रहरु जीवनका लागि अपरिहार्य रहेको हुन्छ । यस प्रकारका विषयहरु संचालन गर्न तथा मानवीय सभ्यता विकासका लागि अनौपचारिक शिक्षा यति महत्वपूर्ण हुँदाहुँदै पनि यस क्षेत्रमा न्यून रुपमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन भएको अवस्था पाइन्छ । यस सियारी गाउँपालिका अन्तर्गत अनौचारिक शिक्षा क्षेत्रमा हेर्ने हो भने तीन वटा सामुदायिक सिकाई केन्द्रहरु मार्फत प्रयाप्त रुपमा नीति तथा कार्यक्रमहरु संचालन गर्न नसकिए पनि केही कार्यक्रम तथा योजनाहरुबाट निरन्तरता दिइरहेको अवस्था पाइन्छ ।

यस गाउँपालिका अन्तर्गत रहेका चार वटा सामुदायिक सिकाई केन्द्रहरुबाट बचत समूहहरु परिचालन, सचेतनाका कार्यक्रमहरु संचालन, निरन्तर शिक्षा कार्यक्रम संचालन जस्ता गतिविधिहरु निरन्तर रुपमा संचालित भइरहेको अवस्था छ भने काम चलाउ रुपमा व्यवस्थापन समिति तथा केन्द्र सहयोगीहरु परिचालित रहेको अवस्था छ । यस क्षेत्रमा वाह्य सहयोग तथा कार्यक्रमहरु पनि न्यून रुपमा रहेको अवस्था छ । यस सियारी गाउँपालिका अन्तर्गत अनौचारिक शिक्षालाई घनिभूत रुपमा लागू गर्न सर्वप्रथम यहाँ रहेका सबै सामुदायिक सिकाई केन्द्रहरुको प्रयाप्त श्रोत साधनहरुको व्यवस्थापन, संचालन, भौतिक पूर्वाधारहरुको निर्माण तथा दीर्घकालिन रणनीतिक योजना अनुसारका नीति तथा कार्यक्रमहरु विनियोजन तथा कार्यान्वयन हुन नितान्त जरुरी छ ।

**दीर्घकालिन सोच तथा गन्तव्य**

१ एक वडा एक सामुदायिक सिकाई केन्द्र संचालन ।

२ प्रत्येक सामुदायिक सिकाई केन्द्रहरुमा सुविधा सम्पन्न पुस्तकालय तथा सूचना केन्द्र संचालन ।

३ सामुदायिक सिकाई केन्द्रहरुलाई गाउँपालिकाको एक अभिन्न अंगको रुपमा परिचालन।

४ सामुदायिक सिकाई केन्द्रहरु मार्फत सामाजिक विकास तथा सामाजिक रुपान्तरणमा जोड।

**परिकल्पना**

सृजनशील समतामूलक सभ्य समाज ।

**ध्येय**

अनौपचारिक शिक्षा र सामुदायिक सिकाई केन्द्रको विकासबाट जीवन पर्यन्त सिकाईको अवसर प्रदान गर्नु।

**लक्ष्य**

अनौपचारिक शैक्षणिक कार्यक्रमहरुबाट निरन्तर शिक्षा, जीवन पर्यन्त शिक्षा, वैकल्पिक विद्यालय शिक्षा र औपचारिक शिक्षाको अवसर प्रदान गराई सभ्य साक्षर समाज निर्माण गर्ने।

**अनौपचारिक शिक्षाका उद्देश्यहरु, रणनीतिहरु कार्यनीतिहरु र कार्यक्रमहरु**

**उद्देश्य: १.** गाउँपालिका अन्तर्गतका सबै सामुदायिक सिकाई केन्द्रहरुमा आवश्यक सबै साधन श्रोतयुक्त रुपमा नियमित संचालन गर्ने।

**रणनीति**

१.१ सामुदायिक सिकाई केन्द्रहरुको संस्थागत सुदृढीकरण गर्ने।

१.२ सामुदायिक सिकाई केन्द्रहरुको संस्थागत र संरचनागत क्षमता अभिवृद्धि गर्ने।

**कार्यनीति**

१.१.१ प्रत्येक सामुदायिक सिकाई केन्द्रहरुको सुविधा सम्पन्न भवनहरु निर्माण गरिनेछ।

१.१.२ प्रत्येक सामुदायिक सिकाई केन्द्रहरु नियमित रुपमा संचालनको लागि सक्रिय क्षमतावान व्यवस्थापन समितिको परिचालन गरिनेछ।

१.१.३ प्रत्येक सामुदायिक सिकाई केन्द्रहरुमा सृजनशील, ईमानदार, नैतिकवान, योग्य परिचालिका व्यवस्थापन गरिनेछ।

१.१.४ सामुदायिक सिकाई केन्द्र सुचारु रुपमा संचालनको लागि आवश्यक नीति तथा कानूनहरुको निर्माण गरिनेछ।

१.१.५ सामुदायिक सिकाई केन्द्र संचालनका लागि नियमित रुपमा संस्थागत विकास तथा कर्मचारी र व्यवस्थापन समितिहरुको क्षमता अभिवृद्धि गरिदै लगिनेछ।

१.१.६ आवश्यकतानुसारका भौतिक संरचनाहरु तथा उप-समितिका संरचनाहरु निर्माण गरिनेछ।

**कार्यक्रमहरु**

१ जीवनोपयोगी, सेवामुखी र आत्मनिर्भर बनाउन प्रत्येक सामुदायिक सिकाई केन्द्रहरुमा आधुनिक सूचना तथा संचार प्रविधियुक्त सामुदायिक पुस्तकालयको स्थापना गरिनेछ।

२ प्रत्येक सामुदायिक सिकाई केन्द्रहरुलाई एक सामुदायिक सिकाई तथा स्रोत केन्द्रको रुपमा विकास गरी आजीवन सिकाई र निरन्तर शिक्षाको केन्द्रको रुपमा स्थापना गरिनेछ।

३ प्रत्येक सामुदायिक सिकाई केन्द्रहरु सुचारु रूपमा संचालनको लागि नियमानुसारको व्यवस्थापन समितिहरु चयन गरी गराई आवश्यकता अनुसारको नियमित रुपमा क्षमता अभिवृद्धि समेत गरिनेछ।

४ सामुदायिक सिकाई केन्द्रहरुको लक्ष्य, उद्देश्य अनुरुपको असल सफल संचालनको लागि सृजनशील, ईमानदार, नैतिकवान, योग्य परिचालिकाहरुको छनौट गरी आवश्यक रुपमा क्षमता अभिवृद्धि गरिदै लगिनेछ।

५ सामुदायिक सिकाई केन्द्रहरु सुचारु रुपमा संचालनको लागि आवश्यक नीति तथा कानूनहरुको निर्माण गरिनेछ। जस्तैः सामुदायिक सिकाई केन्द्र संचालन एवम् व्यवस्थापन निर्देशिका, अनौपचारिक शिक्षा कार्यविधि तथा निर्देशिका, सामुदायिक सिकाई केन्द्र अनुगमन, मूल्याङ्कन कार्यविधि आदि।

६ सामुदायिक सिकाई केन्द्रहरुका व्यवस्थापन समिति तथा कर्मचारीहरुलाई संस्थागत विकास तथा व्यक्तिगत विकासका विभिन्न तालिमहरु प्रदान गरिनेछ।

७ सामुदायिक सिकाई केन्द्रहरु सुचारु रुपमा संचालनको लागि आवश्यक भौतिक संरचनाहरुको निर्माण गरिदै लैजाने तथा समिति उपसमितिहरु गठन गरि परिचालन गरिनेछ। जस्तैः बालबालिका समन्वय तथा परिचालन उप समिति, किशोर किशोरी समन्वय तथा परिचालन उप समिति, युवायुवती समन्वय तथा परिचालन उप समिति, कृषक समन्वय उप समिति, महिला समन्वय उप समिति, प्राकृतिक सम्पदा संरक्षण उप समिति, विपत व्यवस्थापन तथा सहयोग उप समिति, अभिभावक समन्वय उप समिति आदि।

**उद्देश्यः २.** गाउँपालिका अन्तर्गतका सबै नागरिकहरुका लागि जीवन पर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्ने।

**रणनीति**

२.१ अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाई मार्फत सिकेका ज्ञान तथा सीपलाई आयमुलक कार्यक्रमहरुसंग आवद्ध गरी जीवन पर्यन्त सिकाईलाई सुनिश्चित गर्ने ।

२.२ साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाईलाई पेशा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासंग आवद्ध गर्ने ।

**कार्यनीति**

२.१.१ अनौपचारिक क्षेत्रमा विद्यमान ज्ञान तथा सीपहरुको अभिलेखीकरण, सीप परिक्षण र प्रमाणीकरणका लागि कार्यविधि, प्रकृया र संयन्त्रहरुलाई सुदृढ गरिनेछ ।

२.१.२ अनौपचारिक क्षेत्रमा विद्यमान ज्ञान तथा सीपहरुको अभिलेखीकरणको मूल्याङ्कन अनुसार आयमुलक कार्यक्रमहरुमा सहभागिताको लागि अवसर प्रदान गरिनेछ ।

२.२.१ अनौपचारिक रुपमा सिकेका ज्ञान, सीप र दक्षतालाई पेशा एवं व्यवसायको रुपमा संस्थागत गर्दै लगिनेछ ।

२.२.२ असल सामाजिक जीवन निर्माणका लागि अनौपचारिक रुपमा सिकेका ज्ञान, सीप र दक्षतालाई अभिवृद्धि गरिदै लगिनेछ ।

२.२.३ अनौपचारिक रुपमा सिकेका ज्ञान, सीप र दक्षतालाई समाज विकासका कार्यहरुमा लगानी गर्ने अवसर प्रदान गरिनेछ ।

**अनौपचारिक शिक्षाका कार्यक्रमहरु**

१ अनौपचारिक रुपमा ज्ञान, सीप र दक्षताहरु सिकेका व्यक्तिहरुको तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्ने ।

२ अनौपचारिक रुपमा सिकेका ज्ञान, सीप र दक्षताहरुको सीप परिक्षण र प्रमाणीकरण गर्न कार्यविधि एवं प्रकृया निर्माण गर्ने ।

३ अनौपचारिक रुपमा सिकेका ज्ञान, सीप र दक्षताका अनुसार विभिन्न आयआर्जनका कार्यक्रमहरु संचालन गर्ने ।

४ अनौपचारिक रुपमा सिकेका ज्ञान, सीप र दक्षता भएका व्यक्तिहरुलाई पेशा एवं व्यवसायीक रुपमा अभिवृद्धि गर्न सहयोगका कार्यक्रमहरु संचालन गर्ने ।

५ असल सामाजिक जनजीवन विकासका लागि विभिन्न ज्ञानमुलक तथा सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने । जस्तैः असल शिक्षा सचेतना कार्यक्रम, नैतिक शिक्षा सचेतना कार्यक्रम, सकारात्मक सोच विकास तालिम कार्यक्रम, आत्मीक विकास तालिम कार्यक्रम,

लागुपदार्थ दुर्व्यसन सचेतना कार्यक्रम, मानसिक स्वास्थ्य सचेतना कार्यक्रम, योग अभ्यास विकास तालिम कार्यक्रम, सामाजिक कुरीति विरुद्ध सचेतना कार्यक्रम, परम्परागत सांस्कृतिक सम्पदाहरुको जगेर्ना कार्यक्रम, प्राकृतिक सम्पदा संरक्षण कार्यक्रम आदि ।

६ नागरिक शिक्षा कार्यक्रमहरु संचालन गर्ने । जस्तैः मानव अधिकार, नागरिक अधिकार, बाल अधिकार, महिला अधिकार, कानूनी अधिकार सचेतना कार्यक्रमहरु आदि ।

७ सर्वाङ्गिण सामाजिक विकासको लागि अन्य जल्दाबल्दा विषय शिर्षकहरुमा कार्यक्रमहरु संचालन गर्ने, जस्तैः विपत व्यवस्थापन सहयोग कार्यक्रम, अभिभावक शिक्षा (प्रजनन स्वास्थ्य, मातृ तथा शिशु स्याहार, विद्यालय शिक्षा, दिवा खाजा व्यवस्थापन, सरसफाई सचेतना कार्यक्रम, स्वास्थ्य तथा पोषण कार्यक्रम, पुस्तकालय तथा सूचना केन्द्र संचालन कार्यक्रम) आदि ।

८ आवश्यकता अनुसार निरन्तर शिक्षा, अनौपचारिक शिक्षा, विद्यालय भर्ना अभियान, स्वास्थ्य, कृषि तथा विभिन्न सामाजिक विकासका क्षेत्रहरुमा कार्यक्रमहरु संचालन गर्ने ।

## निरन्तर शिक्षा खुला सिकाई, अनौपचारिक शिक्षा जीवनपर्यन्त सिकाई र शिक्षाका अपेक्षित उपलव्धिहरुः

१. सामुदायिक सिकाई केन्द्रका सहजकर्ताको क्षमता विकास भएको हुनेछ ।

२. सामुदायिक सिकाई केन्द्रहरु शैक्षिक सूचना केन्द्रका रुपमा स्थापना भएका हुनेछन् ।

३. सिकाइ केन्द्रका माध्यमद्वारा साक्षरता शिक्षाका लघु कक्षाहरु संचालन भएका हुनेछन् ।

४. शिक्षा विषय लिएर अध्ययन गरि १२ पास गरेर शिक्षक सेवा आयोगमा प्रबेश गर्न इच्छुक विद्यार्थीलाई स्वयमसेवकको रुपमा परिचालन गरेर निरक्षरता निर्मुल पार्ने कार्य गरिएको हुनेछ ।

५. अभिभावक शिक्षा तथा चेलिबेटी शिक्षा कार्यक्रम संचालन भएको हुनेछ ।

६. **OUT OF SCHOOL CHILDREN** को यथार्थ तथ्याङ्क प्राप्त गरि उनीहरुलाई शिक्षाको पहुँचमा ल्याउनका लागि सामुदायिक सिकाई केन्द्रहरु परिचालित भएका हुनेछन् ।

७. साक्षरता शिक्षा, निरन्तर शिक्षा तथा सिप विकास तालिमका माध्यमबाट निरक्षरता उन्मुलन गर्दै स्वरोजगार तर्फ उन्मुख जनशक्ति निर्माण भएको हुनेछ ।

८. सिकाई केन्द्रका माध्यमद्वारा स्थानीय परिबेश अनुसारको सिपको लागि तालिम तथा आयमुलक कार्यक्रमहरु संचालन भएको हुनेछ ।

९. नमूना सामुदायिक सिकाई केन्द्र स्थापना भएको हुनेछ ।

१०. ७ वटै वडामा सामुदायिक सिकाई केन्द्र स्थापना भइसकेका हुनेछन् ।

## ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

### परिचय

भन्न त भनिन्छ " यदि विद्यार्थीले जानेन भने शिक्षकले सिकाएको छैन", "यदि शिक्षकले मन लगाएर काम गराउन सकेन भने शैक्षिक व्यवस्थापनको संयन्त्र बेकामको हुन्छ", "सामुदायिक विद्यालयको भविष्य शिक्षकको हातमा छ" आदि । सामुदायिक विद्यालय भनेका हुँदा खाने वर्गका केटाकेटी पढ्ने विद्यालय हो । सरकारको नीति आधारभूत तहसम्म नि:शुल्क अनिवार्य शिक्षा छ । सामुदायिक विद्यालयका शिक्षा सुधार नै गर्ने हो भने राज्यका विद्यालय जाने उमेरका बालबालिकाको पूर्णरूपले ग्यारेन्टी लिदै बुढानिलकण्ठ जस्तै आवासीय विद्यालयको व्यवस्था गर्नु पर्छ भन्ने भनाइहरु पनि रहेका छन् । आज मुलुकमा सङ्घियता व्यवस्था प्रणाली छ । सङ्घिय व्यवस्था भनेको विकेन्द्रिकरणको सिध्दान्तमा आधारित व्यवस्था हो । यसै सिध्दान्तमा रहने गरी शैक्षिक तथ्याङ्क अध्यावधी, कक्षा अवलोकन गरी शिक्षकलाई आवश्यक पृष्ठपोषण, नमूना कक्षा प्रदर्शन, विद्यालयको सुधार योजना, सिकाई सुधार योजना, विद्यालय सामाजिक परीक्षण, विद्यालयको नियमित निरीक्षण तथा सुपरिवेक्षण गर्ने जनशक्तिको आवश्यकता रहेको छ । यस्तो जनशक्ति सूचना प्रविधिमा निपुर्ण, शैक्षिक नेतृत्वको सीप भएको, विद्यार्थी भर्नामा व्यापक सुधार, विद्यालय छाड्ने दरमा सुधार, तह पूरा गर्ने दरमा सुधार, विद्यालयमा पठनपाठनको समयमा सुधार, एस.एल.सी तथा एस.इ.इ. परीक्षाको नतिजामा सुधार, विद्यालय जाने उमेरका बालबालिका विद्यालय आउने सङ्ख्यामा सुधार, समयमा तथ्याङ्क अध्यावधी, शिक्षक तथा विद्यार्थीको नियमितता सुधार आदि अवस्थाको सुधारमा पहल कदमी लिन सक्ने जनशक्तीको आवश्यकता छ ।

अहिले एक्काइसौं शताव्दीमा विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणितका विषयवस्तुहरु समावेश भएको पाठ्यक्रममा आधारित शिक्षालाई गुणस्तरीय शिक्षा भन्ने गरिन्छ । गुणस्तरीय सार्वजनिक शिक्षाको लागि कुनै एक पक्ष मात्र नभएर सवै पक्ष गुणस्तरीय हुन जरुरी छ । सामुदायिक विद्यालयमा खेल मैदान, सुरक्षित पठनपाठन वातावरण, शौचालय, पुस्तकालय, पठनपाठनका सामग्री, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग, सह तथा अतिरिक्त क्रियाकलाप, शैक्षिक व्यवस्थापन र नेतृत्व आदि सवै पक्षको स्तर सवल हुनु पर्दछ ।

सियारीले शैक्षिक गुणस्तरको लागि गरिएका अभ्यासहरुमा कक्षा ५ र ८ को गाउँपालिका स्तरीय परीक्षा, सियारी शैक्षिक महोत्सव तथा शिक्षक र विद्यार्थीहरुवाट निर्मित सामग्री प्रदर्शन र समीक्षा, अभिभावक-शिक्षक-विद्यार्थी वीचमा अन्तरक्रिया, विद्यालयहरुलाई सरसफाइका सामग्रीहरु को वितरण आदि रहेका छन् । यी काम गर्दा गणित, विज्ञान, सामाजिक र नेपालीका विषयको नतिजा अत्यन्त कमजोर रहेको छ जुन कुरा पत्याउनै गारो पर्छ ।

### ३.१०.१ रणनीतिहरु , कार्यनीतिहरु र कार्यक्रमहरु र अपेक्षित अपलव्धिहरु

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| क. सार्वजनिक शिक्षामा गुणस्तर सुधारका लागि प्रयोगशालाको स्थापना र प्रयोग । | १ कक्षा ६ देखि कक्षा १२ सम्मका १८ विद्यालयमा विज्ञान प्रयोशाला स्थापना गरिनेछ ।<br>२ कक्षा १ देखि ५ सम्मका १० विद्यालयमा गणित विषयको प्रयोगशालाको स्थापनाको लागि जोड दिइनेछ ।<br>३ विज्ञान र गणितको प्रयोगशाला स्थापनाको लागि भौतिक लगायत अन्य पूर्वाधारको विकासमा जोड दिइनेछ ।<br>४ पुस्तकालयको स्थापना गरि वालवालिकालाई पुस्तकका साथ साथै डिजिटल सामग्री पढ्ने क्षमताको विकास गरिनेछ । |
| ख. गुणस्तरिय शिक्षणमा परियोजना कार्य र वेभसाइट तथा अनलाइन शिक्षामा जोड । | १ घटनामा आधारीत, परियोजनामा आधारीत, समूह कार्यमा आधारीत र सिकारु केन्द्रित अभ्यासहरुलाई जोड दिइनेछ ।<br>२ ध्यान, योग, प्राणायाम, पूजापाठ र व्यायाम जस्ता क्रियाकलापमा जोड दिइनेछ ।<br>३ विद्यार्थीलाई रचनात्मक वनाउने, समालोचना गर्न सिकाउने विधि, प्रश्न गर्न प्रोत्साहन गर्ने, परियोजना कार्य, क्षेत्र भ्रमण र प्रयोगात्मक अभ्यासमा वालवालिकालाई जोड दिइनेछ ।<br>४ अनलाइन कक्षा, जुम कक्षा, मेसेन्जर ग्रुप सिकाई आदि तरिकावाट पठनपाठन गरिनेछ ।<br>५ विद्यालयहरुको वेभसाइट निर्माण र प्रयोगमा जोड दिइनेछ । |
| ग. गुणस्तर सुधारको लागि नैतिक शिक्षा । | १ शिक्षकहरुको पेशागत नैतिकता र आचरणमा जोड दिदै नैतिकताको आधारमा गुणस्तर सुधारमा जोड दिइनेछ ।<br>२ कर्तव्य, निष्ठ र नैतिकवान विद्यार्थी उत्पादनको लागि नैतिक शिक्षामा जोड ।<br>३ वि.व्य.स., शिक्षक र विद्यार्थी मिलेर आचार संहिता निर्माण र कार्यान्वयनमा जोड दिइनेछ । |
| घ. पारदर्शी र जवाफदेही विद्यालय व्यवस्थापनवाट गुणस्तरको सुधारमा जोड । | १ अभिभावकहरुको भूमिका सार्वजनिक शिक्षामा अझ वढाइनेछ ।<br>२ अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३ विद्यालयको खर्चलाइ पारदर्शि वनाउन सामाजिक परीक्षण तथा लेखा परीक्षणको सूचना सार्वजनिक र जवाफदेही वनाइनेछ ।<br>४ सरोकारवालाको भूमिकालाई सशक्त वनाइनेछ । |

| | |
|---|---|
| ङ. सृजनात्मक र समालोचनात्मक शिक्षण सिकाइको सुनिश्चिततामा जोड। | १ शिक्षण सिकाइमा सवै वालवालिकाहरुको समान सहभागीता।<br>२ शिक्षण सिकाइमा डिजिटल प्रविधिको प्रयोगको क्षमता विकास गरिनेछ।<br>३ सूचना, सञ्चार तथा प्रविधिको प्रयोग र उपयोगलाई महत्वका साथ जोड दिदै सवै तहका शिक्षकहरुमा कक्षा कोठामा कम्प्युटर को प्रयोग गर्ने सीपको विकासमा जोड दिइनेछ।<br>४ लेखहरुको समीक्षा, टिप्पणी र स्टेजमा वालवालिकाहरुले वार्षिक उत्सव, अतिरिक्त क्रियाकलाप सञ्चालन आदिमा वालवालिका हरुको भूमिकालाई वढाइनेछ। |
| च. उपस्थिति दर वढाउने। | १ विद्यालय सञ्चालन अवधि प्रचलित व्यवस्था अनुसार कम्तीमा २२० दिन भन्दा वढी विद्यालय सञ्चालन भएको सुनिश्चिता गरिनेछ।<br>२ शिक्षकको कक्षाकोठामा विताउने समय र वार्षिक उपस्थिति दर वढाइनेछ।<br>३ विद्यार्थीको उपस्थिति दर पनि वढाइनेछ।<br>४ नमूना विद्यालयहरुको अवलोकन भ्रमणमा वि.व्य.स. शिक्षक र विद्यार्थीको सहभागिता गराइनेछ।<br>५ अभिभावक र जनप्रतिनिधिहरुको विद्यालयमा उपस्थिति बढाउन जोड दिइनेछ। |

**गुणस्तर सुधारका कार्यक्रमहरु**

गुणस्तर सुधारका लागि निम्न कार्यक्रमहरु सञ्चालन गरिनेछ:

१. विज्ञान र गणित प्रयोगशालाको स्थापना र प्रयोग गर्ने।

२. शिक्षक, विद्यार्थी र अभिभावकहरुका लागि मोटिभेसनल कक्षाहरु सञ्चालन गरी सामुदायिक विद्यालयको आकर्षण बढाउने ।

३. विद्यार्थी, शिक्षक, अभिभावक, वि.व्य.स.को संयुक्त पहलमा आचार संहिता निर्माण र कार्यान्वयन गर्ने।

४. शिक्षण पेशामा नवप्रवेशी शिक्षकहरुलाई क्षमता अभिवृद्धिका प्रोत्साहन कार्यक्रम गरिनेछ।

५. प्रभावकारी सिकाईको तयारीका लागि परीक्षालाई प्रोत्साहन गरिनेछ।

६. त्रैमासिक, मासिक परीक्षाहरुको विषयगत नतीजा विद्यालय व्यवस्थापन समिति, शिक्षकहरु र प्र.अ.को संयुक्त बैठकमा विश्लेषण हुनेछ।

७. घरदैलोमा अभिभावकहरुसँग प्रत्यक्ष भेट र वालवालिकाको अवस्थाको वारेमा समीक्षा हुनेछ ।
८. प्राथमिक तहका विज्ञान, गणित तथा अंग्रेजी विषयका शिक्षकहरुलाई विषयगत तालीम हुनेछ ।
९. जिल्लाका नमूना विद्यालयहरुको अवलोकन भ्रमण गरिनेछ ।
१०. वडागत नमूना विद्यालय र नमूना शिक्षकको विकास कार्यक्रम हुनेछ ।
११. विद्यालय शान्ति क्षेत्र घोषणा कार्यक्रम हुनेछ ।

## ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच: समावेशी शिक्षा

विभिन्न अवस्थामा जीवन विताइरहेका वालबालिकाहरु जस्तै- शारीरिक, मानसिक, बौद्धिक रुपमा कमजोर, अति तीक्ष्ण, घरेलु बालबालिका, अति पिछडिएका वर्गभित्र पर्ने बालबालिका, भाषिक अवस्था कमजोर भएका बालबालिका आदि सबैलाई उचित रुपमा व्यवस्थापन गरी प्रदान गरिने शिक्षालाई समावेशी शिक्षा भनिन्छ । विशेष गरी समावेशी शिक्षामा मित्रता, सशक्तिकरण र सहयोगको उच्च स्थान रहने गर्दछ ।

शिक्षा र स्वास्थ्यमा स्नेह, सम्मान तथा स्वाभिमानका दृष्टिले र मानव अधिकारका सिद्धान्तले पनि सबै मानिस समान हुन् भन्ने तथ्यलाई स्वीकार गर्दछ । जन्मसिद्ध अधिकारका रुपमा स्थापित शिक्षा पाउनु सबैको अधिकारलाई शिक्षा पद्धति, राज्य सञ्चालन सम्बन्धी नीति नियम र सञ्चालन प्रक्रियाले विभेद गर्नु हुँदैन । मुलुकमा नागरिकको रुपमा जन्मेर पनि कानूनी, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक विभेदको सामना गर्नुपर्ने अवस्था राम्रो मानिदैन र मान्न पनि सकिदैन । शिक्षा पद्धतिको समुचित व्यवस्थापनले समाजका व्यक्ति व्यक्ति बीच रहेको विभेद र नकारात्मक व्यवहारको अन्त्य गरी सबै अवस्थाका बालबालिकाहरुलाई समान रुपले सिक्ने वातावरणको श्रृजना गर्दछ ।

यसै कुरालाई आत्मसात गर्दै नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गर्नुको साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक पनि सुनिश्चित गरेको छ । यसका साथै दृष्टिविहिन नागरिकलाई ब्रेनलिपीमा, बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषामा र प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने भनी सुनिश्चित गरी समाबेशी शिक्षाको अर्थलाई सार्थक बनाएको छ ।

### ३.११.२ उद्देश्यहरु

समावेशी शिक्षाको प्रमुख उद्देश्य विभिन्न कारणले शिक्षाको अधिकारबाट वञ्चित भएकाहरुलाई शिक्षा प्रणालीको मुलधारमा समाबेश गर्नु हो । गरिबी, पछौटेपन, भौगोलिक विकटता,

अन्धविश्वास, रुढीवादी प्रवृत्ति, सामाजिक, साँस्कृतिक, धार्मिक कारण, चेतनाको कमी, अपाङ्गता आदि कारणले बालबालिका तथा प्रौढहरु शिक्षाको मुलधारबाट बञ्चित भएका छन् । महिला, दलित, जनजाति, पिछडा वर्ग र विभिन्न रोगहरुबाट ग्रसित बालबालिकाहरु शिक्षा पाउने अवसरबाट वञ्चित छन् । यस्तो अवस्थामा रहेका प्रौढ तथा बालबालिकाहरुको रुचि र आवश्यकता अनुरुप औपचारिक, अनौपचारिक, खुला शिक्षा आदीका माध्यमबाट शिक्षा प्रदान गर्ने वातावरण श्रृजना गर्नु समाबेशी शिक्षाको उद्देश्य हो ।

यसको उध्देश्य यस प्रकार रहेको छ -

१. शिक्षाको मूलधारबाट वञ्चित रहेका वर्गको पहिचान गरेर उनीहरुलाई शिक्षाको अवसर प्रदान गर्ने वातावरण श्रृजना गर्नु ।
२. शिक्षाबाट वञ्चितीय रहेका अवस्थाका वर्गलाई अनुकुल पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री उपलब्ध गराउनु ।
३. शिक्षालाई आवश्यकतामुखी एवम् जीवनोपयोगी बनाउन शैक्षिक योजना निर्माण देखि कार्यान्वयन प्रकृयासम्म समाबेशी अवधारणा अपनाउनु ।
४. कक्षाकोठामा समाबेशी शिक्षाको अवधारणा अनुरुप व्यस्थापन गर्ने गरी प्रवन्ध मिलाउनु ।
५. बालबालिकाको उपस्थितिमा सक्रिय सहभागिता गराउन समुदाय र विद्यार्थीको अपेक्षानुसार मातृभाषा, नेपाली भाषा, संस्कृत भाषा वा अंग्रेजी भाषामा शिक्षण गर्ने व्यवस्था मिलाई सिकाईलाई दिगोपना प्रदान गर्नु ।
६. विद्यालय भित्र विपन्नताको आदर र स्वागत गरी विद्यालय तथा घरपरिवारमा भेदभाव रहित शैक्षिक वातावरणको श्रृजना गर्नु ।
७. शिक्षालाई जन्मसिद्ध अधिकारको रुपमा लिई “सबैका लागि शिक्षा” को अभियानलाई सार्थक बनाउन सिकाईमा अभिप्रेरित गर्नु ।
८. जनजाति, अपाङ्गता, लिङ्ग, पारिवारिक स्तर तथा बालबालिकामा भएका विभिन्न सिकाई र परिस्थितिजन्य विभिन्नतालाई पहिचान गरी सम्बोधन गर्नु ।
९. आधुनिक समय र परिस्थितिको आधारमा सबैलाई विकासको मूलधारमा ल्याउन समय सापेक्ष शैक्षिक तालिम प्रदान गरी आत्मनिर्भर तुल्याउनु ।
१०. प्रत्येक बालबालिकाहरुको भावना बुझेर माया, ममता, स्नेह र आदर गर्ने तथा सिकेका कुराले जीवन सहज बनाउने खालका विषय वस्तुमा जोड दिइ सिकाई गर्ने वातावरणको श्रृजना गर्नु ।

### ३.११.३ रणनीति कार्यनीति र कार्यक्रमहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. फरक क्षमता अनुरुपको र बालमैत्री शिक्षा | १. दृष्टिबिहिन, श्रवणशक्ति नभएका बालबालिकाहरुको लागि ब्रेललिपी र सांकेतिक भाषा अध्यापन गराउने शैक्षिक जनशक्तिको व्यवस्था गर्नु ।<br>२. शिक्षाको अवसरबाट जुनसुकै कारणले वञ्चित भएका बालबालिकाहरुलाई उनीहरुकै आवश्यकता, क्षमता, चाहना र रुची (भाषागत शिक्षण) अनुसारको शिक्षा दिने अवसर प्रदान गर्नु पर्दछ । |
| २. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच | १. "सबैका लागि शिक्षा" अभियानलाई सार्थक बनाउन विद्यालय बाहिर रहेका बालबालिकालाई पहिचान गरी आवश्यकतानुसार औपचारिक, अनौपचारिक र दूर शिक्षाको माध्यमबाट शिक्षण गरी साक्षर तुल्याइ आत्मनिर्भर बनाउनु।<br>२. आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका बाल बालिकालाई पहिचान गरी अहिलेसम्म पाउँदै गरेका छात्रबृत्तिलाई निरन्तरता दिई थप शैक्षिक भत्ता, प्रोत्साहन भत्ता उपलब्ध गराउने ।<br>३. व्यवस्थित रुपमा पुग्ने गरी दिवाखाजाको व्यवस्थामा जोड दिने । |

**समावेशी शिक्षाका कार्यक्रमहरु :**

१ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको शिक्षामा पहुँचको लागि भत्ता कार्यक्रम, प्रोत्साहन भत्ता जस्ता कार्यक्रम ।

२ शहिद परिवारका सन्ततिलाई साधारण, उच्च शिक्षा र प्राविधिक शिक्षा हासिल गर्न आकर्षक छात्रवृत्ति कार्यक्रम ।

३ बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि समतामुलक शिक्षाको प्रबन्ध गर्न नेपाल सरकार र गाउँपालिका तहको साझेदारीमा विशेष विद्यालयको स्थापना ।

४ कोभिड १९ महामारीका कारण बाबु वा आमा गुमाएका वालवालिकाहरुको पहिचान गरी आवश्यक शिक्षा प्राप्त गर्न विशेष सामाजिक सुरक्षा भत्ताको व्यवस्था मिलाइने ।

५ स्थानीय समुदायको वसोवासको अवस्था र जनघनत्वलाई मध्यनजर गरी अभिभावक र विद्यार्थीको मागको आधारमा पाठ्यक्रम निर्माण गरी मातृभाषामा शिक्षणको व्यवस्था मिलाउने ।

६ आर्थिक तथा सामाजिक रुपमा पछि परेका विद्यार्थीलाई छात्रावृत्तीमा प्राविधिक शिक्षाको व्यवस्था मिलाउने ।

## ३.१२ शिक्षामा सूचना प्रविधि

### वर्तमान अवस्था

विद्यालय तहमा सूचना प्रविधिको अवस्था निकै कमजोर छ । सियारीमा समुदायमा रहेका ११ वालविकास केन्द्र, सामुदायिक प्राथमिक १० विद्यालयमा सूचना प्रविधिसँग सम्वन्धित कम्युटर, प्रिन्टर, फोटोकपि मसिन, प्रोजेक्टर जस्ता सामग्रीहरुको जोहो हालसम्म गर्न सकिएको छैन । इन्टरनेटको पहुँचको कुरा त कहाँ छ कहाँ, अर्थात शुन्यमै छौं । वालविकास केन्द्रमा र प्राविमा भित्ते टिभी र फर्निसिङ्गको व्यवस्था गाउँपालिकाले गरेको छ । यो टेवल न ३.१२.१ टेवल न ३.१२.२ र टेवल न ३.१२.३ बाट विद्यालयको सवैभन्दा तल्लो इकाई तहमा सूचना प्रविधिको अवस्था प्रष्ट हुन्छ । मावि तहका ३ विद्यालयहरुमा आइसिटिको सुविधा उपलव्ध गराउन सकिएको छैन । ती विद्यालय भनेका नयाँ खुलेका स्तरीय रुपका विद्यालयहरु हुन् ।

टेवल न ३.१२.१

**समुदायमा रहेका वालविकास केन्द्रहरुमा सूचना प्रविधिको पहुँच, अवस्था र आवश्यकता विवरण २०७७**

| सि न | इमिस कोड नं. | समुदायमा रहेका वालविकास केन्द्रको नाम | भित्ते घडी | | भित्ते टिभि | | कम्प्यूटर संख्या | | प्रिन्टर संख्या | | फोटो कपि मेसिन | | प्रोजेक्टर | | इन्टरनेट | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छ | चाहिने | छ | चाहिने | चाहिने | थप चाहिने | चाहिने | थप चाहिने | चाहिने | थप चाहिने | छ | चाहिने | छ | चाहिने | |
| १ | 490030012 | ज्ञानज्योति वालविकास केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| २ | 490030013 | वुद्धज्योति वालविकास केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| ३ | 490030014 | विक्रम वालविकास केन्द्र भरथापुर | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| ४ | 490410012 | ज्योति वालविकास केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | 490280014 | रामजानकी वा. वि. केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| ६ | 490410013 | सरस्वती वा. वि. केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| ७ | 490410014 | चौधरीवावा वा.वि. केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| ८ | 490280015 | जनजागृती वा.वि. केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| ९ | 490280016 | सोहारत वा.वि. केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| १० | 490280017 | केकडमा हरिवम्स वा.वि. केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| ११ | 49030019 | जनभावना वा.वि. केन्द्र | १ | | १ | | √ | √ | | √ | | √ | | √ | | √ | |
| | | जम्मा | ११ | ० | ११ | ० | ० | ११ | ० | ११ | ० | ११ | ० | | ० | ११ | |

यो समुदायमा रहेका वालविकास केन्द्रमा करीव ३०० वालवालिकाहरु र १२ जना वालविकास शिक्षक कार्यरत रहेका छन् । सवै वालविकास केन्द्रमा भित्ते टिभि छन् । वसाइ व्यवस्थापन स्तरीय भएको छ भने कम्प्यूटरको अवस्था सून्य छ । यसमा सुधार गर्नुपर्ने अवस्था छ ।

**टेवल न ३.१२.२**

**प्राथमिक सामुदायिक र मदरसा विद्यालयमा सूचना प्रविधि सम्वन्धी अवस्था र आवश्यकता विवरण २०७७**

| सिन | इमिस कोड नं. | विद्यालयको नाम ठेगाना | सञ्चालित कक्षा | कम्प्यूटर संख्या | | | प्रिन्टर संख्या | | | फोटोकपि मेसिन | | | प्रोजेक्टर | | इन्टरनेटको पहुँच | | भित्ते टिभि | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | थप्नुपर्ने | छ | छैन | थप्नुपर्ने | छ | छैन | थप्नुपर्ने | छ | छैन | छ | छैन | छ | छैन | |
| १ | 490030015 | आकाश रवी प्रा.वि. | ०–५ | १ | | १ | १ | | १ | १ | | १ | | √ | | √ | १ | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | 490030001 | रामजानकी प्रा.वि. | ०–५ | १ | | १ | १ | | १ | १ | | १ | | √ | | √ | १ | | |
| ३ | 490170004 | जनज्योति प्रा.वि. | ०–५ | १ | | १ | १ | | १ | १ | | १ | √ | √ | | √ | १ | | |
| ४ | 490180001 | वालकल्याण प्रा.वि. | ०–५ | | √ | १ | | √ | १ | | | १ | | √ | | √ | १ | | |
| ५ | 490180002 | सिद्ध प्रा.वि. | ०–५ | | √ | १ | | √ | १ | | | १ | | √ | | √ | १ | | |
| ६ | 490410006 | भगदरी प्रा.वि. | ०–५ | | √ | १ | | √ | १ | | √ | १ | | √ | | √ | १ | | |
| ७ | 490410002 | नवदुर्गा प्रा.वि. | ०–५ | | √ | १ | | √ | १ | | √ | १ | | √ | | √ | १ | | |
| ८ | 490280004 | मदरसा वोरवा | ०–५ | | √ | १ | | √ | १ | | √ | १ | | √ | | √ | | | |
| ९ | 490410005 | मदरसा च्याङ्ठा | ०–३ | | √ | १ | | √ | १ | | √ | १ | | √ | | √ | | | |
| १० | 490180006 | मदरसा परसौनी | ०–५ | १ | | १ | | √ | १ | | | १ | | | | √ | | | |
| | | जम्मा | | | ० | १० | ३ | | १० | ३ | ० | १० | ० | ० | ० | ० | ७ | | |

स्रोत इमिस २०७७

माथिको यो टेवलवाट प्राथमिक तहमा सूचना प्रविधिको पक्ष कमजोर रहेको देखिन्छ । १० वटा प्रा.वि.मा जम्मा ३ विद्यालयमा मात्र एक एक वटा कम्प्यूटर छन् । सवै प्राविहरु सूचना प्रविधिमा पहुँच भएको हुनुपर्ने देखिन्छ ।

**टेवल न ३.१२.३.**
**निम्न माध्यमिक तथा आधारभूत विद्यालयमा सूचना प्रविधि सम्वन्धी अवस्था र आवश्यकता विवरण २०७७**

| सिन | इमिस कोड नं. | विद्यालयको नाम ठेगाना | सञ्चालित कक्षा | कम्प्यूटर संख्या | | | प्रिन्टर संख्या | | | फोटोकपि मेसिन | | | प्रोजेक्टर | | इन्टरनेट | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | आवश्यक | छ | छैन | आवश्यक | छ | छैन | आवश्यक | छ | छैन | छ | छैन | |
| १ | 490280006 | सरस्वती आ.वि. | ०–६ | | √ | २ | | √ | १ | | √ | १ | | √ | | √ | |
| २ | 490280003 | ज्ञानोदय आ.वि. | ०–६ | १ | | २ | १ | | १ | १ | | १ | | √ | | √ | |
| ३ | 490030010 | विवेकशील | ०–८ | १ | | २ | | √ | १ | | √ | १ | | √ | | √ | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.वि. | | | | | | | | | | | | | | | |
| ४ | 490030011 | त्रिवेणी आ.वि. | ०–८ | ८ | | | १ | | १ | | √ | १ | | √ | | √ | |
| ५ | 490170002 | जनता आ.वि. | ०–८ | ६ | | | १ | | १ | १ | | १ | √ | | | √ | |
| ६ | 490180004 | छपिया आ.वि. | ०–८ | | | २ | १ | | १ | | √ | १ | | √ | | √ | |
| ७ | 490280002 | जनज्योती आ.वि. | ०–८ | | √ | २ | | √ | १ | | √ | १ | | √ | | √ | |
| ८ | 490410003 | कोटही आ.वि. | ०–८ | ५ | | | १ | | १ | १ | | १ | | √ | | √ | |
| | | जम्मा | | २२ | | १० | ५ | | ८ | ३ | | ८ | | | | | |

## तालिका नं. ३.१२.४
## माध्यमिक विद्यालयमा सूचना प्रविधि सम्वन्धी अवस्था र आवश्यकता विवरण २०७७

| सि न | इमिस कोड नं. | विद्यालयको नाम ठेगाना | सञ्चालित कक्षा | कम्प्युटर संख्या | | | प्रिन्टर संख्या | | | फोटो कपि मेसिन | | | प्रोजेक्टर | | | स्मार्ट टिभि वितरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | हाल भएको | छैन | थप्नु पर्ने | हाल भएको | छैन | थप्नु पर्ने | हाल भएको | छैन | थप्नु पर्ने संख्या | छ | छैन | थप्नु पर्ने संख्या | छैन | |
| १ | 490030004 | दुर्गादेवी मावि | ०-१० | ५ | | १ | १ | | १ | १ | | १ | | √ | १ | √ | |
| २ | 490030005 | जनता मावि | ०-१२ | २० | | | ३ | | १ | ३ | | | ३ | √ | | √ | |
| ३ | 490030003 | समइमाई मावि | ०-१० | १५ | | | २ | | | १ | | १ | १ | | १ | √ | |
| ४ | 490030002 | सिद्धार्थ मावि | ०-१२ | ३० | | | २ | | | १ | | १ | ३ | | | √ | |
| ५ | 490170001 | चिल्हीया मावि | ०-१२ | १२ | | | १ | | १ | १ | | १ | १ | | १ | √ | |
| ६ | 490180005 | वीरेन्द्र मावि | ०-१० | ३ | | ३ | १ | | १ | १ | | २ | | √ | २ | √ | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | 490180007 | पब्लिक नमूना मावि | ०-१२ | २४ | | | २ | | | ४ | | | ३ | √ | | √ | |
| ८ | 490280001 | जंगहत्या मावि | ०-१० | ३ | | ३ | २ | | | १ | | १ | | √ | २ | √ | |
| ९ | 490410004 | गणसारी मावि | ०-१० | १२ | | | १ | | १ | १ | | १ | १ | | १ | √ | |
| १० | 490410001 | मैनहिया मावि | ०-१२ | ३० | | | १ | | १ | १ | | १ | २ | | | √ | |
| | | जम्मा | | | | ७ | | | ६ | | | ९ | | | ८ | | |

यसरी माथिका ४ वटा टेवललाई चार तहका वालविकास, प्रावि र निमाविमा सियारीका विद्यालयहरुमा सूचना प्रविधि सम्वन्धी विश्लेषण गर्दा इन्टरनेट, एक एक वटा कम्प्यूटर र एक एक वटा प्रिन्टर फोटोकपि मेसिनको उपलव्ध गराउन सकेको खण्डमा सूचना प्रविधिको पहुँच ग्रामिण तहका विद्यालयमा पुगेको मान्न सकिने अवस्था रहन्छ । अहिलेसम्म नेपाल सरकारले सवै सामुदायिक माविहरुमा इसिटि योजना भनि रहदा तल्ला तह कमजोर भएकाले माथिको स्तर सुधार गर्न तल्लो तहमा सूचना प्रविधिसंग सम्वन्धी सामग्री र इन्टरनेटको पहुँच अनिवार्य र सस्तो वनाउने तर्फ सङ्घिय सरकारको ध्यान केन्द्रित गर्नेतर्फ सवै लाग्नु पर्ने हुन्छ । यसरी हेर्दा आवश्यकताको विवरण यस प्रकार पाइयो ।

**शिक्षामा सूचना प्रविधि सम्वन्धी कार्यक्रमहरु**

१ सियारी गाउँपालिकाका सवै २८ विद्यालयमा इन्टरनेट सुविधा विस्तार गरि विद्यार्थी सङ्ख्याको आधारमा कम्प्यूटर, एलसिडी, प्रोजेक्टर, टेलीभिजन, डिजिटल ह्वाइट वोर्ड सहितको कम्यूटर प्रयोगशालाको व्यवस्था मिलाइनेछ ।

२ प्रत्येक विद्यालयमा क्रमस इ-पुस्तकालय स्थापना र प्रयोग गरिनेछ ।

३ कोभिड १९ को प्रभाव जस्ता विपत्तीमा भर्चुअल तथा जुम कक्षा अनलाइन सञ्चालन कार्यक्रम गरिनेछ ।

४ स्मार्ट मोवाइल फोनमा आधारित शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनेछ ।

५ सवै वालविकास केन्द्रका शिक्षकहरु र विद्यालयका शिक्षकहरुलाई सूचना प्रविधिको तालिमको व्यवस्था मिलाइनेछ ।

## ३.१३ शिक्षामा कमजोर वर्गको पहुँचः समावेशी शिक्षा

नेपालको संविधान २०७२ को धारा ३१ ले दिएको शिक्षा सम्वन्धि हक अन्तर्गत सवै नागरिकले शिक्षा पाउने हकको व्यवस्था गरेको छ । शिक्षा प्राप्त गर्ने वालवालिकाको नैसर्गिक अधिकार हो । प्रारम्भिक अवस्था देखि सिकाईका अवसरहरु मार्फत विद्यालय शिक्षाका लागि

सफलताको जग वसाल्न नेपाल सरकारले हरपल प्रयत्न गरे वमोजिम यस सियारी गाउँपालिकाले समेत स्थानीय रुपमा पहल गर्दै आएको छ।

हरेक वर्ष आफ्नो गाउँपालिकाभित्र रहेका वालवालिकालाई विद्यालयमा ल्याई विविध सेवा सुविधा उपलब्ध गराउँदै अध्ययन कार्यमा समावेश गर्न खोजीरहे पनि आर्थिक, सामाजिक परिस्थिति, लैंगिक पक्ष र शारिरीक कमजोरीका कारण सवैमा समान पहुँच पुग्न सकिरहेको छैन। शिक्षामा न्यून गुणस्तर र असमान पहुँच एवं आर्थिक, सामाजिक तथा जातिय भिन्नता आदि समस्याका कारण गरिवी, सामाजिक वहिस्कारका कारण, वसाईसराई, वालश्रम, सामाजिक मूल्यमान्यता, लैंगिक भेदभाव आदिका कारण सवै वालवालिकालाई विद्यालयमा भर्ना गराई नियमित रुपमा उपस्थिति गराउन सकिई रहेको छैन।

**चुनौतीहरु**

१. ५ देखि १२ वर्ष सम्मका वालवालिकाहरु अझै ८ प्रतिशत विद्यालय वाहिर हुनु।
२. हरेक कक्षाका १० देखि १५ प्रतिशत विद्यार्थीहरु मात्र कक्षा उत्तीर्ण हुन सफल भएका छन्।
३. वालविकास देखि अधिकांश विद्यार्थीहरुको उपस्थिति दर ७५ प्रतिशत भन्दा कम देखिन्छ।
४. लैंगिक र आर्थिक अवस्थाका कारण शिक्षामा असमानता व्याप्त रहेको छ।
५. निकै कम विद्यालयहरु वालमैत्री छन्।
६. केही विद्यालयहरु मात्र भुकम्प प्रतिरोधी छन्।
७. विपत व्यावस्थापन सम्वन्धि व्यवस्थापन गर्ने सिप र भौतिक संरचनाहरु तथा मानव संसाधनको व्यवस्था भएको पाईदैन।
८. प्रयाप्त छात्रवृत्ति, शिक्षण सामग्री, आवाशीय व्यवस्था र अन्य आवश्यक सामग्रीहरु व्यवस्थापन गर्न नसकिएको कारण कमजोर अवस्थाका वालवालिकाहरुलाई विद्यालयमा टिकाईराख्न सकिएको छैन।
९. सामाजिक विभेद सम्वन्धि सचेतना कार्यक्रम संचालन निकै कम मात्रामा गरिएको छ।
१०. परिस्थितिजन्य समस्यामा परेका अभिभावकहरूमा सान्त्वना कार्यक्रम, उत्प्रेरणामूलक कार्यक्रम, सहजीकरण कार्यक्रमहरु स्थानीय रुपमा संचालन गर्न न्यून भुमिका रहेको छ।
११. सामाजिक अभियन्ता NGO INGO को प्रयाप्त पहुँच देखिएको छैन।
१२. शारिरीक, आर्थिक र राजनैतिक प्रभावका कारण सवै वर्गमा समान अवसर प्रदान भएको पाईदैन।
१३. वर्गिय, जातिय, लैंगिक विभेदिकरण, वालविवाह, वालश्रम आदि जस्ता कारणले कमजोर अवस्था भएका वालवालिकाहरुको यथेष्ट पहुँच विद्यालय तहको आधारभूत तह र माध्यमिक तहसम्म पुग्न सकिरहेको छैन।
१४. विद्यालयमा उपस्थित हुन नसक्ने वर्गलाई आवास वा वैकल्पिक शिक्षाको व्यवस्था गर्नुपर्ने।

### १३.३.१ शिक्षामा कमजोर वर्गको पहुँचः समावेशी शिक्षाका रणनीति, कार्यनीति र कार्यक्रमहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १ पहुँच र वालमैत्री शिक्षा। | १ गाउँपालिका स्तरिय नीति तथा कार्यक्रम वनाई विद्यालय वाहिर रहेका वालवालिकाहरुको स्पष्ट पहिचान गर्ने।<br>२. पहिचानको आधारमा अवस्था अध्ययन गरि विद्यालयमा भर्ना गर्ने।<br>३. शिक्षामा रहेको उत्तीर्ण दरलाई वृद्धि गर्न गुणस्तरिय शिक्षा तर्फ उन्मुख हुने।<br>४. विद्यार्थी नियमित उपस्थिति गराउने विभिन्न प्रकारका उत्प्रेरणामूलक कार्यक्रम संचालन गर्ने।<br>५. लैङ्गिक एवं शारिरीक रुपमा कमजोर भएका अभिभावकलाई सहजीकरण गर्दै सचेतनामूलक कार्यक्रम संचालन गर्ने।<br>६. विद्यालयहरु अपांगमैत्री तथा वालमैत्री वनाउने।<br>७. सवै विद्यालयहरुलाई भुकम्प प्रतिरोधात्मक वनाउने।<br>८. विद्यालयसँग सरोकार राख्ने अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारीहरुलाई समय समयमा विपदवाट जोगिने तालिमहरु दिने।<br>९. उल्लेख्य मात्रामा छात्रवृत्तिको व्यवस्था, आवासीय भवन र जोखिम एवं कमजोर अवस्थाका वालवालिकाहरुलाई पोशाक, शैक्षिक सामग्री र सुरक्षाको प्रत्याभुति गराई अध्ययन गर्ने वातावरण मिलाउने।<br>१०. सामाजिक विभेद कम गर्ने खालका सचेतिकरण कार्यक्रम गर्ने।<br>११. शैक्षिक आकस्मिक कोषको व्यवस्था गरी परिस्थितिजन्य समस्याको समाधान गर्ने वातावरण मिलाउने।<br>१२. सामाजिक संजाल र संचारका विभिन्न संघसंस्था मार्फत शैक्षिक पहुँच विद्यालयहरुसम्म पुर्याउन सहकार्य गर्ने।<br>१३. सामाजिक, राजनैतिक एवं समाजमा रहेका विभेदपूर्ण व्यवहारलाई निरुत्साहित गर्दै समान अवसर प्रदान गर्ने।<br>१४. वालश्रम, वालविवाह, लैंगिक विभेद जस्ता क्रियाकलापमा संलग्न सदस्यहरु लाई सचेतना एवं नीतिगत व्यवस्थापन गर्ने प्रक्रिया अपनाउने।<br>१५. विविध कारणले माध्यमिक तहसम्म अध्ययन नगर्ने किशोर किशोरीहरुलाई विद्यालय प्रति आकर्षित गर्ने कार्यक्रम संचालन गर्ने।<br>१६. समावेशी शिक्षा प्रणालीमा जोड दिने। |

**समावेशी शिक्षाका शैक्षिक कार्यक्रमहरु**

१ विशेष शिक्षा स्रोत कक्षामा दृष्टिविहिन वालवालिकाहरुको पठनपाठनको लागि व्रेललिपिको माध्यमवाट व्यवस्था गरिनेछ।

२ सियारी गाउँपालिकामा एउटा मात्र विशेष शिक्षा स्रोत कक्षा भएकाले यसको स्तरोन्नति गराइनेछ।

३ दृष्टिविहिन वालवालिकाहरुको लागि आवासीय छात्रवृत्तीको व्यवस्था मिलाइनेछ।

४ अति विपन्न वर्गको पहिचान गरि तिनका वालवालिकालाई विद्यालयमा पठनपाठन गर्ने अवसर प्रदान गरिनेछ।

५ कुन कुन र कसकसलाई छात्रवृत्ती र विशेष छात्रवृत्तीको आवश्यकता पर्ने हो विशिष्ठिकृत गरी पहिचान गरिनेछ।

६ विद्यालय भर्ना भएर छाड्ने, नियमित उपस्थिति नहुने वालवालिकाहरु आर्थिक हिसावले अति विपन्न परिवारका भएका हुँदा विद्यार्थीका परिवारलाई कोट्र्याकिङ्ग गरि अभिभावक शिक्षा र आय आर्जनको अवसर प्रदान गरिनेछ।

७ विपन्न लक्षित छात्रवृत्तिमा विपन्न वर्गको पहुँच वढाइनेछ।

८ समावेशी शिक्षा प्रणालीमा जोड दिइनेछ।

९ विविध कारणले माध्यमिक तहसम्म अध्ययन नगर्ने किशोर किशोरीहरुलाई विद्यालय प्रति आकर्षित गरिनेछ।

## परिच्छेद : चार
## संस्थागत संरचना र क्षमता विकास
## (प्रदेश र संघिय तहसँगको अन्तरसम्बन्ध)

### ४.१ परिचय

वर्तमान संविधानमा आधारभूत तथा माध्यमिक शिक्षा सहितको शैक्षिक व्यवस्थापनको महत्वपूर्ण कार्य स्थानीय तहको अधिकार क्षेत्रभित्र छ। नेपालको सन्दर्भमा संघिय शासन भन्नाले एउटै जनता एउटै भूगोल र एउटै हैसियतका तीन वटा सरकार सञ्चालन गरिने पध्दति हो। नेपालको संविधानले व्यवस्था गरे अनुरुप तीन तहका सरकार गठन भई कार्य सञ्चालन प्रारम्भ भईसकेको अवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुरुपका शिक्षाका कार्यहरु सञ्चालन गर्नका लागि स्थानीय तहको आकार र भौगोलिक तथा जनसांख्यिक स्वरूप, विद्यालय, विद्यार्थी तथा शिक्षक संख्या समेतका आधारमा सिर्जना हुने कार्यबोझ र सेवा प्रवाहको सुगमता समेतलाई दृष्टिगत गरी स्थानीय तहमा शिक्षाको संरचना तथा जनशक्ति व्यवस्थापन गर्नुपर्ने हुन्छ। शिक्षाको कार्यको विषयमा संघिय निकाय, प्रदेश र स्थानीय तहका बीच केही समय द्वन्द्वको अवस्था हुन सक्ला तर अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि तीनै तहका सरकार जिम्मेवार र साझेदार बन्नुपर्ने अवस्था छ। मूलतः शिक्षक कुन तहको सरकारको जनशक्ति हुने र त्यसको

व्यवस्थापन कसले गर्ने भन्ने कुराले शैक्षिक निकायका धेरै कार्य र संरचना निर्धारण गर्दछ । चाहे संरचना संघ, प्रदेश वा स्थानीयको होस्, त्यो कार्यमूलक र जिम्मेवारीयुक्त हुनु पर्दछ । संघ देखि स्थानीय तहसम्म समान प्रकृतिका संरचना समान कार्यका लागि खडा गर्नुभन्दा कुनै एक तहमा जहाँबाट वास्ताविक सेवा प्रवाह हुने हो, त्यही तहको संरचनालाई सहकार्यात्मक समन्वयको आधारमा अर्को तहको समान प्रकृतिको कार्य जिम्मेवारी प्रदान गर्नु उपयुक्त हुन्छ ।

नेपालको संविधानद्वारा प्रदत्त अधिकार र क्षेत्रगत कार्यव्यवस्थापनलाई स्थानीय सरकार मातहत व्यवस्थापन गर्ने गरी स्थानीय सरकार ऐन २०७४ मा आधारभूत तथा माध्यमिक शिक्षा क्षेत्रमा स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार निर्धारण गरिएको छ । संघिय स्वरूपमा तीन तहमा प्रवाह गरिने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । कतिपय स्थानीय सरकार सांगठनिक रुपमा पुनरसंरचनाको समयमा भएका र रिक्त पदपूर्ति गरी जनशक्ति व्यवस्थापनवाट सेवा प्रवाहमा प्रभावकारिता ल्याइरहेको अवस्था छ । माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय सरकार मातहत भएको सन्दर्भमा केन्द्र देखि स्थानीय तहसम्म शिक्षाको समग्र व्यवस्थापनको पुनर्संरचना आवश्यक देखिएको छ ।

### ४.२ वर्तमान अवस्था

गाउँपालिकामा मात्र शिक्षाको उपस्थिति देखिन्छ तर यो उपस्थिति वडातहमा छैन केवल विद्यालयहरु मात्र छन् । भौगोलिकता, जनसङ्ख्या, विद्यालय शिक्षक र विद्यार्थी सङ्ख्याको आधारमा सेवा प्रवाह गरिनु उपयुक्त हुन्छ । आधारमा जनशक्तिको पुनसंरचना गरिनु पर्छ । शिक्षा युवा तथा खेलकूद शाखाको नामले नै प्रष्ट हुन्छ के के काम गर्ने । सियारी गाउँपालिका रुपन्देहीको शिक्षा तर्फको जनशक्ति यस प्रकार रहेको छ ।

| विवरण | जनशक्ति | सङ्ख्या |
|---|---|---|
| सियारी गाउँपालिकामा शिक्षा युवा तथा खेलकूद शाखामा कार्यरत कर्मचारी नेपाल शिक्षा सेवा | १. शाखा अधिकृत आठौं तह १<br>२. प्राविधिक सहायक पाँचौ तह १ | २ |
| सामुदायिक, संस्थागत र धार्मिक समेत विद्यालयमा कार्यरत शिक्षक | १. आधारभूत शिक्षक म १९३, पु १४९ जम्मा ३४२<br>२. मावि शिक्षक म १३, पु ६७ जम्मा ८० | ४२२ |
| विद्यालय सङ्ख्या | १. आधारभूत विद्यालय २८<br>२. माध्यमिक विद्यालय १६<br>३. सामुदायिक सिकाइ केन्द्र ४ | ४८ |

| | | |
|---|---|---|
| विद्यार्थी विवरण | १. आधारभूत तहमा ९९५६<br>२. माध्यमिक विद्यालय २७६२ | १२७१८ |

यसरी हेर्दा शिक्षा शाखाको २ जना जनशक्तिको मातहतमा ४२२ जना शिक्षक, ४७ विद्यालय र १२७१८ वालवालिकाहरु रहेका छन् । यो कामको हिसावले उठाउनै नसकिने भारी जस्तो छ । शिक्षाको जिम्मेवारी माध्यमिक तहसम्म स्थानीय निकायलाई हस्तान्तरण गरे पनि शिक्षासँग सम्वन्धित सवै काम शाखाको २ जनशक्तिले नै गर्ने हो । विद्यालयमा हेर्दा पनि अत्यन्त दुःखद अवस्था छ । दरवन्दीमा शिक्षक छैनन् । नीजि शिक्षक छन् तिनीहरुको पारिश्रमिक गाउँपालिकाले सिमित रकम दिन्छ त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने चिन्ता प्रअलाई छ । विद्यालयमा अभाव वाहेक केही छैन । स्रोत साधन सिमित छ तर सवैभन्दा सहज र कम खर्चमा शिक्षाको काम सम्पन्न भएको अवस्था छ ।

## ४.३ प्रमुख समस्या र चुनौतीहरु

- शिक्षाको काम र जिम्मेवारी असिमित छ जुन काम देख्यो त्यही गर्नुपर्ने अवस्था छ ।
- स्रोत साधनको अत्यन्त न्यूनता छ ।
- साविकको जिल्ला शिक्षा कार्यालयले गर्नुपर्ने सवै काम शिक्षा शाखाका २ जना कर्मचारीले गर्नुपर्ने अवस्था छ ।
- विद्यालय निरीक्षण र अनुगमनको काम नियमित हुनसकेको छैन ।
- शिक्षकहरुको का.स.मू.को काम गाउँपालिकामा नटुंगिएर इकाइमा पुर्याउनुपर्ने अवस्था छ ।
- विद्यालयको पुनरसम्रचना नभएको धेरै भैसक्यो ।
- प्र.अ.को चयन कानूनतः वमोजिम चयन हुन सकेको छैन जसको कारण पठनपाठनको नतिजा कमजोर आयो ।
- प्र.अ. र शिक्षकहरुको पेशागत क्षमता विकास गर्न सकिएको छैन ।
- एक शिक्षकले कति विद्यार्थी पढाउने यसको कुनै लेखाजोखा छैन ।
- सामुदायिक सिकाइ केन्द्रको परिचालन गर्न सकिएको छैन । कार्यक्रम र योजनाहरु नै छैन गाउँपालिकाको शिक्षा शाखासँग, कसरी हुनु ।
- शिक्षक कस्का हुन गाउँपालिकाका कि, शिक्षा विकास समन्वय इकाइका कि, प्रदेशका कि, जवाफ छैन को प्रति उत्तरदायी हुने हो थाहा छैन ।
- शिक्षकको नियुक्ति ,पदस्थापना, सरुवा र निवृत्तिभरणको काम अत्यन्त जटिल भएको छ ।
- शिक्षकको तलवी प्रतिवेदन पास गर्न र निवृत्तिभरण पेन्सन लिन अझै काठमाण्डौ धाउनुपर्ने बाध्यता छ ।

## ४.४ संस्थागत संरचना र क्षमता विकास कार्यक्रमहरु

१ प्र.अ.हरुको विज्ञापन गरि योग्यता र नेतृत्व क्षमता भएका शिक्षकलाई चयन गर्ने ।

२ मा.वि. तहमा १ प्रधानाध्यापक र २ सहायक प्र.अ.को व्यवस्थापन गरि एक जना सहायक प्र.अ.ले आधारभूत तह र एक जनाले मा.वि. तहको गुणस्तर विकासको जिम्मेवारी र पेशागत तालिमको प्रवन्ध गर्नुपर्ने ।

३ विषयगत शिक्षकहरुको क्षमता विकासको लागि अवलोकन भ्रमण ।

४ शिक्षा शाखाको जनशक्ति थप गरि एक जना कम्प्यूटरको काम गर्ने कर्मचारी ।

५ शिक्षा युवा तथा खेलकूद शाखाको काम हेर्न कार्यालय सहयोगी आवश्यकता रहेको ।

६ शिक्षा शाखाका कर्मचारीहरुको क्षमता विकास तालिम ।

७ विद्यालय कर्मचारी, सहायक कर्मचारी र सहयोगी कर्मचारीको पेशागत क्षमता विकास सम्वन्धी जस्तै सरसफाइ, कार्यालय सञ्चालन. दर्ता चलानी, लेखापाल आदिको व्यवस्था ।

८ विद्यालयय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास ।

९ सामुदायिक सिकाइ केन्द्रका कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास ।

१० वालविकास केन्द्र र शिक्षकको क्षमता विकास गर्ने ।

११ शिक्षाको भौतिक संरचना विकास गर्ने ।

१२ शिक्षकहरुको अभिलेखिकरणलाई व्यवस्थित गर्नुपर्ने ।

# परिच्छेद: पाँच

# लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३१(२) ले नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक हुनेछ भनी व्यवस्था गरिसकेको अवस्थामा शिक्षाको वजेटले यसमा लगानी वढाउनु पर्ने अवस्था छ । शिक्षाका वजेटहरुमा पनि अनिवार्य र निःशुल्क शिक्षालाई समेट्न सक्ने कार्यक्रमहरु गर्न सकिएको छैन । केन्द्रले पठाएको रकम विद्यालयलाई हस्तान्तरण गर्ने काम बाहेक स्थानीय तहले शिक्षामा केही गर्न नसक्ने अवस्था सृजना भएको छ । स्वायत्त भएर कार्यक्रमहरुमा खर्च गर्ने अधिकार छैन । शिक्षा बजेटले संविधानको मर्म अनुरूप "शिक्षाको विकेन्द्रीकरण र स्वायत्तता" समेट्न सकिएको छैन । अन्तर्राष्ट्रिय सभा सम्मेलनमा शिक्षामा कि राष्ट्रिय बजेटको २० प्रतिशत कि

कूल ग्राहस्थ्य उत्पादनको ६ प्रतिशत लगानी गर्छु भनी जनाएको प्रतिवद्धता कार्यान्वयन गर्ने तर्फ खासै तयारीहरु देखिदैन र यसमा अर्थ मन्त्रालयसँग डिल गर्ने हैसियत हाम्रो शिक्षा मन्त्रालयको विकास गरिनु पर्छ । केन्द्र, प्रदेश सरकार र स्थानीय तह तीनै तहले कूल बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्नुपर्ने तर्फ सवैको पहल हुनु जरुरी छ ।

## ५.२ वर्तमान अवस्था

नेपाल सरकारको २०७७।७८ को वजेटको अध्ययन गर्ने हो भने सामाजिक क्षेत्र अन्तरगत शिक्षाको वजेट प्रतिशत ११.६४ मात्र रहेको छ । आ.व. २०६७/६८ मा सवैभन्दा धेँरै १७.११ प्रतिशत विनियोजन भएकोमा त्यसपछिका वजेटमा ओरालो लाग्ने क्रम २०७४/७५ सम्म रहिरह्यो । २०७४/७५ को शिक्षाको वजेट ९.९१% थियो भने सियारी गाउँपालिकाको शिक्षामा विनियोजन गरेको वजेट पनि अहिलेसम्मका वजेटहरुमा सवैभन्दा कम वजेट रहेको थियो । त्यसपछि २०७५/७६ मा १०.२३ र २०७६/७७ मा १०.६९ प्रतिशत वजेट विनियोजन भएको छ । रुपन्देही जिल्लाको सियारी गाउँपालिकाले पहिलो पटक स्थानीय निकायको वजेट सार्वजनिक गर्ने क्रममा शिक्षा तर्फ आ.व. २०७४।७५ मा रु ७२ लाख रुपैयाँ विनियोजन गरेको पाइन्छ जुन वजेटको ४% हुन्छ । त्यसपछि २०७५/७६ मा रु २ करोड र २०७६/७७ मा १ करोड ८४ लाख र २०७७/७८ मा सियारी गाउँपालिकावाट आन्तरिक स्रोतवाट रु २१ करोड ७६ लाख ७९ हजार वजेट प्रस्तुत भएकोमा शिक्षामा १ करोड ५९ लाख विनियोजन भएको थियो, जुन ७.३ प्रतिशत हुन आउँछ । धेरै स्थानीय तहले पनि १० प्रतिशत भन्दा कम रकम विनियोजन गरेको अवस्था छ । त्यस्तै चालु आ.व. २०७७।७८ मा लुम्विनी प्रदेशको सियारी गाउँपालिकामा कूल रु ४ करोड १३ लाख १२ हजार विनियोजन गरि निकासा गरेको मध्ये शिक्षामा विनियोजित रकम रु ७० लाख रहेको छ । यसरी प्रदेश सरकारको शिक्षामा योगदान भने अत्यन्त न्यून रहेको छ । वजेटको तुलना यसलाई टेवल नं. १ वाट देखाउन सकिन्छ ।

टेवल नं. १

आव २०७७/७८ को शिक्षामा विनियोजन गरिएको तुलनात्मक वजेट विवरण

| विवरण | केन्द्र सरकारको बजेट | प्रदेश सरकारको सियारी गाउँपालिकामा विनियोजित वजेट | सियारी गाउँपालिकाको वजेट |
|---|---|---|---|
| कूल बजेट | १४७४६४५४ | ४१३१२००० | २१७६७९००० |
| कूल शिक्षा बजेट | १७१७१२२ | ७०००००० | १५९००००० |
| शिक्षा बजेट प्रतिशत | ११.४६ | | ७.३ |

*स्रोत : ग□उँविक□स योजन□आ.व. २०७७/७८ सिय□री ग□उँप□लिक□,□हनैय□।*

संघिय सरकारले आ.व.२०७७।७८ मा कूल वजेटको केन्द्रमा ७५ प्रतिशत राख्ने गरेको र प्रदेश सरकारलाई सवैभन्दा कम स्रोत विनियोजन गरेको देखिन्छ।

यसलाई टेवल नं. २ मा देखाइएको छ।

| टेवल नं. २ | | | | |
|---|---|---|---|---|
| सरकार | कूल बजेट | प्रतिशत | शिक्षा बजेट | प्रतिशत |
| संघ | ११११२०१४१ | ७५.४१ | ५५८६८९ | ३२.५४ |
| प्रदेश | ९९८७३७ | ६.७७ | ५०९८९ | २.९७ |
| स्थानीय | २६२७५७६ | १७.८२ | ११०७४४४ | ६४.४९ |
| जम्मा | १४७४६४५४ | १०० | १७१७१२२ | १०० |

## ५.३ उद्देश्य

- योजना अवधिमा सियारी गाउँपालिकाको लागि आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- योजना कार्यान्वयनको लागि वित्तिय अनुमान गर्नु ।
- शिक्षामा क्रमशः लगानी वढाउँदै गाउँपालिकाले २० प्रतिशत पुर्याउनु।
- शिक्षाको लगानीमा तीनै तहको योगदान ७०%, १०% र २०% का दरले स्रोत अनुमान गर्नु।

## ५.४ स्रोत अनुमान र विश्लेषण

**बजेट रू. हजारमा**

| पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो | चौथो | पाचौँ | पहिलो ५ वर्षको प्रस्तावित रकम रु हजारमा | दोस्रो ५ वर्षको प्रस्तावित रकम | १० वर्षे योजनाको प्रस्तावित रकम |
|---|---|---|---|---|---|---|---|
| १७४१४४ | २१७५२३ | २७८०५६ | २६८४७६ | १९१६५१ | ११२९८५० | १०८९१३५ | २१९८३३५ |

| क्रस | वित्तिय स्रोत व्यवस्थापन | कूल वजेट (रू हजारमा) | जम्मा हिस्सा प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | संघिय सरकार | १५३८८३५ | ७०% | |
| २ | लुम्विनी प्रदेश सरकार | २१९८३४ | १०% | |
| ३ | सियारी गाउँपालिका | ३२९७५० | १५% | |
| ४ | जनसहभागिता | १०९९१६ | ५% | |
| | जम्मा | २१९८३३५ | १००% | |

### ५.६ अपेक्षित उपलव्धीहरु

शिक्षाको गुणस्तर कायम गर्न माथि प्रस्तावित कार्यक्रमहरुको कार्यान्वयन गर्न आर्थिक, भौतिक तथा मानवस्रोत व्यवस्थापनको जरुरत पर्दछ । विभिन्न स्रोतहरुको व्यवस्थापनका लागि गाउँपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ भने शिक्षा शाखा र शिक्षा समितिले त्यसको अनुगमन गर्नेछ। गाउँपालिका, प्रदेश सरकार र केन्द्रीय सरकारबाट शिक्षामा हुने लागानी २०:२०:२० प्रतिशत हुने अपेक्षा गरिएको छ भने गाउँपालिकावाट प्राप्त हुने आर्थिक स्रोतहरुलाई शिक्षा योजनाको प्राथमिकता अनुसार उपयोग गरिनेछ । स्थानीय समुदायहरुको लागत साझेदारी र सहभागितालाई व्यवस्थित रुपमा प्रोत्साहन गरिनेछ। यो दश वर्षे योजना कार्यान्वयनको लागि लाग्ने लगानी स्रोत व्यवस्थापन र वित्त व्यवस्थापन नेपाल सरकार ,लुम्विनी प्रदेश सरकार, सियारी गाउँपालिका र विकास साझेदारहरुबाट , प्राप्त हुने अपेक्षा गरिएको छ भने व्यक्ति, समुदाय र अभिभावकहरूलाई स्वेच्छिक रूपमा शिक्षाको विकासका लागि स्रोत व्यवस्थापन र वित्तीय योगदान गर्न प्रोत्साहित गरिनेछ।

## परिच्छेद: छ
## कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय र सहजीकरण

### ६.१ कार्यान्वयन

हरेक वर्ष आ.व. समाप्त पछि गाउँ कार्यपालिकावाट स्वीकृत गरि लागू गरेपछि क्रमशः कार्यान्वयन गरिनेछ।

### ६.२ अनुगमन तथा मूल्यांकन

### ६.२.१ वर्तमान अवस्था

देश संघिय संरचनामा प्रवेश गरेपछि शिक्षाको जनशक्ति केन्द्र, प्रदेश र स्थानीय तहमा खटाइयो । शिक्षाको सङ्गठन संरचना गर्दा विद्यालयको सङ्ख्या, शिक्षक सङ्ख्या, अनुगमन, निरीक्षण, मूल्याङ्न जस्ता पक्षलाई नहेरी गाउँपालिकामा २ जनशक्ति, नगरपालिकामा ३ जनशक्ति र उपमहानगरपालिकामा ५ जनशक्ति निर्धारण गरियो जुन अझै वैज्ञानिक देखिदैन। यसलाई पुनरसंरचना गरिनु पर्ने देखिन्छ। शिक्षाको १ कर्मचारीले कति विद्यालयको अनुगमन निरीक्षण गर्ने हो यसमा एउटा निश्चित योजना छैन । अनुगमन र निरीक्षणको जिम्मेवारी शिक्षा अधिकृतलाई दिइए पनि शिक्षाको अफिसियल काम गर्दै ठिक्क छ। अनुगमन गर्ने थप जनशक्तिको अभाव छ। अन्य सेवाका जनशक्तिलाई शिक्षा क्षेत्रको विषयवस्तुको थोरै पनि ज्ञान छैन भने शिक्षाको जनशक्तिले धेरैतिर समन्वय र सहजीकरण गर्नुपर्ने अवस्था छ। संघिय तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय निकायमा वनाएको अनुगमन समितिमा विषयगत शाखाको प्रतिनिधित्व हुँदैन र प्रशासन सेवामा मात्र समेटिएको अवस्था छ। यो समितिले विद्यालयहरुमा अनुगमन गर्दैन, आवधिक योजनाहरु मात्र अनुगमन गर्छ। शिक्षाको अनुगमनको लागि अलग्गै संयन्त्रको आवश्यकता देखिएको छ।

### ६.२.१ प्रमुख समस्याहरु

१. स्रोत व्यक्ति र स्रोतकेन्द्रको खारेज
२. अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी प्रष्ट नभएको
३. गाउँपालिकामा शिक्षाको २ जना जनशक्तिले ठूलो कामको वोझ वोक्नु परेको छ।
४. शिक्षकहरुको का.स.मू. को काम गाउँपालिका मै टुङ्ग्याउनु पर्नेमा शिक्षा विकास तथा समन्वय एकाइसम्म पुग्नु पर्ने झन्झट कायमै छ।
५. विद्यालय व्यवस्थापन समिति र प्रअले आफ्नो विद्यालयका शिक्षकहरुको अनुगमन गर्ने सामर्थ्य र क्षमता नै राख्दैनन् , भएपनि गरेको कम पाइन्छ।
६. शिक्षकहरुको व्यक्तिगत फाइल र सो सम्वन्धी अभिलेखिकरण अझै गाउँपालिकामा हस्तान्तरण भएको छैन र व्यवस्थित गर्न सकिएको छैन।
७. अनुगमन मूल्याङ्कनलाई कक्षा कोठामा केन्द्रित गर्नु त कता हो कता विद्यालयमा समेत केन्द्रित गर्न सकिएको छैन।
८. अनुगमनको लागि साधन, स्रोत र जनशक्तिको अभाव छ।

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १ सूचना प्रविधिमैत्री अनुगमन प्रणाली। | १ विद्यालयहरुमा सूचना प्रविधिको विकास गरि इमेल, फोन र सामाजिक सञ्जाल आदि अप्रत्यक्ष रुपमा पनि अनुगमन गरिनेछ।<br>२ विद्यालयहरुको विवरणहरु अनलाइन प्रणालीवाट अभिलेखहरु हेरी प्रमाणिकरण इमिस मार्फत पनि विद्यालयका सूचक तथा अभिलेखहरु भिडाएर पनि अनुगमन गरिनेछ।<br>३ शिक्षक पाठयोजना डायरीको विकास गरि शिक्षकहरुको डायरीको अवलोकनवाट पनि अनुगमन गरिनेछ।<br>४ प्रअको दैनिक कार्यको डायरीको आधारमा प्रअको कासमूलाई केन्द्रित गरिनेछ।<br>५ विद्यालयको गतिविधिको वारेमा वालवालिकाहरुसँग अन्तरक्रिया गरि अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ। सूचना प्रविधिको महत्व पनि वुझाइनेछ।<br>६ डिजिटल अनुगमनलाई जोड दिइनेछ। |

| | |
|---|---|
| २ अनुगमनलाई कक्षा कोठा र पठनपाठनमा केन्द्रित गर्ने । | १ विषयगत समूह समिति गठन गरी कक्षा अवलोकन गरिनेछ ।<br>२ अनुगमन र मूल्याङ्कनलाई अनुसन्धानमूलक वनाइनेछ ।<br>३ सूचकको आधारमा अनुगमन तथा मूल्याङकनलाई केन्द्रित गरिनेछ ।<br>४ पठनपाठनको स्तरोन्नतीको लागि प्रअहरुको अवलोकन भ्रमण, विषयगत समूहको अवलोकन जस्ता कार्यमा जोड दिइनेछ ।<br>५ विद्यालयहरूका कक्षाकोठामा सि.सि. क्यामेरा राखी प्र.अ. कक्षवाट अनुगमन गर्ने गराइनेछ ।<br>६ गाउँपालिकाले विद्यालयको रेखदेख गर्ने व्यवस्था मिलाइने छ । |
| ३ अनुगमन तथा मूल्याङ्कनको पहिचान सहकार्य र समन्वय | १ सूचना प्रविधिसँग सम्वन्धित सामग्रीहरुको वितरण र शिक्षकलाई सूचना प्रविधि सम्वन्धी सीप विकास व्यवस्था मिलाइनेछ ।<br>२ कोभिड-१९ को कारण प्रभावित भएका वालवालिकाहरुलाई भर्चुअल कक्षा सञ्चालनको वालविकास केन्द्र र वालविकास शिक्षकको क्षमता विकास गरिनेछ ।<br>३ अभिभावकहरुको सहजीकरणको लागि र वालविकास केन्द्रहरुका लागि सामग्रीहरु वितरण गरिनेछ ।<br>४ EMIS, सामाजिक परिक्षण, लेखापरीक्षण आदिमा जोड दिइनेछ ।<br>५ वडा शिक्षा समितिबाट पनि वडाभित्रका विद्यालय अनुगमनमा जोड दिइनेछ । |
| ४ वडा शिक्षा समिति र वडागत विषयगत समितिवाट अनुगमन | १ स्पष्ट योजनाको आधारमा लिडर विद्यालयको प्र.अ. र वि.व्य.स.ले मातहतका विद्यालयहरुको अनुगमन गरेर प्रतिवेदन गाउँपालिकामा पठाउने पध्दतिको विकास गरिनेछ ।<br>२ लिडर विद्यालयको अनुगमन तथा निरीक्षण सूचकमा केन्द्रित भएर अनुगमन गरिनेछ ।<br>३ वडागत विषयगत समिति गठन गरी शिक्षणमा परेको समस्या समाधान वडातहबाटै गरी अनुगमन बढाइनेछ ।<br>४ वडागत विषयगत समिति र वडा शिक्षा समितिलाई सक्रिय बनाई अनुगमन गरिनेछ । |

यो दश वर्षे योजनाको कार्यान्वयनको चरणमा आउन सक्ने समस्याहरु वा वाधाहरु समयमै पहिचान गरी न्यूनिकरण गरी लक्ष्योन्मुख हुन देहाय वमोजिमको व्यवस्था मिलाइने छ ।

**(क) आवधिक समीक्षा**

सियारी गाँउपालिकामा यो दश वर्षिय योजनाको आवधिक समीक्षाको लागि सियारी गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा देहायको एक समिति रहनेछ । यो समितिले सङ्घिय सरकार, प्रदेश सरकार,

विकास साझेदारहरु तथा जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरुलाई आमन्त्रण गरी आवधिक समीक्षा गर्न सक्नेछ। हरेक आर्थिक वर्ष समाप्त भएको दुइ महिना भित्र समीक्षा गरिनेछ।

समिति देहाय बमोजिम गठन हुनेछः

| | | |
|---|---|---|
| १. | सियारी गाउँपालिका अध्यक्ष | संयोजक |
| २. | समाजिक विकास समिति संयोजक | सदस्य |
| ३. | कार्यपालिकाका सदस्यहरु कम्तिमा एक महिला सहित ५ जना | सदस्य |
| ४. | शिक्षकका पेशागत संस्थाका प्रमुख प्रतिनिधि ५ जना | सदस्य |
| ५. | वि. व्यवस्थापन समितिका अध्यक्षहरु ३ र प्रअहरु ३ जना | सदस्य |
| ६. | शिक्षाका शाखा प्रमुख सियारी गाउँपालिका | सदस्य-सचिव |

योजनाका क्रियाकलापहरुमा गरिएको समीक्षावाट प्राप्त सुझाव सल्लाह पृष्ठपोषणलाई कार्यान्वयनमा लगिनेछ। यसवाट प्राप्त सुझावहरुलाई लुम्विनी प्रदेश र सङ्घिय सरकारमा समेत सम्प्रेषण गरिनेछ।

**(ख) मध्यावधिक मूल्याङ्कन**

योजनाको ५ औं वर्षमा योजनाको मध्यावधिक मूल्यांकन गरिनेछ । मध्यावधिक मूल्यांकन गर्दा योजना कार्यान्वयन अवधिमा गरिएका उपलव्धीहरु र कमी कमजोरीहरुलाई वस्तुगत विश्लेषण गरिनेछ । आवश्यकता अनुसार परिमार्जन गरिंदै लगिनेछ।

**(ग) अन्तिम मूल्याङ्कन**

यो योजनाको अन्तिम वर्ष अन्तिम मूल्याङ्कन र आगामी योजनाको पूर्व तयारी गरिनेछ। योजना मूल्याङ्कन गरि अन्तिम प्रतिवेदन प्रकाशन गरिनेछ।

**(घ) सम्भाव्य जोखिमको पहिचान**

यो दश वर्षे शैक्षिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम यस प्रकार रहेको छः-

१. स्रोतको पहिचान सुनिश्चित हुन नसक्नु ।

२. सरोकारवालासँगको सम्वन्ध र समन्वयको कमी ।

३. सूचना प्रविधिको पक्ष कमजोर हुनु ।

४. नीतिगत अभाव।

५. प्राथमिकतामा कम पर्नु

६. राजनैतिक प्रतिवध्दताको कमी ।

**६.३ समन्वय र सहजीकरण**

यो योजना लुम्विनी प्रदेश र सङ्घिय सरकारसँगको समन्वय र सहजीकरणमा कार्यान्वयन गरिनेछ।

## परिच्छेदः सात
## मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक

### ७.१ प्रस्तावित कार्यक्रमका मुख्य मुख्य क्रियाकलाप र नतिजा खाका

आगामी ५ वर्षको लागि ११ अरव २९ करोड ८ लाख ५० हजार रुपैयाँको कार्यक्रम तय गरिएको छ भने १० वर्षको लागि २१ अरव ९८ करोड ३३ लाख ५ हजार रुपैयाँको प्रस्ताव गरिएको छ, जुन यस प्रकार रहेको छः-

### १ मुख्य क्रियाकलापहरु

| | प्रस्तावित कार्यक्रम र नतिजा खाँका | | | | | | | | वजेट रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | मुख्य मुख्य क्रियाकलाप | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०८२।८३ | जम्मा ५ वर्षमा लाग्ने रकम | २०८३।८४ देखि २०८७।८८ सम्म | १० वर्षे योजना अवधिको जम्मा वजेट |
| ३.१ | प्रारम्भिक वालविकास र शिक्षा | २६५० | २५२० | ३१५० | ३२५० | २२४५ | १३८१५ | १३८१५ | २७६३० |
| ३.२ | आधारभूत तह | ५८१७५ | ५७८४५ | ५८१७५ | ५७८४५ | ५८१२५ | २९०१६५ | २८७६६५ | ५७७८३० |
| ३.३ | माध्यमिक शिक्षा | ६४६५० | ८२०५० | ८१३०० | ६५४५० | ६५८५० | ३५९३०० | ३५९३०० | ७१८६०० |
| ३.४ | उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षा योजना लिजा कलेज | ५०० | १०७०० | ७५७०० | ८४४०० | ५५५० | १७६८५० | १७४४०० | ३५१२५० |
| ३.५ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | ४१०० | ३९०० | ३७०० | ३६०० | ३७०० | १९००० | २००० | २१००० |
| ३.६ | पाठ्यक्रम र पाठ्यसामग्री | ३५१८ | ६३१८ | ५९४३ | ६११८ | ५३१८ | २७२१५ | १३५०० | ४०७१५ |
| ३.७ | शिक्षक व्यवस्थापन र विकास | ३०९१ | ४७९५ | ३६९३ | ३६९३ | ३८९३ | १९१६५ | १५१६५ | ३४३३० |
| ३.८ | विद्यालय व्यवस्थापन प्रधानाध्यापक व्यवस्थापन समेत | २३७४५ | २४७४५ | २४१२५ | २४२२५ | २४९२५ | १२१७६५ | ११७९६५ | २३९७३० |
| ३.९ | निरन्तर शिक्षा खुला सिकाई अनौपचारिक शिक्षा जीवनपर्यन्त सिकाइ र शिक्षा | ५४३५ | ८४६० | ८५८५ | ६९३५ | ७४८५ | ३६९०० | ३६९०० | ५३१५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.१० | गुणस्तरीय सार्वजनिक शिक्षा | २१७० | ४८२० | ४३२० | ४६२० | ५३२० | २१२५० | २१२५० | ४२५०० |
| ३.११ | शिक्षामा सूचना प्रविधि | ३१३० | ५३४० | ४६१० | ४६१० | ४६१० | २२३०० | २२३०० | ४४६०० |
| ३.१२ | समावेशी शिक्षाका शैक्षिक कार्यक्रमहरु | २५८० | ४४३० | ३६०५ | २७३० | २९३० | १६२७५ | १६२७५ | ३२५५० |
| ३.१४ | संस्थागत संरचना र क्षमता विकास | १५० | १२५० | ७५० | ६०० | ६५० | ३४०० | ३४०० | ६८०० |
| ३.१५ | कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन | २५० | ३५० | ४०० | ४०० | १०५० | २४५० | ५२०० | ७६५० |
| | **जम्मा वजेट** | १७४१४४ | २१७५२३ | २७८०५६ | २६८४७६ | १९१६५१ | ११२९८५० | १०८९१३५ | २१९८३३५ |

## २ शिक्षा क्षेत्रका उपलब्धि सूचकहरू

| सि.न. | सूचक | एकाई | आधार वर्ष २०७७ | २०७९ | २०८२ | २०८७ | अनुगमन हुने तह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकासमा कूल भर्ना दर | % | ८०.६ | ९० | ९८ | १०० | गाउँपालिका | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | % | ५२.९ | ६० | ७५ | ९० | गाउँपालिका | |
| १.३ | शिक्षक विद्यार्थी अनुपात वालविकास | अनुपात | १:२४ | १:२३ | १:२१ | १:२० | गाउँपालिका | |
| २ | **आधारभूत शिक्षा** | | | | | | गाउँपालिका | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर | % | ९८.७ | ९९ | १०० | १०० | गाउँपालिका | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | % | ११७.२ | ११५ | १०५ | १०० | गाउँपालिका | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर | % | ९७.७ | ९८.८ | ९९ | १०० | गाउँपालिका | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर | % | १३१.१ | १२५ | ११० | १०० | गाउँपालिका | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर | % | ९८.१ | ९८.५ | ९९ | १०० | गाउँपालिका | |
| २.६ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर | % | ८७.६ | ८९ | ९० | ९५ | गाउँपालिका | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.७ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर | % | | | | | गाउँपालिका | |
| २.८ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका | % | ३१.१ | ३० | २७ | २० | गाउँपालिका | |
| २.९ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | % | १.०५ | १ | १ | १.३ | गाउँपालिका | |
| २.१० | आधारभूत तहको कक्षा ८ सम्म टिकाउ दर | % | | | | | गाउँपालिका | |
